# प्रथम वार्षिक प्रतिवेदन

प्रतिवेदन अवधि
आर्थिक वर्ष २०७६/०७७
(२०७६ माघ ९ देखि २०७७ आषाढ मसान्त)




# प्रदेश लोक सेवा आयोग

प्रदेश नं. १, विराटनगर, नेपाल

# प्रथम वार्षिक प्रतिवेदन

## प्रतिवेदन अवधि
## आर्थिक वर्ष २०७६/०७७
## (२०७६ माघ ९ देखि २०७७ आषाढ मसान्त)

# प्रदेश लोक सेवा आयोग

प्रदेश नं. १, विराटनगर, नेपाल

**प्रदेश लोक सेवा आयोग, प्रदेश नं. १, नेपाल**

सम्पर्क
प्रदेश लोक सेवा आयोग

ठेगाना
विराटनगर-३, मोरङ, नेपाल

टेलिफोन
००-९७७-०२१४६१४९१(माननीय अध्यक्षज्यू)
००-९७७-०२१४६१४९५(माननीय सदस्यज्यूहरु)
००-९७७-०२१४६१४९२(कार्यालय)

इमेल
province1psc@gmail.com

वेवसाईट
http://www.psc.p1.gov.np

नेपालको संविधानको धारा २४४ वमोजिम स्थापित प्रदेश लोक सेवा आयोगद्वारा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४९ बमोजिम माननीय प्रदेश प्रमुखज्यू समक्ष प्रस्तुत गरिएको प्रथम वार्षिक प्रतिवेदन ।

यस प्रतिवेदनमा प्रदेश लोक सेवा आयोगका २०७६ माघ ९ देखि २०७७ असार मसान्त सम्मका गतिविधिहरु समावेश गरिएका छन्।

# प्रदेश लोक सेवा आयोग

प्रदेश नं. १, विराटनगर, नेपाल

मितिः २०७७/०५/२५

विषयः आयोगको वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको।

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
प्रदेश नं. १, विराटनगर,नेपाल ।

नेपालको संविधानको धारा २४४ अन्तर्गत स्थापना भएको प्रदेश लोक सेवा आयोगले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को परिच्छेद ७, दफा ४९ बमोजिम आर्थिक वर्ष २०७६/७७ (मिति २०७६/१०/०९ देखि २०७७ आषाढ मसान्तसम्म) मा सम्पादन गरेका काम-कारवाहीहरुको वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको छ।

भवदीय,

..............................

उत्तम कुमार भट्टराई
अध्यक्ष

..................

टीकादत्त राई
सदस्य

........................

सजना दाहाल
सदस्य

............................

सरोज प्रसाद गुरागाई
सचिव

# प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरु



मा. उत्तम कुमार भट्टराई
अध्यक्ष



मा. टीकादत्त राई
सदस्य



मा. सजना दाहाल
सदस्य

# धन्यवाद ज्ञापन...✍

सर्वप्रथम प्रदेश लोक सेवा आयोग स्थापनाको शुरुवाती चरणमा आयोगको संचालनलाई सघाउ पुर्याउन कार्यस्थलको व्यवस्था गरिदिनुहुने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका तत्कालिन प्रमुख सचिव श्री सुरेश अधिकारीज्यूलाई आयोग हार्दिक धन्यवाद ज्ञापन गर्दछ । त्यसै गरी आयोगको कार्यसम्पादनका लागि आवश्यक स्रोत साधन तथा सहयोग उपलब्ध गराएकोमा प्रदेश नं. १ सरकार प्रति आयोग कृतज्ञता व्यक्त गर्दछ।

नेपालको संविधान बमोजिम स्थापना भएको प्रादेशिक संरचना नेपालमा बिल्कुलै नयाँ अभ्यास भएको र त्यसैको परिणाम स्वरुप नेपालको संविधानको धारा २४४ मा भएको व्यवस्था अनुसार प्रदेश लोक सेवा आयोग ऐन २०७६ बमोजिम विक्रम संवत २०७६ साल माघ ०९ गते (तदनुसार २३ जनवरी २०२०) बिहिवारका दिन स्थापित यस आयोगको कार्यालय व्यवस्थापन तथा अन्य क्रियाकलापहरुमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुर्याउनु हुने आदरणीय महानुभावहरुमा आयोग हार्दिक आभार प्रकट गर्दछ।

आयोगको स्थापनाको शुरुका चरणमा यसका क्रियाकलाप संचालनमा सहयोग पुर्याउनु हुने सचिव श्री भरतमणी रिजाललाई आयोग विशेष धन्यवाद दिन चाहन्छ। यस प्रथम वार्षिक प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न आयोगका सचिव, महाशाखा प्रमुख लगायत सम्पूर्ण कर्मचारीहरुलाई आयोग धन्यवाद ज्ञापन गर्दछ।

२०७७ भाद्र २५ गते,

# ऐतिहासिक घटनाक्रम

**२०७२/०६/०३**
नेपालको संविधानको धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था

**२०७६/०५/१७**
प्रदेश लोक सेवा आयोग ऐन, २०७६ जारी भएको

**२०७६/१०/०९**
प्रदेश लोक सेवा आयोगका माननीय अध्यक्ष तथा सदस्यज्यूहरुको नियूक्ति तथा सपथ ग्रहण र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रदेश लोक सेवा आयोगको स्थापना

**२०७६/११/०१**
प्रदेश लोक सेवा आयोग भाडामा लिइएको आफ्नै घरबाट सेवा आरम्भ

**२०७७/०३/२९**
प्रदेश लोक सेवा आयोगको नियमावली २०७७ जारी

# कार्यकारी सारांश

## १. आयोगको गठनः

नेपालको संविधानको धारा २४४ मा भएको व्यवस्था वमोजिम संघीय संसद वाट जारी भएको प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन २०७५ मा भएको प्रावधान अनुरुप प्रदेश लोक सेवा आयोग ऐन २०७६ को दफा ३ वमोजिम प्रदेश लोक सेवा आयोगको गठन भएको हो। अध्यक्ष समेत तीन सदस्यीय आयोग मिति २०७६ माघ ९ गते देखि क्रियाशील रहेको छ।

## २. कार्यालय स्थापनाः

आयोग स्थापनाको शुरुवाती चरणमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका दुई वटा कोठाबाट कार्य प्रारम्भ गरेको आयोग मिति २०७६/११/०१ देखि विराटनगर महानगरपालिका वडा नं ३ पुष्पलाल चोक नजिक नहर छेउ सन्तोष कुमार ढकालको घर भाडामा लिई संचालनमा रहेको छ।

## ३. वित्तीय अवस्थाः

प्रदेश विनियोजन ऐन, २०७६ बमोजिम प्रदेश लोक सेवा आयोगका लागि स्वीकृत भएको बजेटमा आयोग गठन भैसकेपछि आयोगको निर्णय बमोजिम बजेट थप गर्न प्रदेश सरकार समक्ष अनुरोध गरिएकोमा पूँजिगत तर्फ रु. २ करोड ९४ लाख २० हजार, चालु (संस्थागत) तर्फ १ करोड ९५ लाख ३१ हजार र चालु (पदाधकारी) तर्फ रु.३१ लाख ४६ हजार गरी कूल ५ करोड २० लाख ९७ हजार बजेट स्वीकृत भएको।

यसै बिच कोभिड -१९ महामारीको प्रभावले प्रदेश नं. १ सरकारलाई समेत आर्थिक रुपमा प्रभाव पर्ने आंकलन सहित प्रदेश सरकारको अनुरोध बमोजिम कुल रु. ३ करोड ७१ लाख ८९ हजार बजेट (करिब ७१ प्रतिशत) समर्पण गर्नु पर्ने स्थिति सृजना भयो। जसका कारण पूर्वाधार निर्माण गर्ने आयोगको स्थापना काल अनपेक्षित रुपले प्रभावित हुन पुग्यो।

## ४. भौतिक पूर्वाधारः

करिव ४,९०० वर्ग फिट क्षेत्रफल ओगटेको कार्यालय भवनमा आयोगका पदाधिकारीहरुका कार्यकक्ष, विभिन्न शाखा/महाशाखा, बैठक कक्ष लगायत कार्यकक्षहरु सञ्चालन गरिएको भए तापनि शाखा/महाशाखा पार्टिशनको अभावले कार्यसम्पादनमा कठिनाई सृजना भइरहेको छ। यद्यपी केही परिमाणमा फर्निचरहरु, कार्यालय सामानहरु, फर्निसिङ आदि वन्दोवस्त भएको छ। आयोगलाई तत्काल आफ्नो कार्य सम्पादन गर्न कम्तिमा ५ वटा चारपाङ्ग्रे सवारी

साधनहरु चाहिनेमा यस प्रतिवेदन अवधिमा एउटा गाडी खरिद गरिएको, एउटा गाडी प्रदेश योजना आयोगवाट उपलब्ध भएको छ । अर्को गाडी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट (पुरानो) उपलब्ध गराइएको हुँदा जम्मा ३ वटा चार पाङ्ग्रे गाडीहरु आयोगसँग रहेको छ। त्यसैगरी ३ वटा मोटरसाईकल र ३ वटा साईकलहरु समेत प्रतिवेदन अवधिमा खरिद गरिएको छ।

आयोगले आफ्नो वेवसाइट www.psc.p1.gov.np तथा आफ्नो इ-मेल province1psc@gmail.com समेत संचालनमा ल्याएको छ। **(परिच्छेद ३)**

## ५. कानून निर्माणः

प्रदेश लोक सेवा आयोग ऐन २०७६ कार्यान्वयन गर्न आवश्यक पर्ने प्रदेश लोक सेवा आयोग नियमावली, २०७७ आयोगको मिति २०७७/०३/२९ को निर्णयबाट स्वीकृत भई प्रदेश राजपत्रमा मिति २०७७/०३/२९ मा प्रकाशन भईसकेको अवस्था छ । त्यसै गरी प्रदेश लोक सेवा आयोग (कार्य संचालन) निर्देशिका स्वीकृतिको क्रममा रहेको छ । यसरी ऐन, नियम र निर्देशिका कार्यान्वयनमा आएपछी आयोग आफूलाई तोकिएको जिम्मेवारी पुरा गर्न आन्तरिक रुपमा सक्षम हुनेछ। **(परिच्छेद २)**

आयोगको कार्य संचालन गर्न जरुरी हुने प्रदेश निजामती सेवा ऐन तथा स्थानीय ससरकारी सेवा ऐनको अभावका कारण आयोगले पूर्ण रुपमा कार्य गर्न नपाएको अवस्था विद्यमान छ । त्यस्तै आयोगका पदाधिकारीहरुको सेवा शर्त सम्बन्धी कानूनको अभावले प्रशासनिक कार्यमा कठिनाई महसुस भएको छ । **(परिच्छेद २)**

## ६. संगठन संरचनाः

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १२ को उपदफा (३) अनुसार आयोगले प्रदेश भित्र ३ वटा शाखा कार्यालय रहने प्रावधान सहित जम्मा ६१ जना दरवन्दी सहितको संगठन संरचना सिफारिस गरी प्रदेश सरकार समक्ष स्वीकृतिका लागि पेश गरेकोमा जम्मा २३ जनाको दरवन्दी सहितको अस्थायी संगठन संरचना स्वीकृत भएको छ। यो स्वीकृत दरवन्दी अनुसारको जनशक्ति आयोगले सम्पादन गर्नुपर्ने कार्यवोझ र जिम्मेवारीका लागि पर्याप्त देखिदैन। **(परिच्छेद २)**

## ७. कर्मचारीहरुको व्यवस्थापनः

अस्थायी रुपमा स्वीकृत भएको २३ जनाको दरवन्दी मध्ये सचिवको दरवन्दी स्वीकृत गर्न नेपाल सरकारलाई अनुरोध गरिएको व्यहोरा जानकारी हुन आएको छ। वाँकी दरवन्दीमध्ये

केही कर्मचारीहरु सरुवाबाट र केही काजबाट पूर्ति भएको अवस्था छ। हलुका सवारी चालक र कार्यालय सहयोगी कर्मचारीहरु करारमा नियूक्त गरिएको अवस्था छ। **(परिच्छेद ३)**

## ८. विषय विज्ञहरुको सूची (Roster) तयारीः

आयोगले गर्ने मुख्य काम पदपूर्तिका लागि आवश्यक पर्ने विभिन्न विषयका दक्ष वा विज्ञ वा विशेषज्ञहरुको विभिन्न माध्यमवाट संकलन गरिएको नामावलीको सूची तयार भएको र उक्त सूचीलाई क्रमश अद्यावधिक गर्दै लगिने छ। हालसम्म जम्मा ७१ जना विषय विज्ञहरुको नाम आयोगको सूचीमा सूचीकृत गरिएको छ। **(परिच्छेद ४)**

## ९. पदपूर्ति सम्वन्धी क्रियाकलापः

यस प्रतिवेदन अवधिमा आयोगको कार्यक्षेत्रका कुनै पनि निकाय/मन्त्रालय/कार्यालयबाट पदपूर्तिको लागि अनुरोध भई नआएको हुँदा विज्ञापन गर्ने, दरखास्त संकलन गर्ने, परीक्षा संचालन गर्ने, उत्तरपुस्तिकाको कोडिङ तथा डिकोडिङ गर्ने, उत्तरपुस्तिका परीक्षण गर्ने, प्रयोगात्मक परीक्षा संचालन गर्ने, अन्तर्वार्ता लिने र नियूक्तिका लागि सिफारिस गर्ने कुनै पनि कार्यहरु नभएको हुँदा त्यस्तो संख्यात्मक विवरण यो प्रतिवेदनमा उल्लेख गरिएको छैन। **(परिच्छेद २)**

तथापी, कर्मचारी समायोजन ऐन, २०७५ कार्यान्वयन भए पश्चात कर्मचारीको सेवा शर्त सम्बन्धी प्रदेश तथा स्थानीय तहको कानून नवनिसकेको अवस्थालाई दृष्टिगत गरी नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकार मन्त्रीपरिषद्को निर्णय समेतका आधारमा यस प्रदेश अन्तर्गतका १०० (एकसय) स्थानीय तहका लागि जम्मा माग भएको २६२७ संख्या मध्ये लोक सेवा आयोगबाट बढुवा र खुला तथा समावेशी प्रतिष्पर्धाबाट पदपूर्ति गर्ने प्रतिशत निर्धारण भएको । जस अनुसार विभिन्न सेवा समूहका ४, ५, ६, र ९ तहका कर्मचारीहरुको जम्मा १७५९ संख्या पदपूर्ति भैसकेको र ८६८ संख्या बढुवाको लागि छुट्याईएको तर प्रदेश कानूनको अभावमा हालसम्म बढुवा गर्न नसकिएको अवस्था छ । **(परिच्छेद ६)**

उक्त समस्या समाधानका लागि प्रदेश निजामती सेवा ऐन तथा स्थानीय तहका कर्मचारीको सेवा शर्त सम्बन्धी कानून अविलम्ब प्रदेश कानूनका रुपमा जारी हुनु पर्ने आवश्यकता खडकिएको छ ।

## १०. परामर्श:

यस प्रतिवेदन अवधिमा विभिन्न निकायबाट औपचारिक/अनौपचारिक रुपमा विभिन्न विषयमा राय परामर्श माग भई आएको थियो ।स्थानीय तहका कर्मचारीको सेवा शर्त सम्बन्धी कानून निर्माणका विषयमा धरान उप-महानगरपालिकाबाट अनौपचारिक रुपमा परामर्श माग भई आएकोमा स्थानीय सरकारी सेवा ऐनको अभावका कारण परामर्श उपलब्ध गराउन सकिएन। उक्त स्थानीय तहले आयोगको परामर्श बिना कानून जारी गरी कार्यान्वयनमा ल्याएको जानकारी प्राप्त भएको छ।

त्यसै गरी प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय बाट प्रदेश प्रहरी ऐन निर्माणका लागि राय परामर्श माग गरिएकोमा आयोगले ११ बुँदामा परामर्श उपलब्ध गराएकोमा जम्मा ४ वटा विषयका परामर्श मात्र समावेश गरी बाँकी ७ वटा विषय स्वीकार नगरिएको अवस्था छ । तसर्थ मन्त्रालयको उक्त कार्य प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४३ बमोजिम भएको नदेखिएकोले यस्ता विषयहरुलाई प्रक्रियागत बनाउनु जरुरी देखिन्छ। **(परिच्छेद ७)**

केही स्थानीय तहवाट वढुवाका लागि राय परामर्श माग भई आएकोमा नेपालको संविधानको प्रावधान वमोजिम स्थानीय तहका कर्मचारीहरुको सेवाका शर्त स्थानीय सरकारी सेवा सम्बन्धी मापदण्डका रुपमा प्रदेश कानून नभएको हालको अवस्थालाई दृष्टीगत गरी सकारात्मक राय, परामर्श उपलब्ध गराउन सकिएन।जसका कारण ती तहहरुमा कार्यरत कर्मचारीहरुको बढुवा हुन सकेको छैन भन्नेमा आयोग विश्वस्त छ। फलस्वरुप त्यस्ता कर्मचारीहरुको वृत्ति विकासमा असर परिरहेको छ। यसरी स्थानीय तहका कर्मचारीहरुको वृत्ति विकासमा असर परिरहेको समस्यालाई समाधान गर्न प्रदेश कानून अविलम्व निर्माण गर्न आयोग प्रदेश सरकारलाई विशेष अनुरोध गर्न चाहन्छ ।

## ११. पाठ्यक्रम निर्माण:

प्रदेश निजामती सेवा ऐन हालसम्म जारी भई नसकेको विद्यमान स्थितिमा प्रदेश सरकार अन्तर्गत कुन कुन सेवा, समूह रहने यकिन भई नसकेको अवस्था छ । यद्यपी समायोजन ऐन अनुसार समायोजन भई आएका दरवन्दी वमोजिमका सेवा, समूहहरु आयोगले स्वीकृत हुने क्रममा रहेको निर्देशिकामा सूचीकृत गरिसकेको, विज्ञहरुको रोष्टर तयार भइसकेको एवम् उक्त समायोजित पदनाम वमोजिमका केहि पदहरुको पाठ्यक्रम लोक सेवा आयोगले तयार गरिसकेको हुँदा प्रदेश विशेषका विषयवस्तु थपघट गरी चाडै नै पाठ्यक्रम निर्माणको काम शुरु हुने अवस्थामा आयोग रहेको छ।

त्यसै गरी स्थानीय तहमा समायोजन भई आएका सेवा, समूहका पदसँग सम्बन्धित पाठ्यक्रमको निर्माण कार्य शुरु हुने अवस्था रहेको छ । तथापी स्थानीय तहका कर्मचारीको सेवा शर्त सम्बन्धी कानून प्रदेश सरकारले अविलम्व तयार गर्नु जरुरी देखिन्छ ।

## १२. कार्यसम्पादनका आधारः

नेपालको संविधानले निर्दिष्ट गरे वमोजिम गठित यो आयोग संचालन तथा कार्यसम्पादनका प्रमुख आधारहरु प्रदेश लोक सेवा आयोग ऐन, नियमावली तथा निर्देशिकाहरु रहेका छन् । त्यसै गरी  लोक सेवा आयोगले अपनाएको सिद्धान्त, कार्यविधि र मापदण्ड समेत कार्य सम्पादनका आधार भएकाले प्रदेश लोक सेवा आयोगले पदपूर्ति सम्बन्धी गरेका काम कार्यवाहीहरु लोक सेवा आयोगका सिद्धान्त, कार्यविधि र मापदण्ड विपरित भएमा वदर हुने कानूनी प्रावधान रहेको छ। साथै प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा, अन्य सरकारी सेवा, प्रदेश प्रहरी, शिक्षा सेवा एवम् संगठित संस्थाका कर्मचारीको सेवा शर्त सम्बन्धी कानूनहरु समेत कार्य सम्पादनका आधार हुनेछन् ।

प्रदेश लोक सेवा आयोगको संगठन संरचना तथा विभिन्न कार्यविधिहरु आचारसंहिता लगायत कार्य प्रक्रिया व्यवस्थित गर्ने दस्तावेजहरु पनि कार्यसम्पादनका आधार हुनेछन। आयोगबाट आफ्नो कार्य सम्पादनमा योग्यता, निश्पक्षता, स्वच्छता, समान अवसर, द्धिअन्ध, समावेशी तथा गोपनियता लगायतका सिद्धान्तहरु अवलम्वन गरिने छ ।**(परिच्छेद २)**

## १३. विविध क्रियाकलापः

यस प्रतिवेदन अवधिमा उपरोक्त क्रियाकलापका अतिरिक्त देहाय वमोजिमका कार्यहरु सम्पन्न भएका छनः

(क) अन्तर प्रदेश लोक सेवा आयोग कार्यशाला गोष्ठी बागमती प्रदेश लोक सेवा आयोगको आयोजनामा प्रदेश नं.-५, बागमती प्रदेश, प्रदेश नं २ र प्रदेश नं १ का पदाधिकारी तथा उच्च तहका कर्मचारीहरु सम्मिलित दुई दिने कार्यशाला गोष्ठी मिति २०७६/११/१४ र १५ सम्म हेटौडामा सम्पन्न भयो। उक्त अवसरमा २१ बुँदे प्रतिबद्धता (घोषणा) पत्र जारी गरिएको थियो। **(परिच्छेद ३)**

(ख) प्रदेश सभा, सुशासन तथा योजना समितिको आमन्त्रणमा मिति २०७६/१२/०६ का दिन समितिको बैठकमा आयोगको तर्फबाट आयोगको गतिविधि, समस्या तथा आगामी योजनाका विषयमा जानकारी गराईयो ।साथै उक्त बैठकमा मा. सभापति एवं समितिका मा. सदस्यज्यूहरुबाट मार्गदर्शन प्राप्त भयो ।

(ग) विभिन्न मितिमा लोक सेवा आयोगका माननीय अध्यक्षज्यू, सचिवज्यू र कर्मचारीहरुसँग प्रदेश लोक सेवा आयोगका विभिन्न क्रियाकलापहरु संचालन सम्बन्धी जानकारीमुलक छलफल गरिएको छ ।

(घ) प्रदेश लोक सेवा आयोगमा कर्मचारी खटाउँदा आयोगको सहमतीमा मात्र सरुवा गर्ने व्यवस्थाको लागि आयोगको निर्णयानुसार अनुरोध गरिएकोमा,यस विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सहयोग प्राप्त भइरहेको छ।

(ङ) आन्तरिक प्रशिक्षणः आयोगमा कार्यरत उप-सचिव श्री तीर्थ प्रसाद धितालबाट निजले लोक सेवा आयोगमा विगतमा कार्य गर्दाका अनुभवहरु सहित आयोगको कार्य प्रक्रियाका बारे आयोगका कर्मचारीहरुलाई अनौपचारिक रुपमा प्रशिक्षण दिनु भएको छ।

१४. <u>ध्यानाकर्षण र सुझावः</u>

यस प्रतिवेदन अवधिमा प्रदेश सरकारका मन्त्रालयहरु तथा स्थानीय तहहरुबाट आयोगले उपलब्ध गराएका केही राय परामर्शहरु अवलम्बन नगरिएको बारे आयोगको ध्यानाकर्षण भएको छ ।

साथै संगठन संरचना, पूर्वाधार विकास, आवश्यक कानून निर्माण, शान्ति सुरक्षाको विषय तथा आयोगको कार्य संचालनका लागि पूर्णकालिन रुपमा काम गर्ने सचिव लगायतको विषयमा समेत आयोगको ध्यानाकर्षण भएको छ ।

अतः उपरोक्त उल्लेखित ध्यानाकर्षणका विषयहरुको समाधानका लागि सम्बन्धित निकायहरुबाट सहयोग हुनु पर्ने विषयहरु सहित सुझावहरु प्रस्तुत गरिएको छ । जसको विस्तृत विविरण परिच्छेद १० मा उल्लेख गरिएको छ ।

# विषय-सूची


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| (क) | धन्यवाद ज्ञापन | i |
| (ख) | ऐतिहासिक घटनाक्रम | ii |
| (ग) | कार्यकारी सारांश | iii |
| | **परिच्छेद १** | |
| | **आयोगको परिचय** | |
| १.१ | पृष्ठभूमी | १ |
| १.२ | आयोगको गठन | २ |
| १.३ | काम, कर्तव्य र अधिकार | २ |
| १.४ | प्रतिवेदन | ३ |
| | **परिच्छेद २** | |
| | **आयोगको कार्यसम्पादनका आधारहरु** | |
| २.१ | संस्थागत प्रबन्ध | ४ |
| २.२ | संगठनात्मक संरचना र कार्यक्षेत्र | ५ |
| २.३ | कार्यसम्पादनका सिद्धान्तहरु | ६ |
| २.४ | कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाह | ८ |
| २.५ | कार्यविभाजन र अधिकार प्रत्यायोजन | १२ |
| | **परिच्छेद ३** | |
| | **प्रशासनिक, वित्तीय स्थिति तथा भौतिक प्रगति** | |
| ३.१ | बैठक तथा निर्णय | १३ |
| ३.२ | आयोगको दरवन्दी र पदपूर्ति | १३ |
| ३.३ | बैठक, गोष्ठी, क्षमता विकास | १५ |
| ३.४ | बजेट, निकासा र खर्च | १५ |
| ३.५ | भौतिक पूर्वाधार निर्माण | १६ |

| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| | **परिच्छेद ४** | |
| | **परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम** | |
| ४.१ | परीक्षण प्रविधि | १७ |
| ४.२ | शैक्षिक योग्यता र पाठ्यक्रम | १७ |
| | **परिच्छेद ५** | |
| | **विज्ञापन र दरखास्त** | |
| ५.१ | प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको दरवन्दी र पदपूर्तिको अवस्था | १९ |
| ५.२ | पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका | १९ |
| ५.३ | प्रतिशत निर्धारण | १९ |
| ५.४ | विज्ञापन | २० |
| | **परिच्छेद ६** | |
| | **स्थानीय तहको पदपूर्ति** | |
| ६.१ | स्थानीय तहमा भएका पदपूर्ति | २१ |
| | **परिच्छेद ७** | |
| | **परामर्श** | |
| ७.१ | कर्मचारी सेवा सम्बन्धी कानूनका विषयमा परामर्श | २३ |
| ७.२ | प्रदेश प्रहरीका सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयकका सम्बन्धमा परामर्श | २४ |
| | **परिच्छेद ८** | |
| | **संस्थागत सुधार तथा प्रविधिको प्रयोग** | |
| ८.१ | संरचनागत सुधार | २७ |
| ८.२ | प्रविधिको प्रयोग | २७ |
| ८.३ | सूचना प्रवाह | २७ |
| | **परिच्छेद ९** | |
| | **निर्णय तथा कार्यान्वयनको अवस्था** | |
| ९.१ | आयोगको मुख्य मुख्य निर्णय तथा कार्यान्वयनको अवस्था | २९ |
| | **परिच्छेद १०** | |
| | **ध्यानाकर्षण र सूझाव** | |
| १०.१ | ध्यानाकर्षण भएका विषयहरु | ३३ |
| १०.२ | सुझावहरु | ३८ |

## चित्रहरु


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| चित्र १ | पदपूर्ति सम्बन्धी कार्यप्रवाह | ९ |


## अनुसूचीहरु


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| अनुसूची १ | प्रदेश लोक सेवा आयोगको सम्बन्धमा भएका व्यवस्थाहरु | ४२ |
| अनुसूची २ | आयोगको मिति २०७६ फागुन २० को निर्णय अनुसारको प्रस्तावित संगठन संरचना | ४५ |
| अनुसूची ३ | अस्थायी संगठन संरचना | ४७ |
| अनुसूची ४ | अन्तर-प्रदेश लोक सेवा आयोग प्रथम कार्यशाला गोष्ठीको प्रतिबद्धता (घोषणा) पत्र | ४९ |
| अनुसूची ५ | आयोगको आ.व. ०७६/०७७ को विनियोजित बजेट र खर्चको विवरण | ५२ |
| अनुसूची ६ | प्रदेश नं. १ अन्तर्गत स्थानीय तहमा समायोजन पश्चात सेवा समूह अनुसार पदपूर्ति (खुला तथा समावेशी) भएका एवं बढुवा हुन बाँकी पदसंख्या विवरण | ५४ |
| अनुसूची ७ | प्रदेश लोक सेवा आयोग नियमावली, २०७७ | ५५ |
| अनुसूची ८ | विभिन्न क्रियाकलाप झल्कने फोटोहरु | ९३ |


## तालिकाहरु


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| तालिका १ | पदाधिकारीहरुको कार्यविभाजन | १२ |
| तालिका २ | आयोगको निर्णयहरुको विषयगत वर्गीकरण | १३ |
| तालिका ३ | आयोगमा रहेको दरबन्दी तथा पदपूर्तिको विवरण | १४ |
| तालिका ४ | आयोगको कूल बजेट विनियोजन र खर्चको संक्षिप्त विवरण | १६ |
| तालिका ५ | स्थानीय तहमा पदपूर्ति भएका र बढुवा गर्न छुट्याईएको पदको विवरण | २१ |
| तालिका ६ | कर्मचारी सेवा सम्बन्धी कानूनका विषयमा परामर्श | २३ |
| तालिका ७ | प्रदेश प्रहरीका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा परामर्श | २५ |
| तालिका ८ | निर्णय तथा कार्यान्वयनको अवस्था | २९ |

## परिच्छेद १

# आयोगको परिचय

### १.१. पृष्ठभूमीः

वि.स. २०७६ माघ ०९ गते देखि विधिवत रुपमा प्रदेश नं. १ मा स्थापना भएको प्रदेश लोक सेवा आयोग आफ्नो अधिकार क्षेत्रका क्रियाकलाप सम्पादनमा पूर्ण समर्पित रहि परिपक्वता र उत्कृष्टता हासिल गर्दै प्रणालीमा आधारित संस्थाको रुपमा स्थापित हुँदै गइरहेको छ।

नेपालमा २००४ सालमा जारी भएको "नेपाल सरकारको वैधानिक कानून" बाट सरकारी सेवामा योग्य, सक्षम र प्रतिष्पर्धि व्यक्तिहरुको भर्ना सुनिश्चित गर्ने उद्देश्यले दरखास्त परिषद्को नामबाट लोक सेवा आयोगको परिकल्पना गरिएको थियो। तर उक्त वैधानिक कानून लागू हुन नसकेको कारण परिषद्को औपचारिक स्थापना पनि हुन सकेन।

नेपालको अन्तरिम शासन विधान २००७ जारी भए पश्चात विधानको धारा ६४ मा पब्लिक सर्भिस कमिशनको व्यवस्था गरिए अनुसार वि.स. २००८ आषाढ १ मा पब्लिक सर्भिस कमिसनका नामले लोक सेवा आयोगको औपचारिक स्थापना भइ कार्य सम्पादन गर्ने मार्ग खुलेको देखिन्छ। नेपाल अधिराज्यको संविधान २०१५ को धारा ५९ मा लोक सेवा आयोगको व्यवस्था गरी धारा ६० मा "सरकारको सबै सेवा वा पदमा भर्नाको निमित्त जाँच गर्ने" कर्तव्य तोकि लोक सेवा आयोगकै नामले नेपालमा निजामती सेवा तथा पदमा भर्ना गर्ने तरिका, नियुक्ति, सरुवा र बढुवा गर्दा उम्मेदवारहरुको विषयमा बिचार गर्ने सिद्धान्तका विषयमा तथा निजामतीको अनुशासन लगायतका विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था गरिएको थियो।

नेपालमा लोक सेवा आयोगको औपचारीक रुपमा स्थापना भएको ६८ बर्ष पछि वि.सं. २०७२ सालमा जारी भएको नेपालको संविधान बमोजिम मुलुक संघीयतामा गए सँगै संविधानको धारा २४४ बमोजिम प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोगको स्थापना गर्ने संवैधानिक व्यवस्था रहेको छ ।

प्रदेश नं. १ का प्रदेश निजमाती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा, प्रदेश प्रहरी, प्रदेश शिक्षा सेवा र स्थानीय सरकारी सेवामा उपयुक्त कर्मचारीको छनौट गर्न परीक्षा सञ्चालन गरी सिफारिस गर्न, कानूनले तोके बमोजिमका विषयहरुमा परामर्श उपलब्ध गराउने जिम्मेवारी सहित मिति २०७६ माघ ९ गते प्रदेश लोक सेवा आयोगको स्थापना भएको छ।

## १.२. आयोगको गठनः

नेपालको संविधानको धारा २४४ बमोजिम प्रदेश नं १ को प्रदेश संसदबाट जारी भएको प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ३ को उपदफा (१) मा प्रदेश लोक सेवा आयोगमा अध्यक्ष सहित बढीमा तीन जना सदस्य रहने प्रावधान छ। प्रदेश प्रमुखले मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश सभाको सभामुख र प्रदेश सभाका विपक्षी दलको नेता रहेको समितिको सिफारिसमा प्रदेश लोक सेवा आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने र यसरी नियुक्ति गर्दा आयोगका सदस्यहरुमध्ये कम्तिमा एक जना सदस्य बीस वर्ष वा सोभन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेको व्यक्तिहरु मध्येबाट र बाँकी सदस्यहरु विज्ञान, प्रविधि, कला, साहित्य, कानून, व्यवस्थापन, जनप्रशासन, समाजशास्त्र, राजनीतिशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा सोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरी ख्याती प्राप्त गरेका व्यक्तिहरु मध्येबाट नियुक्त हुने व्यवस्था छ।

## १.३. काम, कर्तव्य र अधिकार

१.३.१. प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको पदमा नियुक्तिको लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुनेछ।

१.३.२. प्रदेश लोक सेवा आयोगले विभिन्न सेवाको लागि उपयुक्त उम्मेदवार छनौटका लागि सञ्चालन गरिने परीक्षाको किसिम, पाठ्यक्रम तर्जुमा, परीक्षण विधि निर्धारण, विज्ञहरुको छनौट, प्रश्नपत्र निर्माण तथा परिमार्जन, परीक्षा सञ्चालन, उत्तर पुस्तिकामा सङ्केत नम्बरको प्रयोग, उत्तरपुस्तिका परीक्षण, अन्तर्वार्ता सञ्चलन, नतिजा प्रकाशन र सिफारिस लगायतका काम कारवाही सम्बन्धमा लोक सेवा आयोगले अपनाएको सिद्धान्त, कार्यविधि तथा मापदण्डका आधारमा कार्य गर्नेछ।

१.३.३. प्रदेश प्रहरी सेवा, शिक्षक सेवा लगायत प्रदेश अन्य सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिको लागि लिइने लिखित परीक्षा प्रदेश लोक सेवा आयोगले सञ्चालन गर्नेछ।

१.३.४. प्रदेश प्रहरी सेवा, प्रदेश शिक्षक सेवा र प्रदेश अन्य सरकारी सेवाकापदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको बिषयमा  प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ।

१.३.५. कुनै संगठित संस्थाका सेवाका कर्मचारीहरुको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाका पदमा बढुवा वा विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा प्रदेश लोकसेवा आयोगको परामर्श लिनु पर्नेछ।

१.३.६. प्रदेश सरकारबाट निवृत्तिभरण पाउने पदमा प्रदेश लोक सेवा आयोगको परामर्श विना स्थायी नियुक्ति गरिने छैन।

१.३.७. प्रदेश लोक सेवा आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष वा कुनै सदस्य वा प्रदेश सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालना गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

## १.४. प्रतिवेदन

प्रदेश लोक सेवा आयोग ऐनको दफा ४९ को उपदफा (१) बमोजिम आयोगले आफूले गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिना भित्र माननीय प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्ने व्यवस्था रहेको छ।मिति २०७६ माघ ९ मा आयोग स्थापना भए पश्चात आयोगले प्रथम प्रतिवेदन पेश गर्दैछ।

आयोगको स्थापनाको शुरुवातमै कोभिड-१९ को विश्वव्यापी प्रकोपले नेपाललाई पनि प्रभावित पारेको हुँदा प्रदेश स्तरीय क्रियाकलापहरु समेत प्रभावित भएकोले स्वभाविक रुपले प्रदेश लोक सेवा आयोगका कार्यहरु समेत प्रभावित भए । कोभिड- १९ को प्रभावले प्रदेश सरकारलाई आर्थिक एवम् वित्तीय रुपमा पनि प्रभाव पार्दा प्रदेश सरकारको आर्थिक श्रोतवाट संचालित यस आयोगले आ.व. २०७६/७७ को लागि स्वीकृत भई आएको बजेटको करिव ७१ प्रतिशत हिस्सा सरकारको निर्देशन वमोजिम समर्पण गर्नु पऱ्यो।

अतः प्रदेश लोक सेवा आयोगबाट तयार भएको यो प्रथम वार्षिक प्रतिवेदनमा सोहि सिमितता भित्र रहेर गरिएका कृयाकलापलाई समेट्ने प्रयास गरिएको छ ।

# परिच्छेद २

# आयोगको कार्यसम्पादनका आधारहरु

## २.१ संस्थागत प्रबन्धः

प्रदेश लोक सेवा आयोगका सम्बन्धमा हालसम्म भएका व्यवस्थाहरु अनुसूची-१ मा दिइएको छ। उक्त व्यवस्थाको सार संक्षेप देहाय वमोजिम उल्लेख गरिएको छः

### २.१.१. संविधानः

नेपालको संविधानको भाग २३, धारा २४४ को उपधारा (१) मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था रहेको छ। सोही धाराको उपधारा (२) बमोजिम प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुने व्यवस्था गरेको छ।साथै उपधारा (३) मा उपधारा (२) को प्रयोजनको लागि संघीय संसदले कानून बनाई आधार र मापदण्ड निर्धारण गर्नेछ भन्ने व्यवस्था रहेको छ।

### २.१.२. कानूनहरुः

संविधानको धारा २४४ (२) ले आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुने व्यवस्था गरेको छ। सो अनुसार प्रदेश १ को प्रदेश सभाबाट पारित भई मिति २०७६ भाद्र १७ गतेबाट जारी भएको प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई आफ्नो कार्यसम्पादनको कानूनी आधारका रुपमा लिँदै आफ्ना कामकारवाहीहरु सुचारु गरिरहेको छ।आयोगले आफ्नो कार्यसम्पादनको सिलसिलामा हाल प्रयोग गर्दै आएका मुख्य मुख्य कानून एवं कार्यविधिहरुको सूची देहाय अनुसार छः

- प्रदेश लोकसेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५
- प्रदेश लोक सेवा आयोग ऐन, २०७६, तथा नियमावली, २०७७
- निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५०
- कर्मचारी समायोजन ऐन, २०७५
- प्रदेश प्रहरी ऐन, २०७७
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरु
- लोक सेवा आयोगले अपनाएको सिद्धान्त, कार्यविधि र मापदण्ड
- संघीय सरकार तथा लोक सेवा आयोगबाट प्राप्त निर्देशन तथा परिपत्रहरु

- ➢ प्रदेश लोक सेवा आयोगबाट जारी भएका विभिन्न कार्यविधि तथा प्रदेश लोक सेवा आयोगका समय-समयका निर्णयहरु,
- ➢ प्रदेश लोक सेवा आयोगबाट प्रतिपादित विभिन्न सिद्धान्तहरु
- ➢ प्रदेश लोक सेवा आयोगको कार्यसम्पादनसँग सम्बन्धित ऐन, नियम र निर्देशिकाहरु।

उपरोक्त कानूनी आधार भएता पनि देहायबमोजिमका कानूनहरु निर्माण भई नसकेको स्थितिले आयोगको कार्यसम्पादनमा उल्लेख्य असर परिरहेको छः

(क) प्रदेश निजामती सेवा ऐन,

(ख) स्थानीय तहका कर्मचारीको सेवा शर्त सम्बन्धी ऐन,

(ग) पदाधिकारीहरुको सेवा शर्त सम्बन्धी ऐन ।

## २.२ संगठनात्मक संरचना र कार्यक्षेत्रः

संघीय निजामती सेवाको राजपत्राङ्कित प्रथम श्रेणीका कार्यालय प्रमुख रहने आयोगको कार्यालयले आफ्नो कार्य प्रकृति अनुसार विभिन्न महाशाखा र शाखामा विभाजन गरेको छ। आयोगको कार्यक्षेत्र प्रदेश सरकारका मन्त्रालयहरु, प्रदेश भित्रका सम्पूर्ण कार्यालयहरु तथा १३७ वटा स्थानीय तहको पदपूर्ति सम्बन्धी कार्य गर्नुपर्ने तथा प्रदेशको भौगोलिक विकटता र यातायात सुविधालाई मध्यनजर गरी शाखा कार्यालयहरु स्थापना गर्ने प्रस्ताव रहे पनि हालसम्म आयोग सम्बन्धी सम्पूर्ण कार्य आयोगको बिराटनगर कार्यालयबाट नै भईरहेको छ।

प्रदेश लोक सेवा आयोग ऐन २०७६ को परिच्छेद २ को दफा १२ को उपदफा (३) वमोजिम संघीयताको मर्मलाई दृष्टिगत गरी आयोगको मिति २०७६/११/२० को बैठकको निर्णय नं १ (एक) वमोजिम आयोगको प्रस्तावित संगठन संरचना तथा आवश्यक पर्ने कर्मचारी पद तथा संख्या उल्लेख गरी प्रदेश सरकारलाई परामर्श दिइएको छ। यसरी संगठन संरचना तयार गर्दा हाल लोक सेवा आयोगका यस प्रदेशका भौगोलिक क्षेत्र अन्तर्गतका कार्यालयहरु रहेका स्थानमा प्रदेश लोक सेवा आयोगका शाखाहरु रहने गरी प्रस्ताव गरिएको छ । जम्मा ६१ जना दरवन्दी, एक प्रदेश स्तरिय तथा ३ शाखा गरी कूल ४ वटा कार्यालयहरुबाट सेवा दिने उद्देश्य सहित संगठन संरचना सिफारिस गरिएको छ । उक्त संगठन संरचना र सो को दरवन्दी तेरिज अनुसूची-२ मा उल्लेख गरिइएको छ । आयोगबाट प्रेषित उपरोक्त वमोजिमको संगठन संरचना उपर छलफल गरी प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०७६/१२/१० गतेको निर्णयबाट अस्थायी संगठन संरचना स्वीकृत

भएको छ। जस अनुसार यस आयोगमा कूल कर्मचारीको दरवन्दी २३ कायम हुन आएको छ। स्वीकृत अस्थायी संगठन संरचना र अस्थायी दरवन्दी तेरिज अनुसूची-३ मा उल्लेख गरिएको छ।

## २.३ कार्यसम्पादनका सिद्धान्तहरु:

लोक सेवा आयोगले आफ्नो निर्णय, कामकारवाही र आचरणमा योग्यता, निश्पक्षता र स्वच्छता मूलभूत मुल्यहरु प्रतिविम्बित गर्दै विद्यमान ऐन, कानूनको परिधि भित्र रही कार्य सम्पादन गर्दछ। लोक सेवा आयोगले अबलम्बन गरेका र प्रदेश लोक सेवा आयोगले समेत आत्मसात गरेका सिद्धान्तहरु निम्न बमोजिम रहेका छन्।

### २.३.१ योग्यताको सिद्धान्त(Principle of Merit):

आयोगबाट सञ्चालन हुने परीक्षाहरुमा अब्बल ठहर्ने उम्मेदवारलाई मात्र नियुक्तिको लागि सिफारिस गरिन्छ। सम्बन्धित पदको कार्यसम्पादन गर्न आवश्यक पर्ने ज्ञान, सीप, मनोभाव आदिको परीक्षण गर्ने गरी पाठ्यक्रम निर्माण हुने र सोही पाठ्यक्रम बमोजिम परीक्षा सञ्चालन हुने हुँदा नियुक्तिका लागि सिफारिस हुने उम्मेदवार सो पदको कार्यसम्पादनका लागि क्षमतावान हुने विश्वास गरिन्छ।

### २.३.२ निष्पक्षताको सिद्धान्त (Principle of Impartiality):

आयोगका निर्णयहरु पूर्वाग्रह रहित हुन्छन्। आयोगका निर्णय र परीक्षा सम्बन्धी कामकारवाहीबाट कोही कसैलाई अन्याय नहुनेमा पूर्ण सजगता अपनाइन्छ भने कुनैपनि ढंगले कसैलाई पनि पक्षपात गरिदैंन।

### २.३.३ स्वच्छताको सिद्धान्त (Principle of Fairness):

आयोगका सम्पूर्ण काम कारवाहीहरुमा इमान्दारिता, जिम्मेवारीपन, विश्वसनीयता र उत्तरदायित्व सुनिश्चित गरिन्छ। आयोगले लिने निर्णयहरु र मातहतका कार्यालयहरुबाट सञ्चालन हुने क्रियाकलापलाई स्वच्छ र वस्तुपरक बनाउन आवश्यक संस्थागत, संरचना एवं कार्यविधिगत प्रबन्ध गरिन्छ।

### २.३.४ समान अवसरको सिद्धान्त (Principle of Equal Opportunity):

आयोगबाट हुने विज्ञापनमा सम्बन्धित पदका लागि योग्यता पुग्ने नेपाली नागरिकको पहुँच सुनिश्चित गर्न आवश्यक प्रबन्ध मिलाईन्छ। सम्बन्धित विज्ञापनका लागि तोकिएको योग्यता पुग्ने सबैलाई दरखास्त पेश गर्न समान अवसर प्रदान गरिन्छ।

### २.३.५ समावेशीताको सिद्धान्त (Principle of Inclusiveness):

पदपूर्तिका लागि आयोगमा प्राप्त माग पदहरु राज्यको समावेशीकरण नीति बमोजिम प्रतिशत निर्धारण गरी सम्बन्धित समूहका उम्मेदवार बीच मात्र प्रतिष्पर्धा हुने गरी पदपूर्ति गरिन्छ। प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ३७ बमोजिम अन्तर्वार्ता समिति गठन गर्दा समावेशी सहभागिता सुनिश्चित गर्ने प्रावधान रहेको छ।

### २.३.६ द्विअन्ध सिद्धान्त (Principle of Double Blind):

पदपूर्ति प्रक्रियाको कुनै एक गोप्य चरणमा संलग्न हुने पदाधिकारी, विज्ञ वा कर्मचारीलाई सो प्रक्रियाको अन्य चरणमा संलग्न गराईदैन र जानकारी समेत दिइँदैन। उत्तरपुस्तिका परीक्षण गर्ने परीक्षकले कुन परीक्षार्थीको उत्तरपूस्तिका परीक्षण गरेको हो, थाहा नपाउने विधि अवलम्बन गरिन्छ । प्राप्ताङ्क तालिकीकरण गर्ने परीक्षकले कुन परीक्षार्थीको उत्तरपुस्तिका परीक्षण गरेको हो, पत्तै पाउँदैनन्। प्राप्ताङ्क तालिकीकरण गर्ने कर्मचारी कुन प्राप्ताङ्क कसको हो भन्ने बारेमा पूर्णतः अनभिज्ञ रहन्छ। अन्तर्वार्ता समितिका सदस्यहरु अन्तर्वार्ता दिंदै गरेको उम्मेदवारको लिखित परीक्षाको प्राप्ताङ्कका बारेमा पूर्णतः अनविज्ञ हुन्छन। त्यस्तै आयोगका हरेक महाशाखाहरुलाई विशिष्टिकृत जिम्मेवारी प्रदान गरिएको हुन्छ। कुनै एक महाशाखा/शाखाको कार्यसम्पादन अर्को महाशाखा/शाखाको प्रत्यक्ष पहूँच र संलग्नता रहँदैन।

### २.३.७ परिचय शून्यताको सिद्धान्त(Principle of Identity Masking):

उत्तरपुस्तिका परीक्षण गर्नु अघि दोहोरो संकेतिकरण(Double Coding) प्रक्रिया मार्फत उक्त उत्तरपुस्तिकाबाट दरखास्त दिने उम्मेदवारको परिचय अलग गरिन्छ। यसबाट उत्तरपुस्तिकाको निष्पक्ष र निर्वैयक्तिक परीक्षण सुनिश्चित हुन्छ। त्यस्तै उत्तरपुस्तिका परीक्षण पश्चात वैयक्तिक पहिचान विहीन रुपमा प्राप्ताङ्कको तलिका तयार पारिन्छ। अन्तर्वार्ता लगायत छनौट प्रक्रियाका सम्पूर्ण परीक्षाका अंकहरु एकीकृत गरेपश्चात् मात्र छनौट हुने उम्मेदवारको वैयक्तिक पहिचान विसंकेतिकरण (Decoding) प्रक्रिया मार्फत पत्ता लगाइन्छ।

### २.३.८ असंलग्नताको सिद्धान्त (Principle of Non- Involvement):

आयोगबाट सञ्चालित कुनै पनि परीक्षामा आयोगको पदाधिकारी, कर्मचारी वा विज्ञका नातेदार संलग्न भएको अवस्थामा त्यस्ता पदाधिकारी, कर्मचारी वा विज्ञलाई उक्त परीक्षाको नतिजा प्रकाशन सम्मको सम्पूर्ण प्रक्रियाबाट अलग राखिन्छ।

### २.३.९ गोपनीयताको सिद्धान्त(Principle of Confidentiality):

परीक्षा प्रणालीलाई पूर्णतः विश्वसनीय बनाउने प्रयोजनको लागि पदपूर्ति प्रक्रियाका विभिन्न चरणहरुमा आयोगको गोपनीयता कायम रहन्छ। आयोगबाट लिइने विभिन्न परीक्षाका प्रश्नहरुको परिमार्जन र छनौटको कार्य पूर्ण गोप्य रहन्छ। परीक्षार्थीको लिखित परीक्षाको प्राप्ताङ्क अन्तिम नतिजा प्रकाशन हुने बेलासम्म गोप्य रहन्छ। आयोगको अनलाईन डाटावेशमा रहेका व्यक्तिगत सूचनाहरु गोप्य रहेको सुनिश्चित गरिन्छ।यसरी पदपूर्ति प्रक्रियाका अधिकांश चरणहरुमा पूर्ण गोपनियताका साथै गुणस्तरीयता सुनिश्चित गरिन्छ।

## २.४ कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाहः


प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा, प्रदेश अन्य सरकारी सेवाको पदमा उपयुक्त उम्मेदवार सिफारिस गर्न तथा प्रदेश प्रहरी र संगठित संस्थाका विभिन्न पदहरुमा उपयुक्त उम्मेदवार छनौट गर्नको लागि लिखित परीक्षा सञ्चालन गर्न आयोगले अबलम्बन गर्ने कार्यप्रक्रिया तल प्रस्तुत गरिएको छ। उक्त कार्यप्रक्रियालाई कार्यप्रवाहको रुपमा चित्र नं. १ मा प्रस्तुत गरिएको छ।

### २.४.१. वार्षिक कार्यतालिका:

आयोगले हरेक आर्थिक वर्षमा वार्षिक कार्यतालिका सार्वजनिक गर्दछ। प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका लागि र प्रदेश प्रहरी तथा संगठित संस्थाका लागि दुई बेग्लाबेग्लै कार्यतालिका तयार गरी लागू गरिने छ। प्रतिवेदनको अवधिमा आयोग गठन मिति, वन्दावन्दी लगायतका कारणले थोरै कार्यदिन मात्र काम गर्न सकिएको एवम् प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका स्वीकृत हुन नसकेको समेत कारणले वार्षिक कार्यतालिका तयार गर्न नसकिएको अवस्था छ।

## चित्र १

पदपूर्ति सम्बन्धी कार्यप्रवाह



### २.४.२. विज्ञापन प्रकाशन:

प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा र अन्य सरकारी सेवाको हकमा कार्यतालिकामा निर्धारित समयमा सम्बन्धित मन्त्रालय, विभाग र कार्यालयले रिक्त दरबन्दी अनुसारको पद, सेवा, समूह, उपसमूह र तह समेत खुल्ने गरी माग आकृति फाराम भरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत आयोगमा पठाउनु पर्दछ। सो मागका आधारमा प्रतिशत निर्धारण गरी बढुवा, आन्तरिक प्रतियोगिता, खुला तथा समावेशी समूहहरुमा पदसंख्या छुट्याई लिखित परीक्षा हुने मिति र समय निर्धारण गरी आयोगले विज्ञापन/सूचना प्रकाशन गरी दरखास्त आव्हान गर्दछ। यस्तो सूचना/विज्ञापन राष्ट्रियस्तरको दैनिक पत्रिका तथा आयोगको बेवसाइटबाट समेत प्रकाशन गरिन्छ।

प्रदेश प्रहरी सेवा र संगठित संस्थाको हकमा कार्यतालिकामा निर्धारित समयमा पदपूर्तिको विज्ञापन गर्नका लागि सम्बन्धित संस्थाले आयोगमा सहमतिका लागि माग गर्दछन्। आयोगको सहमती प्राप्त भैसकेपछि सम्बन्धित संस्थाले नै पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्दछन्।

यस प्रतिवेदन अवधिमा सम्बन्धित निकायबाट पदपूर्तिका लागि कुनै पनि माग प्राप्त नभएको हुँदा विज्ञापन गर्नु पर्ने अवस्था श्रृजना भएको देखिदैन ।

### २.४.३. दरखास्त संकलन:

विज्ञापन प्रकाशन भएपछि सूचनामा दिइएको म्यादभित्र प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा र अन्य सरकारी सेवा तर्फका खुला तथा आन्तरिक प्रतियोगिताका विज्ञापनमा दरखास्त फारम भरि वा अनलाईन मार्फत दरखास्त संकलन गरिन्छ भने बढुवा तर्फका दरखास्त फाराम आयोगको कार्यालयमा नै बुझाउनु पर्दछ। प्रदेश प्रहरी सेवा तथा संगठित संस्थाका विज्ञापनका हकमा भने सम्बन्धित संस्थाले नै दरखास्त संकलन गर्दछन्। आयोग गठन मिति, वन्दावन्दी लगायतका कारणले थोरै कार्यदिन मात्र काम गर्न सकिएको हुँदा यस अवधिमा कुनै पनि विज्ञापन नभएको हुँदा दरखास्त संकलन भएन ।

### २.४.४. लिखित परीक्षा:

विज्ञापन प्रकाशन भएसँगै विज्ञापित पदहरुको परीक्षा सञ्चालनको लागि दक्ष वा विज्ञ वा विशेषज्ञहरुको सेवा लिई प्रश्नपत्र तयार गरीन्छ। निजामती सेवा र

सुरक्षा निकाय तथा संगठित संस्थाका विज्ञापित पदका लागि तोकिएको मितिमा आयोगले लिखित परीक्षा सञ्चालन गर्दछ।

प्रतिवेदन अवधिमा विज्ञापननै गर्नु नपरेको हुँदा कुनै लिखित परीक्षाहरु संचालन गरिएनन् ।

**२.४.५. उत्तरपुस्तिका सङ्केतीकरण र परीक्षण:**

लिखित परीक्षा सञ्चालन भएपछि सम्बन्धित उम्मेदवारहरुको उत्तरपुस्तिकामा अलग अलग जनशक्तिले दुई अलग चरणमा प्रथम र द्धितीय सङ्केत नम्बर राखी सङ्केतिकरण गरिन्छ र उम्मेदवारको व्यक्तिगत विवरण उत्तरपुस्तिकाबाट अलग गरी शिलबन्दी रुपमा अलग अलग स्थानमा राखिन्छ।

लिखित परीक्षानै संचालन नभएको हुँदा उत्तरपूस्तिका संकेतिकरण एवम् परीक्षणको कार्य नभएको ।

**२.४.६. लिखित परीक्षा नतिजा, अन्तर्वार्ता र सिफारिस:**

विज्ञहरुबाट उत्तरपुस्तिका परीक्षण गराई उम्मेदवारले प्राप्त गरेको प्राप्ताङ्क तथा माग पदसंख्याको तुलनामा आयोगको कार्यसञ्चालन निर्देशिकामा उल्लेखित व्यवस्थाका आधारमा माग पदभन्दा निश्चित थप संख्यामा सम्बन्धित विज्ञापनमा अधिकतम अंक प्राप्त गर्ने उम्मेदवारहरुको मात्र नाम डिकोड गरी लिखित परीक्षाको नतिजा नामको वर्णानुक्रमका आधारमा प्रकाशन गरी अन्तर्वार्ता तथा अन्य परीक्षा कार्यक्रम संचालन गर्न सम्बन्धित निकायमा पठाइन्छ।

प्रदेश निजामती सेवाको हकमा लिखित परीक्षामा छनौट भएका उम्मेदवारहरुको अन्तर्वार्ता एवं सम्बन्धित पदको पाठ्यक्रम योजना बमोजिम प्रयोगात्मक परीक्षा, In Basket Exercise, मामिला अध्ययन एवं प्रस्तुतीकरण समेतको परीक्षा सञ्चालन हुन्छन्। यसरी अन्तर्वार्ता लगायत उक्त सबै परीक्षामा प्राप्त अंक र लिखित परीक्षाको प्राप्ताङ्कको कुल योगका आधारमा अधिकतम अङ्क प्राप्त गर्ने उम्मेदवारहरुलाई स्थायी नियुक्तिको लागि सिफारिस गरिन्छ।सुरक्षा निकाय तथा संगठित संस्थाहरुले अन्तर्वार्ता तथा सिफारिसको कार्य आफैं गर्दछन।

प्रतिवेदन अवधिमा लिखित परीक्षाको नतिजा, अन्तर्वार्ता संचालन र सिफारिस गर्नु पर्ने अवस्था श्रृजना भएन ।

## २.५ कार्यविभाजन र अधिकार प्रत्यायोजनः

आयोगका अध्यक्ष र सदस्यको कार्यविभाजन आयोगले निर्धारण गरे बमोजिम हुनेछ भन्ने व्यवस्था प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १४ मा रहेको छ। प्रदेश लोक सेवा आयोगले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार अध्यक्ष, कुनै सदस्य वा आयोगको कर्मचारीलाई प्रत्यायोजन गर्नु पर्ने भएमा त्यस्तो अधिकारको प्रयोग र पालना गर्नु पर्ने शर्त निर्धारण गरी तोकिए बमोजिम प्रत्यायोजन गर्नुपर्नेछ भन्ने व्यवस्था प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५८ मा गरिएको छ।

प्रदेश लोक सेवा आयोगको मिति २०७६ फागुन २० गतेको चौथो बैठकको निर्णय नं ४ अनुसार प्रदेश लोक सेवा आयोगको कार्यलाई सरल, छिटोछरितो र व्यवस्थित बनाउन आयोगका पदाधिकारीहरुको कार्य विभाजन तालिका नं १ अनुसार निर्धारण गरिएको छ।

**तालिका १**

**पदाधिकारीहरुको कार्यविभाजन**

| क.स. | पदाधिकारीको नाम | जिम्मेवारी |
|---|---|---|
| १ | मा. अध्यक्ष उत्तम कुमार भट्टराई | क. प्रशासन तथा व्यवस्थापन |
| | | ख. नीति नियम तथा परामर्श |
| | | ग. लिखित परीक्षा तयारी तथा नतिजा प्रकाशन |
| | | घ. अन्तरर्वार्ता तथा सिफारिस |
| २ | मा. सदस्य टीकादत्त राई | क. पाठ्यक्रम निर्माण, परिमार्जन तथा मूल्याङ्कन |
| | | ख. प्रश्नपत्र परिमार्जन |
| | | ग. उजुरी तथा विभागिय सजायमा परामर्श |
| ३ | मा. सदस्य सजना दाहाल | क. सूचना प्रकाशन |
| | | ख. योजना तथा समन्वय |
| | | ग. परीक्षण प्रविधी र अनुगमन |

# परिच्छेद ३

# प्रशासनिक, वित्तीय स्थिति तथा भौतिक प्रगति

## ३.१ बैठक तथा निर्णयः

आर्थिक वर्ष २०७६/७७ को मिति २०७६ माघ ०९ गते आयोगको स्थापना भए पश्चात २०७७ आषाढ मसान्तको अवधिमा कुल १० पटक आयोगको बैठक बसी कूल २८ वटा निर्णयहरु भएका छन्। आयोगको निर्णय संख्या तथा तिनको विषयगत वर्गीकरण तालिका नं २ मा प्रस्तुत गरिएको छ।

**तालिका नं २**

**आयोगको निर्णयहरुको विषयगत वर्गीकरण ( आ.व. २०७६/७७)**

| क्र.स. | निर्णयका विषयहरु | निर्णय संख्या |
|---|---|---|
| १ | बढुवा सम्बन्धी परामर्श | २ |
| २ | कानून, नीति-नियम सम्बन्धी | ९ |
| ३ | प्रदेश प्रहरी विद्येयक सम्बन्धी | १ |
| ४ | पाठ्यक्रम निर्माण सम्बन्धी | १ |
| ५ | विविध परामर्श | १ |
| ६ | विविध निर्णयहरु | १४ |
| जम्मा | | २८ |

आयोगको स्थापना भए पश्चात आ.व. ०७६/०७७ मा आयोगले गरेका निर्णयहरु मध्ये धेरै निर्णयहरु आयोगको कार्यालय स्थापना, व्यवस्थापन तथा बजेट तर्जुमा सँग सम्बन्धित छन्। आयोग स्थापना भएसँगै आफ्ना क्रियाकलापहरुलाई व्यवस्थित र कानूनसम्मत बनाउन आवश्यक कानून, नियमावली, निर्देशिका निर्माण जस्ता विषयहरु आयोगको निर्णय सम्बन्धमा दोस्रो प्रमुख कार्यमा परेका छन्।विषयगत निर्णयहरु सम्बन्धित परिच्छेद (विशेषत ७ र ९) मा समावेश गरिएको छ।

## ३.२ आयोगको दरबन्दी र पदपूर्तिः

प्रदेश लोक सेवा आयोगको मिति २०७६ फागुन २० गतेको निर्णय नं. १ बमोजिम आयोगले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १२ को उपदफा (३) बमोजिम ४ वटा महाशाखा, १२ वटा शाखा र ३ वटा शाखा कार्यालयहरु गरी कुल ६१ कर्मचारी सम्मिलित दरबन्दी संरचना र दरबन्दी तेरिज स्वीकृत (अनुसूची-२) गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिफारिस गरी पठाइएको छ।

प्रदेश सरकार(मन्त्रिपरिषद्) को मिति २०७६ चैत १० गतेको निर्णयानुसार प्रदेश लोक सेवा आयोगमा कुल २३ जना कर्मचारीहरुको अस्थायी दरबन्दी रहेको छ।जसमा रा.प. प्रथम श्रेणीका १, अधिकृतस्तर नवौं/दशौं तहका १, अधिकृतस्तर सातौं/आठौं तहका ४, अधिकृतस्तर छैटौं तहका ६, श्रेणी विहिन ८ जनाको दरबन्दी रहेको छ। कुल दरबन्दी मध्ये २०७७ असार मसान्तसम्मको तथ्याङ्क अनुसार १५ पदहरु पूर्ति भएका छन् भने ८ पदहरु रिक्त रहेका छन्।

आयोगको स्वीकृत अस्थायी दरबन्दी संरचना अनुसार तहगत दरबन्दी संख्या, पदपूर्ति र रिक्त अवस्था देहायको तालिका नं ३ मा उल्लेख गरिएको छ।

**तालिका नं ३**

**आयोगमा रहेको दरबन्दी तथा पदपूर्तिको विवरण**

| क्र.स. | दरवन्दी विवरण | | | आ.व. २०७६/७७ को स्वीकृत दरबन्दी | | | |
|---|---|---|---|---|---|---|---|
| | पद, नाम | सेवा | श्रेणी/तह | संख्या | रिक्त | पूर्ति | किसिम |
| १ | सचिव | प्रशासन | रा.प. प्रथम | १ | ० | १ | काज |
| २ | अधिकृत | प्रशासन | नवौं/दशौं | १ | ० | १ | काज |
| ३ | शाखा अधिकृत | प्रशासन | सातौं/आठौं | ३ | १ | २ | सरुवा |
| ४ | कानून अधिकृत | न्याय | सातौं/आठौं | १ | १ | ० | |
| ५ | अधिकृत छैटौं | प्रशासन | छैटौं | ४ | १ | ३ | सरुवा |
| ६ | अधिकृत छैटौं | लेखा | छैटौं | १ | ० | १ | सरुवा |
| ७ | अधिकृत छैटौं | कम्प्यूटर | छैटौं | १ | ० | १ | सरुवा |
| ८ | सहायक | प्रशासन | चौथौ/पाँचौ | ३ | ३ | ० | |
| ९ | ह.स.चा. | - | तहविहिन | ४ | १ | ३ | करार |
| १० | कार्यालय सहयोगी | - | तहविहिन | ४ | ० | ४ | करार |
| जम्मा | | | | २३ | ८ | १५ | |

उपरोक्त तालिका नं ३ वमोजिमको दरवन्दी आयोगले विज्ञापन लगायतका क्रियाकलाप संचालन गर्न अपर्याप्त छन् ।तसर्थ अस्थायी रुपमा स्वीकृत दरवन्दी बारे जानकारी प्राप्त हुनासाथ आयोगको मिति २०७७/०१/१० को निर्णय नं. ४ बाट निर्णय गरी पूर्व प्रेषित संगठन संरचना र दरवन्दी स्वीकृत गर्नका लागि प्रदेश सरकार समक्ष अनुरोध गरिएको अवस्था छ। सो बारे प्रतिवेदन पेश

गर्दाको समयसम्म मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट कुनै जानकारी प्राप्त भएको छैन।(अनुसूची २ र ३)

## ३.३ बैठक, गोष्ठी, क्षमता विकासः

आयोगमा कार्यरत कर्मचारीहरुको क्षमता विकास गर्न आयोगको आ.व. २०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रममा कर्मचारी तालिम शीर्षकमा रकम विनियोजन भएतापनि विश्वव्यापी रुपमा फैलिएको COVID-19 कोरोना भाइरसका कारण क्षमता विकासका कार्यहरु सञ्चालन गर्न नसकिएको तर पहिलो अन्तर प्रदेश लोकसेवा आयोग कार्यशाला गोष्ठी प्रदेश लोक सेवा आयोग वागमती प्रदेशको आयोजनामा हेटौंडामा मिति २०७६/११/१४ देखि २०७६/११/१५ सम्म संचालन भएकोमा उक्त गोष्ठीमा प्रदेश नं. ५ बागमती प्रदेश, प्रदेश नं. २ तथा प्रदेश नं १का आयोगको पदाधिकारी एवम् उच्च पदस्थ कर्मचारीको सहभागिता रहेको थियो । अन्तर प्रदेशको लोक सेवा आयोग कार्यशाला गोष्ठीबाट पारित गरिएको प्रतिवद्धता पत्र (घोषणा पत्र) अनुसूची-४ मा संलग्न गरिएको छ।

त्यस्तै प्रदेश लोक सेवा आयोगबाट कार्यसम्पादन सम्बन्धी छोटो र ज्ञानमूलक तालिम विगतमा लोक सेवा आयोगमा कार्यरत रही अनुभव प्राप्त गर्नु भएका अनुभवी कर्मचारी मार्फत आन्तरिक रुपमा सञ्चालन भएका छन्।जस्ले आयोगको कार्यसम्पादनमा सहायता पुगेको छ।

प्रदेश नं. १, प्रदेश सभा, सुशासन तथा योजना समितिको आमन्त्रणमा मिति २०७६/१२/०६ का दिन प्रदेश सभा भवनमा समितिका सभापति मा. अर्जुन राईज्यूको अध्यक्षतामा बसेको समितिको बैठकमा आयोगका पदाधिकारीहरु तथा कर्मचारीहरु समेतको सहभागिता रहेको । उक्त बैठकमा आयोगको तर्फबाट आयोगका गतिविधि, समस्या तथा आगामी योजना बारे प्रस्तुती गरिएको थियो । उक्त बैठकमा प्रदेश लोक सेवा आयोगलाई थप क्रियाशिल बनाउने बारे छलफल भएको थियो ।

## ३.४ बजेट, निकासा र खर्चः

आ.व. २०७६/७७ को लागि विभिन्न शीर्षकहरुमा विनियोजित बजेट र सो सम्बन्धी खर्चको संक्षिप्त विवरण तालिका ४ मा प्रस्तुत गरिएको छ।जसअनुसार विभिन्न शीर्षकमा स्वीकृत खर्च तथा प्रदेश सरकारको आदेशानुसार समर्पण गरिएको बजेट देहाय बमोजिम उल्लेख गरिएको छ। बजेट निकासा र खर्च सम्बन्धी विस्तृत विवरण अनुसूची-५ मा उल्लेख गरिएको छ ।

तालिका ४

आयोगको कूल बजेट विनियोजन र खर्चको संक्षिप्त विवरण

| क्र.सं. | विवरण | स्वीकृत रकम (रु हजारमा) | समर्पण गरिएको (रु हजारमा) | खर्च भएको रकम (रु हजारमा) |
|---|---|---|---|---|
| क | चालु खर्च | १९,५३१ | १४,९३४ | ४,५९७ |
| ख | पूँजीगत खर्च | २९,४२० | २०,१४७ | ९,२७३ |
| ग | पदाधिकारी तर्फ चालु खर्च | ३,१४६ | २,१०८ | १,०३८ |
| **जम्मा** | | **५२,०९७** | **३७,१८९** | **१४,९०८** |
| **प्रतिशत** | | **१००.०** | **७१.४** | **२८.६** |

उपरोक्त व्यहोरालाई मध्यनजर गर्दा स्थापनाको  वर्षमा धेरै पूर्वाधार तयार गर्नु पर्ने अवस्थामा COVID-19 बाट श्रृजित बाध्यात्मक स्थितिका कारण ७१ प्रतिशत भन्दा वढी (करिव ६९ प्रतिशत पूँजीगत तर्फ) बजेट सदुपयोग हुन नसक्दा पूर्वाधार  र निर्माणका कामहरु यस आर्थिक वर्षमा अधुरै रहन गएका छन्।

## ३.५ भौतिक पूर्वाधार निर्माणः

करिव ४,९०० वर्ग फिट क्षेत्रफल ओगटेको कार्यालय भवनमा आयोगका पदाधिकारीहरुका कार्यकक्ष, विभिन्न शाखा/महाशाखा, बैठक कक्ष लगायत कार्यकक्षहरु सञ्चालन गरिएको छ। केही परिमाणमा फर्निचरहरु, कार्यालय सामानहरु, फर्निसिङ्ग आदि वन्दोवस्त गरिएको छ। आयोगका पदाधिकारी तथा कर्मचारीहरुको आवतजावतको लागि ३ थान चारपाङ्ग्रे सवारी साधन, ३ थान दुइपाङ्ग्रे सवारी साधन र ३ थान साइकलको व्यवस्थापन गरीएको छ। आयोगले आफ्नो वेवसाइट psc.p1.gov.np तथा आफ्नो इ-मेल province1psc@gmail.com समेत संचालनमा ल्याएको छ।

शाखा/महाशाखा पार्टिशनको अभावले एकातर्फ कार्यसम्पादनमा कठिनाई सृजना भइरहेको छ भने अर्कोतर्फ आयोगले अबलम्बन गरेका सिद्धान्तहरुको पालनामा जटिलता थपिएको छ। आयोगलाई आफ्नो कार्यसम्पादन गर्न तत्काल कम्तिमा ५ वटा चारपाङ्ग्रे सवारी साधनहरु आवश्यक पर्नेमा यस प्रतिवेदन अवधिमा एउटा चारपाङ्ग्रे सवारी साधन खरिद गरिएको तथा अन्य २ थान सवारी साधन प्रदेश योजना आयोग र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट उपलब्ध गराइएको हुँदा जम्मा ३ वटा चारपाङ्ग्रे सवारी साधन आयोगसँग रहेको अवस्था छ।

# परिच्छेद ४
# परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम

## ४.१ परीक्षण प्रविधिः

सार्वजनिक सेवाको पदमा उम्मेदवार बन्न व्यक्तिले हासिल गरेको शैक्षिक योग्यताको स्तर र क्षेत्रलाई न्यूनतम शर्तको रुपमा लिइन्छ । प्रदेश निजामती सेवा लगायतका सार्वजनिक सेवामा कर्मचारी छनौट गर्दा विभिन्न सेवा/समूहका समान विशेषताहरुको परीक्षण गर्न समयसँगै विकसित प्रविधिहरुको प्रयोग गर्ने गरिन्छ। अतः पदपूर्ति गर्नुपर्ने संगठन र कामको प्रकृतिलाई मध्यनजर गर्दै व्यक्तिको ज्ञान, सीप, मनोवृत्ति र व्यवहारको परीक्षण गर्ने प्रविधिको विकास गर्दै लानुपर्ने आवश्यकता अपरिहार्य छ।

प्रदेश निजामती सेवा ऐन तथा सो संग सम्बन्धित अन्य कानूनहरु बनिनसकेको तथा प्रदेशमा कुन कुन तहका कति कर्मचारी रहने भन्ने वारेमा प्रदेशको संगठन तथा व्यवस्थापन (O and M) सर्वेक्षण भइनसक्दा प्रदेशस्थित कार्यालयहरुको कस्तो तहको पदमा कस्तो जिम्मेवारी हुने र कस्तो किसिमको कर्मचारी आवश्यक पर्ने भन्ने कुरा यकिन भइ सकेको छैन। यद्यपी संघीय संसदले तयार गरेको कर्मचारी समायोजन ऐन, २०७५ वमोजिम प्रदेशमा समायोजन भई आएका विभिन्न सेवा, समूह मातहतका पदहरुका लागि लोक सेवा आयोगले अवलम्वन गरिरहेका परीक्षण प्रविधिको प्रयोग गर्न प्रदेश लोक सेवा आयोग नियमावली, २०७७ तयार भैसकेको र निर्देशिका तयार हुने क्रममा रहेको छ।

## ४.२ शैक्षिक योग्यता र पाठ्यक्रमः

प्रदेश निजमाती सेवा र स्थानीय सरकारी सेवा सम्बन्धी ऐन निर्माणको कार्य हालसम्म पनि सम्पन्न नभएकोले गर्दा प्रदेश र स्थानीय तहमा आवश्यक पर्ने कर्मचारीको भर्ना प्रकृया कस्तो रहने भन्ने विषय तत् तत् निकायमा बन्ने कानूनले निर्देशित गर्ने भएकाले खुला प्रकृयाद्वारा पदपूर्ति गर्ने र कुन कुन तहमा बढुवाद्वारा र आन्तरिक प्रतियोगिता मार्फत पदपूर्ति गर्ने भन्ने विषय यकिन हुननसक्दा प्रदेश लोक सेवा आयोगले विशिष्टिकृत भई विभिन्न पदहरुको लागि शैक्षिक योग्यता र पाठ्यक्रम निर्धारण गर्न सकेको छैन।

तथापी साविक निजामती सेवामा रहि हाल प्रदेशमा समायोजन भएका पदहरुका सम्बन्धमा लोक सेवा आयोगले अबलम्बन गरेका सिद्धान्तहरुलाई मध्यनजर गरी प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा र अन्य सकारी सेवाका विभिन्न तहका पदहरुको शैक्षिक योग्यता र पाठ्यक्रम निर्धारण गर्न आयोगले दक्ष वा विज्ञ वा विशेषज्ञहरुको सूची (Roster) निर्माण गरिरहेको छ।

रोष्टर निर्माण भएसँगै आयोगले प्रदेश तथा स्थानीय तहमा हाल रहेको तहगत रुपमा विभिन्न पदहरुको शैक्षिक योग्यता निर्धारण गर्ने र पदपूर्तिका लागि पाठ्यक्रम निर्धारण गर्ने लक्ष्य लिएको छ। यस्तो सूची निरन्तर रुपमा आद्यावधिक भइरहने छ। हालसम्म विभिन्न विषयका जम्मा ७१ जना दक्ष वा विज्ञ वा विशेषज्ञहरुको सूची तयार भइसकेको अवस्था छ।

# परिच्छेद ५

# विज्ञापन र दरखास्त

## ५.१ प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको दरवन्दी र पदपूर्तिको अवस्था:

प्रदेशमा हाल ३८८२ दरबन्दी (प्रदेश योजना आयोगको पहिलो पञ्चवर्षिय योजना अनुसार) रहेको छ।कर्मचारी समायोजन, पदस्थापना तथा तत्पश्चातका सरुवा सम्बन्धी विवरण राष्ट्रिय किताबखानामा अद्यावधिक गर्ने कार्य प्रकृयामा नै रहेको कारण प्रदेश तथा स्थानीय तहमा पूर्ति भएको र रिक्त रहेको दरबन्दीको अद्यावधिक विवरण प्रप्त हुन सकेको छैन।साथै प्रदेशमा रहेका आफू अन्तर्गतका कर्मचारीहरुको एकिकृत विवरण राख्ने प्रदेशस्तरीय किताबखानाको व्यवस्था नहुँदा एकिकृत विवरण प्राप्त हुन अप्ठ्यारो परेको छ।

## ५.२ पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका:

प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, संगठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र प्रदेश शिक्षा सेवाका विभिन्न पदहरुमा पदपूर्ति सम्बन्धी क्रियाकलापहरुको आर्थिक वर्षभरी सम्पादन हुने कार्यहरु समेटिएको वार्षिक कार्यतालिका प्रदेश लोक सेवा आयोगले सम्बन्धित आ.व.को पहिलो दिन सार्वजनिक गर्ने लक्ष्य लिएको छ। वार्षिक कार्यतालिका सम्बन्धी विविध विषय समेटिएको प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन निर्देशिका) निर्माणको चरणमा रहेकोले प्रथम पटकको लागि सो निर्देशिका जारी भए पश्चात आयोगले नियमानुसार वार्षिक कार्यतालिका सार्वजनिक गर्नेछ।तत्पश्चात आयोगले सम्पादन गर्ने सम्पूर्ण काम कारवाहीहरु सोही कार्यतालिकामा आधारित भई सञ्चालन हुनेछ।प्रस्तावित निर्देशिका अनुसार वार्षिक कार्यतालिकामा माग संकलन, प्रतिशत निर्धारण, विज्ञापन प्रकाशन, लिखित परीक्षा सञ्चालन, सीप परीक्षण तथा प्रयोगात्मक परीक्षा सञ्चालन, अन्तर्वार्ता तथा सिफारिस लगायतका क्रियाकलापहरु समावेश हुनेछन्।

प्रदेश प्रहरी र संगठित संस्थाको पदपूर्ति सम्बन्धी कार्यतालिकाको हकमा प्रतिशत निर्धारण र विज्ञापनका लागि सहमती प्रदान गर्नेदेखि लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने सम्मका क्रियाकलापहरु समावेश गरिन्छ।

## ५.३ प्रतिशत निर्धारण:

प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवामा रिक्त रहेका पदहरुमा पदपूर्तिका लागि रिक्त भए पश्चात प्रचलित कानून बमोजिमको अवधिमा सम्बन्धित सेवा सञ्चालन गर्ने मन्त्रालय/विभाग/कार्यालय र स्थानीय तहहरुले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्रदेश लोक सेवा आयोगमा माग गरी पठाउनु पर्नेछ।यसरी पदपूर्तिका लागि माग प्राप्त भएपछि कूल रिक्त पदहरु मध्ये के कति पद कुन विधिबाट पूर्ति गर्ने भन्ने विषयमा सम्बन्धित सेवा

सम्बन्धी कानूनका आधारमा प्रदेश लोक सेवा आयोगबाट प्रतिशत निर्धारण गरिन्छ। हालसम्म प्रदेश लोक सेवा आयोगमा पदपूर्तिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत माग प्राप्त नभएकोले आ.व. २०७६/७७ मा प्रतिशत निर्धारण सम्बन्धी कार्य हुन सकेको छैन।

त्यस्तै प्रदेश प्रहरी सेवा र संगठित संस्थाहरुको रिक्त पदहरुमा सम्बन्धित निकायका कर्मचारी सेवा शर्त सम्बन्धी कानूनमा उल्लिखित प्रावधान अनुसार प्रतिशत निर्धारण गरिनेछ।

## ५.४ विज्ञापन:

प्रदेश लोक सेवा आयोग, प्रदेश नं. १ मा मिति २०७६ माघ ०९ गते स्थापना भई आफ्ना क्रियाकलापहरु सञ्चालन गर्दै आएको छ। संघीय निजामती सेवा ऐन तथा नियमावली, प्रदेश निजमाती सेवा ऐन तथा नियमावली र स्थानीय सरकारी सेवा ऐन तथा नियमावली निर्माणको चरणमा नै रहेकोले सेवाका शर्त सम्बन्धी विषय यकिन हुन नसक्दा हालसम्म कुनै निकायबाट पदपूर्तिका लागि माग प्राप्त नभएको हुँदा आयोगले विज्ञापन लगायत अन्य क्रियाकलापहरु सञ्चालन गरेको छैन।

# परिच्छेद ६

# स्थानीय तहको पदपूर्ति

## ६.१ स्थानीय तहमा भएका पदपूर्तिः

नेपालको संविधानको धारा २२७ मा गाउँ सभा र नगर सभा सम्बन्धी अन्य व्यवस्थामा गाउँ सभा र नगर सभाको सञ्चालन, बैठकको कार्यविधि, समिति गठन , सदस्यको पद रिक्त हुने अवस्था, गाउँ सभा र नगर सभाका सदस्यले पाउने सुविधा, गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ। त्यस्तै प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ६ को उपदफा (१) मा प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको पदमा नियुक्तिको लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुनेछ भन्ने व्यवस्था रहेको छ।

कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश र स्थानीय तहमा संघीय निजामती सेवाबाट समायोजन गरेपश्चात रिक्त पदमा पदपूर्तिका लागि सोहि ऐनको दफा १२ (५) मा भएको व्यवस्था अनुरुप यस प्रदेश अन्तर्गतका १३७ स्थानीय तहहरु मध्ये १०० (एकसय) स्थानीय तह (गाँउपालिका, नगरपालिका तथा उपमहानगरपालिका) बाट संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत लोक सेवा आयोगमा नेपाल सरकार मन्त्रीपरिषद्को निर्णयानुसार कर्मचारीहरुको पदपूर्तिका लगि अनुरोध भएको ।

प्रदेश र स्थानीय तहको निजामती सेवा सम्बन्धी ऐन जारी नभइ सकेको अवस्थामा आ.व. २०७५/७६ को वार्षिक कार्यतालिका अनुसार यसरी माग भई आएका पदहरुमा लोक सेवा आयोगले निजामती सेवा ऐन, २०४९ अनुसार बढुवा गर्नुपर्ने र खुला तथा समावेशी पदपूर्तिका लागि गरिएको प्रतिशत निर्धारणको आधारमा यस प्रदेश नं. १ अन्तर्गतका स्थानीय तहका लागि बढुवा गर्नु पर्ने संख्या एवं पदपूर्ति भएका पदहरुको सेवा समूहको विवरण अनुसूची-६ मा उल्लेख गरिएको छ। जस अनुसार विभिन्न सेवा समूहको एकमुष्ठ विवरण तलको तालिका नं. ५ मा उल्लेख गरिएको छ ।

### तालिका नं. ५

### स्थानीय तहमा पदपूर्ति भएका र बढुवा गर्न छुट्याईएको पदको विवरण

| सि.नं. | सेवा, समूह, पद | तह | संख्या | | |
|---|---|---|---|---|---|
| | | | पदपूर्ति भएको | बढुवा हुन बाँकी | जम्मा |
| १ | आर्थिक योजना तथा तथ्याङ्क (प्रा.), तथ्याङ्क अधिकृत, तथ्याङ्क सहायक | ५ र ६ | ४ | ० | ४ |
| २ | इन्जिनियरीङ (प्रा.) सिभिल, सर्भे, वि. एण्ड | ४, ५, ६ र ९ | ७०९ | ३८८ | १०९७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | आ.; अमिन, नापी अधिकृत, अ. सब-इन्जिनियर, खा.पा.सा.टे, सब-ईन्जिनियर, ईन्जिनियर, सि.डि.ई. | | | | |
| ३ | न्याय (अप्रा.), कानून अधिकृत, सहायक | ५ र ६ | २ | ० | २ |
| ४ | प्रशासन (अप्रा.), सामान्य प्रशासन, लेखा; सहायक, अधिकृत, सहलेखापाल, लेखापाल, आ.ले.प. सहायक, लेखा अधिकृत, आ.ले.प. अधिकृत | ४, ५, ६ र ९ | ७६५ | ४७० | १२३५ |
| ५ | शिक्षा (प्रा.), शिक्षा प्रशासन; प्राविधिक सहायक र अधिकृत | ५, ६ र ९ | १६४ | ९ | १७३ |
| ६ | विविध (प्रा.) | | | | |
| | क. स.कम्प्युटर अपरेटर, क. अपरेटर, क.अधिकृत, क.इन्जिनियर | ४, ५ र ६ | ७४ | ० | ७४ |
| | ख. स.म.वि. निरीक्षक, महिला विकास निरीक्षक, म.वि.अ. | ४, ५ र ६ | ३७ | १ | ३८ |
| | ग. वातावरण इन्जिनियर/निरीक्षक | ६ | ४ | ० | ४ |
| | विविध जम्मा | | ११५ | १ | ११६ |
| | कूल जम्मा | | **१७५९** | **८६८** | **२६२७** |

*(लोक सेवा आयोगको ६० औं वार्षिक प्रतिवेदनलाई आधार मानेर तयार गरिएको ।)*

उपरोक्त तालिकामा उल्लेखित विवरण अनुसार इन्जिनियरिङ्ग सेवा तर्फ ४, ५, ६ र ९ तहमा जम्मा ३८८ जना, प्रशासन सेवा तर्फ ४, ५, ६ र ९ तहमा जम्मा ४७० जना समेत कूल ८६८ जना कर्मचारीहरुको बढुवा गर्नु पर्नेमा प्रदेश एवं स्थानीय कानूनको अभावमा हुन सकेको छैन । यसरी एकै पटक माग गरिएको पदहरुमा खुला र समावेशी तर्फको प्रतिस्पर्धाबाट आर्थिक वर्ष २०७५/७६ मै पदपूर्ति भैसकेका तर सोही अवधिमा बढुवा हुनुपर्ने पदहरुमा आ.व. २०७६/७७ मा समेत बढुवा हुन नसक्दा ८६८ जना कर्मचारीहरुको वृत्ति विकास रोकिएको अवस्था छ । जसका कारण तत् तत् कर्मचारीमा उत्प्रेरणाको कमि भई नैराश्यता समेत पैदा भएको अवस्था छ । यसै सिलसिलामा विभिन्न स्थानीय तहबाट कर्मचारी बढुवा तथा कर्मचारी सेवा शर्त सम्बन्धी कानूनको मस्यौदा उपर प्रदेश लोक सेवा आयोगमा राय माग भई आएको तर तत्सम्बन्धी प्रदेश कानूनको अभावमा नियमानुसार राय उपलब्ध गराउन सकिएन ।

अतः उपरोक्त समस्या समेत समाधान गर्नका लागि यथासक्य छिटो प्रदेश निजामती सेवा ऐन र स्थानीय तहका लागि स्थानीय सरकारी सेवा ऐन अविलम्ब जारी गर्नु पर्ने आवश्यकता महसुस भएको छ ।

# परिच्छेद ७
# परामर्श

## ७.१ कर्मचारी सेवा सम्बन्धी कानूनका विषयमा परामर्श:

प्रतिवेदन अवधिमा ३ वटा निकायका कर्मचारी सेवाका सर्त सम्बन्धी कानूनका विषयमा आयोगबाट देहायमा उल्लिखित परामर्शहरु प्रदान गरिएको छ। जसको विस्तृत विवरण तालिका नं ६ मा उल्लेख गरिएको छ।

**तालिका नं ६**

**कर्मचारी सेवा सम्बन्धी कानूनका विषयमा परामर्श**

| क्र.स. | निर्णय मिति | परामर्श |
|---|---|---|
| १ | २०७६/१०/२६ | धरान उप-महानगरपालिकाले कर्मचारी सेवाको गठन संचालन र सेवाका शर्तहरु सम्बन्धी ऐन जारी गर्न अनौपचारिक रुपमा राय परामर्श माग गरेको ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा ऐन बनाउन सक्नेछ भन्ने व्यवस्था भएको,<br>नेपालको संविधानको धारा २२६ को उपधारा (२) बमोजिम "गाउँ सभा नगर सभाले अनुसूची ८ र ९ मा उल्लेखित विषयहरुमा आवश्यक कानून बनाउन सक्नेछ" भन्ने उल्लेख भएको तर सोही धाराको उपधारा (२) मा कानून बनाउने प्रक्रिया प्रदेश कानून बमोजिम हुनेछ भन्ने व्यवस्था भएको,<br>उपरोक्त अनुसार प्रदेश नं. १ सरकारले हालसम्म स्थानीय सेवासम्बन्धी कानून निर्माण गरी नसकेको अवस्थामा स्थानीय तहहरुले निर्माण गर्ने कर्मचारी प्रशासन सम्बन्धी छुट्टै ऐनमा प्रदेश लोक सेवा आयोगले सहमती प्रदान गर्ने आधार नदेखिएकाले प्रदेश कानून निर्माण नभएसम्मका लागि उपरोक्त विषयमा सहमती प्रदान गर्न नसकिने नीतिगत निर्णय गर्ने। |
| २ | २०७७/०३/२९ | फुङलिङ नगरपालिका, मिक्वाखोला गाउँपालिका र पाथीभरा याङ्वरक गाउँपालिकाको विभिन्न मितिका पत्रानुसार लोक सेवा आयोगबाट प्रतिशत निर्धारण भए बमोजिम वढुवाद्वारा पदपूर्ति गर्न परामर्श माग गरेको सन्दर्भमा नेपालको संविधानको धारा २२६ को उपधारा (१) मा गाउँ सभा र नगर सभाले अनुसूची ८ र अनुसूची |

| | | |
|---|---|---|
| | | ९ बमोजिमको सूचीमा उल्लिखित विषयमा आवश्यक कानून बनाउन सक्नेछ र उपधारा (२) मा उपधारा (१) बमोजिम कानून बनाउने प्रक्रिया प्रदेश कानून बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको। साथै धारा २२७ मा गाउँ सभा र नगर सभाको संचालन, बैठकको कार्यविधि, समिति गठन, सदस्यको पद रिक्त हुने अवस्था, गाउँ सभा र नगर सभाका सदस्यले पाउने सुविधा, गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ भन्ने व्यवस्था भएको हुँदा स्थानीय सरकारी सेवा कानून बमोजिम गठन नभएसम्मका लागि बढुवाद्वारा पदपूर्ति गर्न परामर्श दिन नमिल्ने निर्णय गरीयो। |
| ३ | २०७७/०३/२९ | नेपालको संविधानको धारा २२७ मा गाउँ सभा र नगर सभाको संचालन, बैठकको कार्यविधि, समिति गठन, सदस्यको पद रिक्त हुने अवस्था, गाउँ सभा र नगर सभाका सदस्यले पाउने सुविधा, गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ भन्ने व्यवस्था भएकोमा प्रदेश सरकारबाट हालसम्म प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा र अन्य सरकारी सेवाको गठन सम्बन्धी कानून निर्माण हुन नसकेको र विभिन्न स्थानीय तहबाट कर्मचारी पदपूर्ति सम्बन्धी राय परामर्श माग भएकोमा कानूनको अभावले राय परामर्श उपलब्ध गराउन नसकिएको हुँदा स्थानीय तहका कर्मचारीहरुको वृत्ति विकासमा वाधा अवरोध सिर्जना भएकोले निजहरुको कार्यसम्पादनमा समेत नकारात्मक असर पर्ने देखिएकोले माथि उल्लिखित विषयका कानूनहरु सकेसम्म छिटो निर्माण गर्नका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो। |

## ७.२ प्रदेश प्रहरीका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा परामर्शः

प्रदेश प्रहरीका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा प्रदान गरिएको परामर्श तालिका नं ७ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ७**

**प्रदेश प्रहरीका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा परामर्श**

| क्र.स. | निर्णय मिति | परामर्श |
|---|---|---|
| १ | २०७७/०३/१२ | प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १ विराटनगरको च.न. २१४९ मिति २०७७/०३/०७ को पत्रानुसार प्राप्त प्रदेश प्रहरीका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक को मस्यौदामा तपशिल अनुसार संशोधन र थप गर्न उपयूक्त देखिएको हुँदा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम परामर्श उपलब्ध गराउने निर्णय गरीयो।<br>**तपशिल**<br>१. दफा ११ को उपदफा (१) मा नेपाल सरकारले तोकेको राजपत्राङ्कित प्रहरी अधिकृत प्रदेश प्रहरी प्रमुख रहनेछ भन्ने व्यवस्थामा राजपत्राङ्कित प्रथम श्रेणीको प्रहरी अधिकृत थप गर्नु पर्ने।<br>२. दफा १२ को उपदफा (८) मा पूर्व प्रहरी परिवारको सदस्य मध्येबाट ३ (तीन) प्रतिशत पदमा भन्ने व्यवस्थाको सट्टा २ (दुई) प्रतिशत पदमा खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ भन्ने व्यवस्था राख्नुपर्ने।<br>३. दफा १७ को उपदफा (१) मा तर महिला प्रहरी कर्मचारीको हकमा परीक्षणकाल छ महिनाको हुनेछ भन्ने व्यवस्था थप गर्नुपर्ने।<br>४. दफा २० को उपदफा (१) मा तर कार्यालय प्रमुखको पद रिक्त रहेको अवस्थामा कार्यालयको दैनिक कार्य सञ्चालन गर्न वाधा पर्न गएमा कायम मुकायम मुकरर गर्न सकिनेछ भन्ने व्यवस्थामा यसरी कायम मुकायम मुकरर गर्दा छ महिना भन्दा बढी समयको लागि गरिने छैन भन्ने व्यवस्था थप गर्नु पर्ने।<br>५. दफा २५ को उपदफा (१) को (ग) मा प्रहरी बरिष्ठ हवल्दार र प्रहरी हवल्दार पदका लागि बढुवा समितिमा प्रदेश लोक सेवा आयोगको सातौं/आठौं तहको अधिकृत प्रतिनिधि थप गर्नु पर्ने। |

| | | |
|---|---|---|
| | | ६. दफा २५ को उपदफा २ को स्पष्टिकरण खण्डमा सौतेनी बाबु थप गर्नु पर्ने।<br>७. दफा २८ को उपदफा (२) को बुँदा (छ) पुरै हटाइ सो बापतको अंक बुँदा (ग) शैक्षिक योग्यतामा सात अंकमा तीन अंक थप गरी दश अंक कायम गर्नु पर्ने तथा बुँदा(च) जोखिमपूर्ण वा चुनौतिपूर्ण कार्य बापत दुई अंकमा दुई अंक थप गरी चार अंक बनाउनु पर्ने।<br>८. दफा २९ को उपदफा (३) मा सुपरीवेक्षकले दिन सक्ने अधिकतम अंक बीस, पुनरावलोकनकर्ताले दिनसक्ने अधिकतम अंक पन्ध्र र पुनरावलोकन समितिले दिन सक्ने अधिकतम अंक पाँच कायम गर्नुपर्ने।<br>९. दफा ३१ मा शैक्षिक योग्यताको आधारमा बढीमा सात अंक दिइनेछ भन्ने व्यवस्थाको सट्टा बढीमा दश अंक दिइनेछ भन्ने व्यवस्था हुनुपर्ने।<br>१०. दफा ३४ को उपदफा (१) मा जोखिमपूर्ण वा चुनौतिपुर्ण कार्य वापत बढीमा चार र घटीमा दुई अंक भन्दा कम दिईने छैन भन्ने व्यवस्था गर्नुपर्ने।<br>११. दफा ३५ पुरै हटाउनु पर्ने। |

# परिच्छेद ८
# संस्थागत सुधार तथा प्रविधिको प्रयोग

## ८.१ संरचनागत सुधारः

प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट आयोग स्थापनाका बखत प्रदेश लोक सेवा आयोगको दरवन्दी संरचना स्वीकृत नगरी तत्कालको लागि उप-सचिव-१, अधिकृत सातौं-२, अधिकृत छैटौं-२ र लेखा अधिकृत-१ जना कामकाज गर्ने गरी कर्मचारी खटाएकोमा आयोग स्थापना पश्चात आयोगको कार्यप्रकृति र सिद्धान्तहरुलाई ध्यानमा राखी आयोगले आन्तरिक रुपमा कार्यालयको लागि आइपर्ने कार्यबोझवारे आंकलन गरी आयोगको मिति २०७६ फागुन २० गतेको निर्णयानुसार ६१ जनाको दरबन्दी संरचना स्वीकृतिको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाएको छ। प्रस्तावित दरबन्दी संरचना अनुसूची-२ मा समावेश गरीएको छ। आयोगबाट पेश गरिएको संगठन संरचनाका वारेमा प्रदेश मन्त्रिपरिषद्को बैठकमा छलफल हुँदा हाललाई जम्मा २३ जना दरवन्दी रहेको अस्थायी संगठन संरचना स्वीकृत भएको छ । यस संगठन संरचनावाट आयोगको काम सम्पन्न गर्न नसकिने महसुस गरी पूनः मिति २०७६/११/२० को निर्णय नं १ बमोजिम पूर्व प्रेषित संगठन संरचना स्वीकृत हुन पूनः अनुरोध गरिएकोमा हालसम्म प्रदेश सरकारवाट कुनै जानकारी प्राप्त भएको छैन ।

## ८.२ प्रविधिको प्रयोगः

प्रदेश लोक सेवा आयोग स्थापना भएको छोटो अवधिमा नै आयोगको वेवसाईट (www.psc.p1.gov.np) र इमेल (province1psc@gmail.com) ठेगाना तयार गरी संचालन गरिएको छ। आयोगको सम्बन्धमा सम्पूर्ण सूचनाहरु वेवसाइट मार्फत हेर्न मिल्ने गरी तयार गरिएकोछ। साथै आयोगको परीक्षा सम्बन्धी कार्य गर्न तयार गरिएको दक्ष वा विज्ञ वा विशेशज्ञको रोष्टर निर्माणका क्रममा आयोगको इमेल ठेगानामा प्राप्त निवेदन स्वीकार गरी सो कार्य सरलीकृत गरिएको छ। आयोगले विज्ञापन गरी दरखास्त संकलन गर्न फारम भराउने व्यवस्थाका अतिरिक्त अनलाइन दरखास्त संकलन गर्न सफ्टवेयर तथा अन्य प्रविधिको प्रयोग गर्न आ.व. २०७७/७८ को कार्यक्रम बजेटमा प्रस्ताव गरिएको छ ।

## ८.३ सूचना प्रवाहः

सूचना प्रवाहका सम्बन्धमा आयोगले निम्न मुख्य व्यवस्थाहरु गरेको छ।

(क) आयोगका विभिन्न गतिविधिहरु समावेश गरीएका सूचनाहरु राष्ट्रिय एवं प्रदेशस्तरका पत्रिकामा प्रकाशन गर्ने गरिएको।

(ख) आयोगका गतिविधिहरु आफ्नो वेवसाईटमा अद्यावधिक रुपमा राख्ने गरिएको छ। साथै आयोगको वेवसाइटमा सवैको जानकारी तथा पहूँचको लागि प्रदेश सरकारको पोर्टलमा राख्ने व्यवस्था मिलाइएको छ।

(ग) आयोगको मिति २०७६/११/२० को बैठकवाट प्रवक्तामा उप-सचिव श्री तीर्थ प्रसाद धिताल तथा सूचना अधिकारीमा अधिकृत सातौ श्री केदारनाथ रिजाललाई तोकिएको छ।

# परिच्छेद ९
# निर्णय तथा कार्यान्वयनको अवस्था

## ९.१ आयोगको मुख्य मुख्य निर्णय तथा कार्यान्वयनको अवस्थाः

प्रदेश लोक सेवा आयोगले हालसम्म विभिन्न बैठकहरुवाट गरेका मुख्य मुख्य निर्णयहरु र तिनको कार्यान्वयनको अवस्था तालिका नं ८ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ८**

**निर्णय तथा कार्यान्वयनको अवस्था**

| क्र.स. | सुझाव | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १. | विषय विज्ञको रोष्टर तयार गर्ने प्रकृया अगाडि बढाउने निर्णय गरियो । | हालसम्म विभिन्न विषयका ७१ जना दक्ष वा विज्ञ वा विशेषज्ञहरुको सूची (रोष्टर) तयार गरिएको छ। |
| २. | प्रदेश लोक सेवा आयोग गठन भई पदाधिकारीहरुको पदवहाली समेत भईसकेको र कार्यालय स्थापनाको काम पनि भइरहेको एवं संगठन संरचना पारित भइनसकेको अवस्थामा हाललाई कार्यालयको कार्य सञ्चालनको लागि लोक सेवा आयोगको कार्यप्रकृति र कार्य संवेदनशिलताको आधारमा आयोगमा आवश्यक कर्मचारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट कामकाजमा खटाउने व्यवस्था भई कामकाज भईरहेको सन्दर्भलाई दृष्टिगत गरी अब उप्रान्त आयोगमा कर्मचारी खटाउँदा आयोगको परामर्शमा मात्र खटाउने व्यवस्था हुन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो। | आयोगको अनुरोधलाई मध्यनजर गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आयोगमा कर्मचारी खटाउँदा आयोगको सहमतीमा मात्र कर्मचारी खटाउने गरेको छ । |
| ३. | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा ऐन बनाउन | आयोगको निर्णय बमोजिम प्रदेश नं. १ भित्रका अधिकांश स्थानीय तहहरुले आयोगको निर्णयलाई मध्यनजर गरी |

| | | |
|---|---|---|
| | सक्नेछ भन्ने व्यवस्था भएको,<br>नेपालको संविधानको धारा २२६ को उपधारा (२) बमोजिम "गाउँ सभा नगर सभाले अनुसूची ८ र ९ मा उल्लेखित विषयहरुमा आवश्यक कानून बनाउन सक्नेछ" भन्ने उल्लेख भएको तर सोही धाराको उपधारा (२) मा कानून बनाउने प्रक्रिया प्रदेश कानून बमोजिम हुनेछ भन्ने व्यवस्था भएको,<br>उपरोक्त अनुसार प्रदेश नं. १ सरकारले हालसम्म स्थानीय सेवासम्बन्धी कानून निर्माण गरी नसकेको अवस्थामा स्थानीय तहहरुले निर्माण गर्ने कर्मचारी प्रशासन सम्बन्धी छुट्टै ऐनमा प्रदेश लोक सेवा आयोगले सहमती प्रदान गर्ने आधार नदेखिएकाले प्रदेश कानून निर्माण नभएसम्मका लागि उपरोक्त विषयमा सहमती प्रदान गर्न नसकिने नीतिगत निर्णय गर्ने। | आफ्ना क्रियाकलापहरु सञ्चालन गर्दै आएको जानकारी प्राप्त भएपनि आयोगले हालसम्म स्थानीय तहहरुमा स्थलगत रुपमा अनुगमन र निरीक्षण गर्न आवश्यक निर्देशिका जारी गर्न सकेको छैन। आयोगले प्रदेश लोक सेवा आयोग(कार्यसञ्चालन) निर्देशिका निर्माण गरी रहेको हुँदा निर्देशिका जारी भएपछि आवश्यकता अनुसार अनुगमन र निरीक्षण गर्ने लक्ष्य लिएको छ। |
| ४. | प्रदेश लोक सेवा आयोगको मिति २०७६/११/२० गतेको निर्णय अनुसार ६१ जना कर्मचारी रहेको आयोगको संगठन संरचना र दरबन्दी संरचना तयार गरी स्वीकृतिको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाएको। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आ.व. २०७६/७७ का लागि २३ जना कर्मचारी रहेको अस्थायी दरबन्दी स्वीकृत गरी पठाएको। सो पश्चात पूनः आयोगले पूर्व प्रेषित संगठन संरचना र दरवन्दी स्वीकृत गर्न मिति २०७६/११/२०को निर्णयानुसार अनुरोध गरिएकोमा सो वारे जवाफ प्राप्त नभएको अवस्था छ । |
| ५. | प्रदेश लोक सेवा आयोगको कार्यलाई सरल, छिटोछरितो र व्यवस्थित बनाउन आयोगका पदाधिकारीहरुको कार्य विभाजन गर्ने निर्णय गरेको । | माननीय अध्यक्ष र सदस्यहरु बीच कार्य विभाजन भई जिम्मेवारी निर्वाह गरिरहनु भएको छ । |
| ६. | प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को नियम ६४ बमोजिम यो ऐन कार्यान्वयन गर्न | माननीय सदस्य सजना दाहालज्यूको संयोजकत्वमा ५ सदस्यीय कार्यदल गठन |

| | | |
|---|---|---|
| | प्रदेश लोक सेवा आयोगले आवश्यक्ता अनुसार निर्देशिका वा कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ भन्ने व्यवस्था अनुसार मिति २०७६/११/२० को आयोगको निर्णयानुसार प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका तयार गर्न कार्यदल गठन गर्ने निर्णय गरियो। | भई निर्देशिकाको मस्यौदा तयार गरि छलफलको क्रममा रहेको छ। |
| ७. | प्रदेश लोक सेवा आयोगको मिति २०७६/११/२० को निर्णय अनुसार प्रदेश लोक सेवा आयोगको कार्यसंवेदनशिलतालाई मध्यनजर राखी प्रदेश लोक सेवा आयोगको कार्यालय परिसरमा चौबिसै घण्टा सुरक्षा प्रदान गर्न आवश्यक पर्ने नेपाल प्रहरीको सुरक्षा टोली व्यवस्थापनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. १, विराटनगरलाई अनुरोध गर्ने निर्णय गरीयो। | हालसम्म आयोगको कार्यालय परिसर भित्र नेपाल प्रहरीको सुरक्षा टोलीले सुरक्षा दिने व्यवस्था भई नसकेको। |
| ८. | प्रदेश लोक सेवा आयोगको मिति २०७६/११/२० को निर्णयानुसार प्रदेश लोक सेवा आयोगका अध्यक्षको कार्य जिम्मेवारी, कार्य सम्वेदनशिलता, पदको गरिमा र सुरक्षा चुनौतीलाई समेत मध्यनजर गरी माननीय अध्यक्षज्यूको व्यक्तिगत सुरक्षाको लागि पि.एस.ओ. (Personal Security Officer) को व्यवस्था गरिदिन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं.१, विराटनगरलाई अनुरोध गर्ने निर्णय गरीयो। | हालसम्म सो को व्यवस्था नभएको । |
| ९. | प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को नियम ६३ बमोजिम यो ऐन कार्यान्वयन गर्न प्रदेश लोक सेवा आयोगले आवश्यक नियम बनाउन सक्नेछ भन्ने व्यवस्था अनुसार मिति २०७६/११/२० मा गठन भएको कार्यदलले | सहमती प्राप्त भइ मिति २०७७ असार २९ गते प्रदेश राजपत्रमा प्रकाशन गरी जारी भइसकेको (अनुसूची-७ मा समावेश) भएको छ । |

| | | |
|---|---|---|
| | पेश गरेको प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ को मस्यौदा सरोकारवालाहरुको आवश्यक सहमतीको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने निर्णय गरियो। | |
| १०. | प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १ विराटनगरको च.न. २१४९ मिति २०७७/०३/०७ को पत्रानुसार प्राप्त प्रदेश प्रहरीका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदामा परिच्छेद ७,तालिका नं. ६ मा उल्लेख भए बमोजिम परामर्श उपलब्ध गराउने निर्णय गरीयो। | एघार (११) वटा बुँदामा राय परामर्श दिइएकोमा चार (४) वटा बूँदा मात्र ग्रहण गरी बाँकी बुँदाहरु कार्यान्वयन नगरिएको व्यहोरा वुझिन आएको छ । |

## परिच्छेद -१०

## ध्यानाकर्षण र सुझाव

### १०.१ ध्यानाकर्षण भएका विषयहरुः

**१०.१.१ आयोगसँग परामर्श नलिएका विषयः-** प्रदेश लोक सेवा ऐन, २०७६ को दफा १० को उपदफा (२) बमोजिम प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्ने व्यवस्था गरी सोहि व्यवस्था कार्यान्वयन गर्न प्रदेश लोक सेवा आयोग नियमावली, २०७७ को परिच्छेद ९ अन्तर्गत नियम ४०,४१, ४२, ४३, ४४ र ४५ बमोजिम परामर्श लिनुपर्ने विषयहरु र सो को प्रक्रिया समेत उल्लेख गरिएकोमा उक्त कानूनी व्यवस्थाको विपरित यस प्रतिवेदन अवधिमा देहाय बमोजिमको क्रियाकलापहरु भएकोले प्रदेश लोक सेवा आयोगको ध्यानाकर्षण भएको छः

(क) आयोगसँग औपचारिक राय परामर्श नगरी धरान उप महानगरपालिकाले मिति २०७७/०२/२० खण्ड ३ संख्या ३ को स्थानीय राजपत्रमा कर्मचारी सेवाको गठन संचालन र सेवाका शर्तहरुको व्यवस्था गर्न बनेको ऐन, २०७६ जारी गरेको अवस्था छ ।

(ख) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम यस प्रदेशको विभिन्न मन्त्रालय तथा अन्तरगतका कार्यालयको स्वीकृत संगठन संरचना अनुसार स्वीकृत दरबन्दीमा समायोजनबाट पदपूर्ति भई बाँकी रहेका स्थायी दरबन्दीमा सम्बन्धित मन्त्रालयले अस्थायी पदपूर्ति गरी पटक पटक म्याद थप गरेको जानकारी यस आयोगलाई प्राप्त भएको छ । हाल प्रदेश लोक सेवा आयोग गठन भईसकेको सन्दर्भमा त्यसरी स्थायी पदमा अस्थायी रुपमा नियुक्त कर्मचारीहरुको म्याद थप गर्नु पूर्व लोक सेवा आयोगको परामर्श लिन पर्ने कानूनी व्यवस्था भएकोले अव उप्रान्त ६ महिना भन्दा बढी अवधिका लागि अस्थायी रुपमा नियुक्त कर्मचारीको म्याद थप हुनु पूर्व आयोगको परामर्श लिने कानूनी प्रावधान अनिवार्य रुपमा पालना गर्नुपर्ने देखिन्छ ।

**१०.१.२ आयोगसँग परामर्श माग गरिएका तर कार्यान्वयन नगरिएका विषयः** प्रदेश प्रहरी ऐन, २०७७ निर्माण गर्न प्रस्तावित विधयेक उपर यस प्रतिवेदनको परिच्छेद ७ को बूँदा ७.२ बमोजिम दिईएको परामर्शमा उल्लेखित ११ बूँदा मध्ये जम्मा ४ वटा विषय मात्र समावेश गरी बाँकी ७ वटा बूँदामा उल्लेखित परामर्शलाई स्वीकार नगरिएको

अवस्था छ। प्रदेश लोकसेवा आयोग ऐन, २०७६ को दफा ४३ एवं नियमावली, २०७७ को नियम ४१ बमोजिम आयोगको सबै परामर्श ग्रहण गर्न नसकिने अवस्थामा पुनः आयोगलाई पूनर्विचारका लागि अनुरोध गर्नु पर्नेमा त्यसो नगरी प्रदेश प्रहरी विधेयक प्रदेश सभा बाट पारित गराइएको अवस्था छ ।

प्रदेश लोक सेवा आयोगलाई नेपालको संविधान तथा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ ले स्वतन्त्र निकायको रुपमा स्थापना गरी तोकिएको विषयहरुमा प्रदेश सरकारको परामर्शदाता संस्थाको रुपमा स्वीकार गरिएकोले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ र नियमावली २०७७ को परिधि भित्र रही यो आयोग आफ्नो कानूनी जिम्मेवारीलाई सार्थक रुपमा बहन गर्न प्रतिवद्ध रही आयोगलाई पद्दतिमा आधारित संस्थाको रुपमा संस्थागत गर्न तत्पर रहेको छ । आयोग योग्यता प्रणालीको संरक्षक संस्था रहेकोले यस प्रणालीलाई जीवन्त राख्न प्रतिबद्ध छ। यसर्थ आयोगको जिम्मेवारीलाई सम्मान गरी आयोगलाई पद्दतिमूलक संस्थाको रुपमा स्थापित गर्न प्रदेश सरकार तथा प्रदेश सरकारका मातहतका निकायहरुबाट आयोगले उपलब्ध गराएका परामर्श कार्यान्वयन नभएका हुँदा आयोगको ध्यानाकर्षण भएको छ।

**१०.१.३ आयोग संचालनको स्वतन्त्रता सम्बन्धमा:** प्रदेश लोक सेवा आयोगको मिति २०७६/११/२० को निर्णयले आयोग संचालनको लागि ६१ (एकसठ्ठी) जना कर्मचारीको दरबन्दी सहितको संगठन संरचना तयार गरी स्वीकृतिका लगि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. १ मा पठाईएकोमा २३ (तेईस) जना कर्मचारी रहने गरी अस्थाई संगठन स्वीकृत हुनुका साथै आयोगको सचिवको जिम्मेवारी समेत मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयकै सचिवलाई तोकि कार्य सम्पादन भईरहेको छ । नेपालको संविधान तथा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ ले आयोगलाई स्वतन्त्र निकायको रुपमा स्थापित गरेकोले र कतिपय प्रशासनिक काम कारवाही सम्पादनको सिलसिलामा आयोगले प्रदेश सरकारलाई राय तथा परामर्श उपलब्ध गराउनु पर्ने कानूनी व्यवस्थाको सन्दर्भमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पदाधिकार रहेको सचिवबाट आयोगको प्रशासनिक जिम्मेवारी बहन हुँदा कतिपय विषयमा दुई निकायहरुको निकायगत उद्देश्य तथा कार्यप्रकृतिका बीचमा तादात्म्यता कायम गर्न कठिनाई हुनसक्ने अवस्था भएकोले यो अवस्थाको निरुपणको लागि आयोगमै पदाधिकार सहितको सचिवको

व्यवस्था हुन मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई सुझाव दिन जरुरी भएको छ।

यसै सन्दर्भमा समेत आयोगको तर्फबाट अध्यक्षले मिति २०७६/१२/०९ च.नं. ६४ को सहयोग सम्बन्धी विषयको प्रमुख सचिवज्यूलाई पत्र लेखि माननीय मुख्यमन्त्री ज्यूलाई वोधार्थ दिइएको थियो। त्यसै गरी आयोगको मिति २०७७/०१/१० को छैटौं बैठकको निर्णय नं. ५ बमोजिम आयोगमा छुट्टै सचिवको व्यवस्था गर्न अनुरोध गरिएकोमा हालसम्म व्यवस्था नभएको तर्फ आयोगको ध्यानाकर्षण भएको छ।

**१०.१.४ आयोगको सुरक्षा व्यवस्थापनको विषयः** प्रदेश लोक सेवा आयोगले आफ्नो कार्य संचालन गर्ने क्रममा प्रश्नपत्रहरु भण्डारण गर्ने, परीक्षा संचालन भईसकेपछि उत्तरपुस्तिका संकलन गरी सुरक्षित तवरले राख्नुपर्ने जिम्मेवारी अति महत्वपूर्ण विषय हो। त्यस्तै आयोगका अध्यक्षले आफ्नो कार्यकारी अधिकार प्रयोग गर्दा उत्पन्न हुन सक्ने सुरक्षा संवेदनशिलता पनि त्यतिकै गम्भिर प्रकृतिको हुने देखिन्छ । यसै विषयमा लोक सेवा आयोगको कार्य संवेदनशिलतालाई दृष्टिगत गरी लोक सेवा आयोगलाई २४ घण्टा नेपाल प्रहरीका सुरक्षाकर्मीद्वारा पालो पहरा दिने व्यवस्था रहदै आएको र आयोगका माननीय अध्यक्षलाई दुई जना व्यक्तिगत सुरक्षा गार्डको सुविधा उपलब्ध गराइएको व्यहोरा समेत सान्दर्भिक हुन आँउछ।

उपरोक्त आवश्यकतालाई मनन् गरी प्रदेश लोक सेवा आयोगको मिति २०७६ फागुन २० को चौथो बैठकबाट यस विषयका सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गरिएकोमा हालसम्म पनि सो बारे कुनै कारवाही भएको कुरा आयोगलाई जानकारी प्राप्त भएको छैन। यस विषयमा आयोगको ध्यानाकर्षण भएको छ।

**१०.१.५ आयोगको संगठन संरचनाः** आयोगको मिति २०७६ फागुन २० गतेको चौथो बैठकको निर्णय नं १ बमोजिम आयोगले स्वीकृतिका लागि प्रदेश सरकार समक्ष ६१ जना कुल दरबन्दी रहने गरी संगठन संरचना सिफारिस गरिएकोमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०७६/१२/३० को पत्रानुसार (मन्त्रिपरिषद्को मिति २०७६/१२/१० को निर्णय बमोजिम) कुल २३ जनाको अस्थायी दरबन्दी स्वीकृत भएको छ। आयोगको पदपूर्ति सम्बन्धी काम शुरु भए पछि आयोगले सिफारिस गरे बमोजिमकै संख्यामा कर्मचारी आवश्यक पर्ने महशुस गरी आयोगले पुन मिति २०७७/०१/१० को छैटौं बैठकको निर्णय नं. ४ बमोजिम पूर्व प्रेषित संगठन संरचना

स्वीकृत गरी पाउन पूनः अनुरोध गरिएकोमा हालसम्म सो वारे प्रदेश सरकारबाट कुनै जानकारी प्राप्त नभएको अवस्था छ।

प्रदेश सरकारले कर्मचारीको माग गरेर पठाएको अवस्थामा विज्ञापन प्रकाशन गर्ने, पाठ्यक्रम निर्माण गर्ने, परीक्षाको लागि प्रश्नपत्र निर्माण तथा परिमार्जन गर्ने, लिखित परीक्षा सञ्चालन गर्ने, कोडिङ डिकोडिङका कार्यहरु गर्ने, प्रयोगात्मक परीक्षण गर्ने, लिखित परीक्षाको नतिजा प्रकाशन, अन्तर्वार्ता लगायतका कार्यहरु तुरुन्तै शुरु गर्नु पर्ने अवस्था छ । साथै प्रदेश प्रहरी ऐन जारी भैसकेको अवस्थामा प्रदेश प्रहरी सम्बन्धी कार्यहरु एवम् अनुगमनका कार्यहरु पनि तुरुन्तै शुरु गर्नु पर्ने अवस्था देखिन्छ।

यसरी आयोगको कार्यालय स्थापना भए पश्चात आयोगलाई पूर्णरुपमा क्रियाशिल गराउनु पर्ने अवस्थामा हाल कायम न्यून संख्याका कर्मचारीहरुबाट निर्धारित कार्य सम्पन्न गर्न कठिनाई उत्पन्न हुने देखिएकोले कर्मचारी संख्या बढाउनु नितान्त जरुरी छ।

साथै प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ११ तथा नेपालको संविधानको धारा २४४ को उपदफा (३), तथा प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड) निर्धारण ऐन, २०७५ मा उल्लेखित व्यहोराहरु अनुसार लोक सेवा आयोगले अवलम्बन गरेका सिद्धान्त, कार्यविधि र मापदण्ड प्रतिकुल हुने गरी प्रदेश लोक सेवा आयोगले गरेका कामकारवाही स्वतः वदर भागी हुनेछ भन्ने व्यवस्था भएको हुँदा आयोगले सम्पन्न गर्नुपर्ने कार्य प्रक्रिया पुरा गरी बदर नहुने किसिमले काम सम्पन्न गर्न पर्याप्त संख्यामा कर्मचारी आवश्यक पर्ने भएकोले प्रदेश लोक सेवा आयोग ले सिफारिस गरी पठाएको संगठन संरचना हालसम्म पनि स्वीकृत नभएको वारे आयोगको ध्यानाकर्षण भएको छ।

**१०.१.६ आयोगको संचालनका लागि विनियोजित बजेट खर्च गर्ने सम्बन्धमाः** आयोगको स्थापना २०७६ माघ ०९ गते भएको र आर्थिक वर्ष २०७६/७७ को विनियोजित बजेट खर्च गर्ने अवधि करिब ६ महिना मात्र बाँकी रहेको अवस्था भए तापनि आयोग स्थापनाको चारणमा रहेको हूँदा सवारी साधन, मेशिनरी औजार, फर्निचर फिक्सचर्स, कार्यालय सामान आदि खरिद गर्नु नितान्त जरुरी थियो। यसै सिलसिलामा काम कारवाही अघि बढिरहेको स्थितिमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. ६३०, मिति २०७६/१२/३० को पत्रबाट देशै भरी फैलिरहेको कोरोना (COVID-19) भाईरस बाट उत्पन्न हुनसक्ने प्रतिकुल समस्या प्रति सजग हुँदै निश्चित खर्च शीर्षकहरुमा

बजेट रोक्का राख्ने व्यहोरा उल्लेख भए झै बजेट रोक्का राख्दा समयमा आयोगले आवश्यक खर्च शीर्षकमा समेत खर्च गर्न नसकी मन्त्रालयको च.नं. २९८ मिति २०७७/०१/१४ को पत्रानुसार बजेट समर्पण गर्नुपर्ने अवस्था सृजना भयो। यसरी स्थापना चरणमा रहेको आयोगलाई आवश्यक रहेको सवारी साधन, फर्निचर, मेशिनरी औजार जस्ता खर्च शीर्षकमा आयोगलाई उपलब्ध भएको बजेट समेत खर्च गर्न नपाउँदा आयोगको पूर्वाधार तयारीमा वाधा उत्पन्न हुन गएको छ। आयोगले गर्ने कार्यहरु आधारभूत किसिमका हुने भएको र बजेट आकार ठूलो नहुने भएकोले विकास बजेट जसरी नै आयोगको बजेट रोक्का र समर्पण गरी माग्नु उपयुक्त हुँदैनथ्यो भन्ने आयोगको ठम्याई छ ।यस कारणले आयोगले कार्य सम्पन्न गर्न वाधा भएमा भोलिका दिनमा प्रदेश सरकारले माग गरेका कर्मचारी पूर्ति गर्न गर्ने कार्यमा समेत कठिनाई सृजना हुन सक्दछ।

**१०.१.७ कानूनको अभावमा कार्य सम्पन्न गर्न भएको कठिनाईः**

(क) प्रदेश निजामती सेवा ऐन तथा स्थानीय सरकारी सेवा ऐन जारी नभएको वर्तमान अवस्थामा आयोगलाई जिम्मेवारी पुरा गर्न कठिनाई महसुस भएको छ। जसका कारण धेरै कर्मचारीहरुको वृत्ति विकासको बाटो समेत अवरुद्ध हुन गएकोले आयोगले चिन्ता गर्नुपर्ने अवस्था श्रृजना भएको छ। वृत्ति विकासको बाटो रोकिए पछि स्वभावैले कर्मचारीहरुमा उत्प्रेरणाको कमि हुने एवं नैराश्यता उत्पन्न भई अन्ततोगत्वा सार्वजनिक सेवा प्रवाहमा प्रभाव पर्न सक्ने सम्भावना देखिएको हुँदा यस विषयमा आयोगको ध्यानाकर्षण भएको छ ।

(ख) नेपालको संविधानको धारा २४४ तथा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ अनुसार प्रदेश लोक सेवा आयोग गठन भएको व्यहोरा जानकारी भएकै विषय हो । आयोगको पदाधिकारीको सेवा सुविधाको व्यवस्था प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५ अनुसार सोही ऐनको अनुसूची २ र ३ मा व्यवस्था भएको छ भने सोही दफाको उपदफा (२) मा आयोगको अध्यक्ष र सदस्यको सेवा शर्तहरु तोकिए बमोजिम हुने व्यवस्था उल्लेख भएपनि हालसम्म पदाधिकारीको सेवा शर्तहरु सम्बन्धी ऐन निर्माण नहुँदा पदाधिकारीले अनुसूची २ र ३ मा उल्लेखित सेवा सुविधाहरु वाहेक कुन कुन सुविधा पाउने भन्ने कुरा अन्यौल छ । यस

बाट खासगरी नेपालका संवैधानिक अङ्गका  आयोगका पदाधिकारीहरु अन्य कर्मचारी सरह नियमित कार्यालय हाजिर भई कार्य सम्पादन गर्नुपर्ने परिपाटी रहेको हुँदा प्रदेश लोक सेवा आयोगको पदाधिकारीहरु पनि नियमितरुपमा कार्यालयमा हाजिरी जनाई कार्यसम्पादन गरी आएकोले कुनै कारण वस  कार्यालयमा अनुपस्थित हुँदा कुनै पनि किसिमको विदा स्वीकृत हुन सक्ने अवस्था छैन। यस्तै गरी उक्त ऐनको अभावमा अन्य प्रशासनिक समस्या समेत आउन सक्ने देखिन्छ।

## १०.२ सुझावहरुः

**१०.२.१ आयोगको परामर्श पालना सम्बन्धमाः** नेपालको संविधान तथा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ ले प्रदेश लोक सेवा आयोगलाई प्रदेश सरकारको स्वतन्त्र निकायको रुपमा स्थापित गरेको छ । मुलतः प्रदेश र स्थानीय तहको सरकारी कर्मचारी परिचालन र व्यवस्थापन गर्ने प्रयोजनको लागि प्रदेश सरकार तथा स्थानीय सरकारबाट हुने कानून निर्माणमा यस आयोगको परामर्शदात्री भूमिकालाई अभिन्न अङ्गको रुपमा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ ले स्वीकार गरेको हुँदा यो ऐनबाट प्राप्त भूमिकालाई अक्षरसः पालना र कार्यान्यवन गरी आयोगलाई पद्दतिमा आधारित संस्था (System Based Institution) को रुपमा संस्थागत गर्न आयोग प्रतिबद्ध रहन्छ। प्रदेश लोक सेवा आयोग मुलतः कर्मचारीवर्गको अभिभावक तथा योग्यता प्रणाली (Meritocracy) को संरक्षक (Patron) भएको हुँदा यो भूमिका आयोगबाट सफलतापूर्वक निर्वाह हुँदा मात्र प्रदेश र स्थानीय सरकारले योग्यतम जनशक्ति प्राप्त गर्न सक्ने भएकोले यस प्रणालीलाई मजबुत पार्न आयोगबाट दिइने परामर्शलाई प्रदेश सरकार र मातहत निकायहरुबाट एवं स्थानीय सरकारबाट सम्मान र स्वीकार होस भन्ने आयोगले अपेक्षा राखेको छ।

**१०.२.२ अस्थायी पदपूर्ति गर्दा समेत आयोगको परामर्श लिनुपर्नेः** प्रदेश सरकारको निकायहरु र स्थानीय तहमा छ महिना भन्दा बढी अवधिको लागि पनि अस्थायी नियुक्ति गर्दा ऐनको दफा १० को उपदफा (२) खण्ड (क) बमोजिमको प्रावधान विपरित प्रदेश लोक सेवा आयोगको परामर्श विना गर्ने गरिएको बुझिएको छ। आयोग स्थापना भई क्रियाशिल रहेको विद्यमान अवस्थामा पनि यस्तो कार्य गर्दा त्यसरी गरिएका नियूक्ति प्रति भविष्यमा कानूनी प्रश्न उठ्न सक्ने हुँदा अवउप्रान्त त्यस्तो प्रकृतिको कार्य सम्पादन गर्न

पूर्व प्रचलित कानून अनुरुप सवै निकायहरुबाट आयोगको परामर्श लिने व्यवस्था अनिवार्य रुपमा पालना हुनेछ भन्ने आयोगले अपेक्षा गरेको छ।

**१०.२.३ पूर्णकालिन रुपमा कामकाज गर्ने गरी सचिवको व्यवस्थाः** प्रदेश लोक सेवा आयोगले गरेका निर्णयहरु प्रमाणिकरण गर्ने, आयोगका कर्मचारीहरुको व्यवस्थापन, आर्थिक कारोवार, पाठ्यक्रम निर्माण, विज्ञहरुको सेवा लिने लगायत कामहरु सचिवले गर्नुपर्ने हुन्छ। तर हालसम्म मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवलाई नै आयोगको सचिव तोकिएको अवस्था छ। एक निकायमा पदाधिकार रहेको कर्मचारीलाई दोहोरो जिम्मेवारी दिदा कार्यबोझको कारणले कतिपय अवस्थामा आयोगको कामकारवाहीमा भरपुर समय उपलब्ध नहुँदा आयोगको नियमित काममा गतिरोध पैदा हुने भएकोले आयोगमा पूर्णकालिन रुपमा काम गर्ने सचिवको व्यवस्था हुनेछ भन्ने आयोगले प्रदेश सरकारसँग अपेक्षा राखेको छ। पूर्णकालिन सचिवको व्यवस्था गर्न नसकिने भए आयोगमै कार्यरत वरिष्ठ उप-सचिवलाई पूर्ण अख्तियारी सहित निमित्त सचिव मुकरर हुन सुझाव दिन चाहन्छौ।

**१०.२.४ सुरक्षाकर्मीको व्यवस्थाः** आयोगले गर्ने कार्य पद्धतीलाई दृष्टीगत गर्दा परीक्षा सञ्चालनका लागि तयार हुने प्रश्नपत्रहरु, परीक्षा सञ्चालन भैसके पश्चात संकलन गरिने उत्तरपुस्तिकाहरु, विज्ञबाट परीक्षण पश्चात प्राप्त हुने उत्तरपुस्तिकाहरु लगायतका कागजातहरुको सुरक्षा गर्ने जिम्मेवारी आयोगको हुँदा आयोगले यस अघि नै अनुरोध गरे बमोजिम आयोगको कार्यालयमा २४ सै घण्टा हतियार सहितका सुरक्षाकर्मीको पालो पहराको व्यवस्था अविलम्ब हुनका लागि प्रदेश सरकार समक्ष आयोग अनुरोध गर्दछ।

त्यसैगरी आयोगका अध्यक्षको कार्य संवेदनशिलतालाई दृष्टिगत गरी एक जना हतियार सहितको पी.एस.ओ. को व्यवस्था हुन समेत आयोगले अपेक्षा गरेको छ।

**१०.२.५ संगठन संरचना स्वीकृत गर्ने सम्बन्धमाः** प्रदेश सरकारले स्विकृत गरेको अस्थायी संगठन संरचनाले आयोगको पदपूर्ति सम्बन्धी काम सुरु भए पछि आयोगको जनशक्ति अपर्याप्त हुन्छ। र नतिजा दिने गरी कार्य सम्पन्न गर्न सकिदैन। अतः आयोगबाट प्रेषित ६१ जनाको दरबन्दी सहितको संगठन संरचना यथासक्य छिटो स्वीकृत गर्न प्रदेश सरकार समक्ष आयोग आग्रह गर्न चाहान्छ।

**१०.२.६ आयोगलाई छुट्याईएको बजेट कटौतीका सम्बन्धमाः** प्रदेश लोक सेवा आयोगलाई छुट्याईने बजेट कार्यालयको पूर्वाधार निर्माण गर्ने, दैनिक प्रशासन संचालन गर्ने, आयोगको आधारभूत कार्यहरु संचालन गर्न सानो आकारको हुने भएको । यस्तो अवस्थामा बजेट कटौती गर्दा दैनिक प्रशासनकै कार्यहरु प्रभावित हुने भएकोले आयोगलाई स्वीकृत गरिएको बजेट विकास निर्माणसँग सम्बन्धित मन्त्रालयको ठूलो आकारको बजेट जसरी कटौति नगरी आयोगको कार्य संचालनमा सहयोग पुऱ्याईदिन आयोग आग्रह गर्दछ।

**१०.२.७ अति आवश्यक कानून निर्माण बारेः**

**(क) प्रदेश निजामती सेवा ऐन र स्थानीय सरकारी सेवाको ऐन निर्माण सम्बन्धमाः** प्रदेश र स्थानीय तहमा समायोजन ऐन, २०७५ अनुसार कर्मचारी समायोजन भई आएका पदहरु समेत खाली भएको अवस्था एकातर्फ छ भने नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय बमोजिम स्थानीय तहमा खुला समावेशी विज्ञापनबाट पदपूर्ति गर्दा बढुवा गर्नुपर्ने पदहरुको प्रतिशत छुट्याएको अवस्था छ। लोक सेवा आयोगको आ.व २०७५/०७६ को वार्षिक कार्यतालिका अनुसार माग भई प्रतिशत निर्धारण अनुसार यस प्रदेश नं १ को विभिन्न स्थानीय तहमा विभिन्न सेवा समूहका विभिन्न पदहरुमा खुला तथा समावेसी तर्फ पदपूर्ति भएको जम्मा संख्या १७५९ रहेको र बढुवा हुन बाँकी पदको संख्या ८६८ रहेको छ ।एकै पटक माग गरिएका रिक्त पद मध्ये खुला प्रतिस्पर्धाबाट आएका कर्मचारीहरुले काम गर्न शुरु गरेको अवधि १ वर्ष पुरा भैसकेको तर सोही बखत बढुवाको लागि प्रतिशत निर्धारण भएका पदहरुमा पदपूर्तिका लागि आयोगमा परामर्श माग हुँदा सम्बन्धित ऐनको अभावमा प्रदेश लोक सेवा आयोगले परामर्श दिन नसकेको अवस्था छ। जसका कारण बढुवा हुनु पर्ने कर्मचारीहरुको पदोन्नती रोकिन गई निजहरुको वृत्ति विकास रोकिएको छ ।उपरोक्त समस्याहरु समाधान गर्न प्रदेश निजामती सेवा ऐन र स्थानीय सरकारी सेवा ऐन प्रदेश सरकारले जारी गर्न अति आवश्यक देखिएकोले सो बारे यथासक्य छिटो निर्णय लिन प्रदेश सरकारबाट आयोगले अपेक्षा गरेको छ।

(ख) **आयोगका पदाधिकारीको सेवा शर्त सम्बन्धी कानूनः** आयोगका पदाधिकारीहरुको सेवा शर्त सम्बन्धी कानूनको अभावले श्रृजित समस्या निराकरणको लागि संघीय संवैधानिक निकायको पदाधिकारीको पारिश्रमिक र सेवा शर्त र सुविधा सम्बन्धी ऐन, २०५३ संघीय सरकारले जारी गरी सोही आधारमा सेवा सुविधा शर्त तोकेकोले सोही ऐनलाई आधार मानि प्रदेश लोक सेवा आयोगको पदाधिकारीको सेवा शर्त र सुविधा सम्बन्धी ऐन जारी हुन जरुरी हुने भएकोले सोही अनुसार हुन प्रदेश सरकारबाट अपेक्षा राखिएको छ।

## अनुसूची-१

## प्रदेश लोक सेवा आयोगको सम्बन्धमा हालसम्म भएका व्यवस्थाहरु

### १.१ नेपालको संविधानः

भाग २३ धारा २४४ मा प्रदेश लोक सेवा आयोग सम्बन्धी व्यवस्थाः

१ प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहनेछ।

२ प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुनेछ।

३ उपधारा (२) को प्रयोजनका लागि संघीय संसदले कानून बनाई आधार र मापदण्ड निर्धारण गर्नेछ।

### १.२ प्रदेश लोक सेवा आयोग ऐन, २०७६ः

दफा ३. प्रदेश लोक सेवा आयोगको गठनः

(१) प्रदेश लोक सेवा आयोगमा समावेशी सिद्धान्तका आधारमा कम्तिमा एक जना महिला हुने गरी अध्यक्ष सहित बढीमा तीन जना सदस्य रहने छन्।

(२) अध्यक्ष र सदस्यको नियुक्तिको लागि सिफारिस गर्न मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश सभाको सभामूख र प्रदेश सभामा विपक्षी दलको नेता रहेको एक सिफारिस समिति रहनेछ र त्यस्तो समितिमा प्रदेश सरकारको प्रमुख सचिवले सचिव भई काम गर्नेछ।

(३) उपदफा (२) बमोजिमको सिफारिस समितिले समानुपातिक समावेशी सिद्धान्तका आधारमा अध्यक्ष र सदस्यको पदमा नियुक्तिको लागि सिफारिस गर्नुपर्नेछ।

(४) उपदफा (२) बमोजिमको समितिको सिफारिसमा प्रदेश प्रमुखले अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ।

(५) देहायको योग्यता भएको नेपाली नागरिक आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिका लागि योग्य हुनेछः

(क) मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) अध्यक्षको हकमा पैंतालीस बर्ष र सदस्यको हकमा पैंतीस बर्ष उमेर पूरा भएको,

(घ) उच्च नैतिक चरित्र भएको।

(६) आयोगका सदस्यहरुमध्ये कम्तिमा एक जना सदस्य बीस वर्ष वा सोभन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरु मध्येबाट र बाँकी सदस्यहरु विज्ञान, प्रविधि, कला, साहित्य, कानून, व्यवस्थापन, जनप्रशासन, समाजशास्त्र, राजनीतिशास्त्र वा राष्ट्रिय जीवनका

अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्ययन वा अन्य कुनै महत्वपूर्ण कार्य गरी ख्याती प्राप्त गरेका व्यक्तिहरु मध्येबाट नियुक्त हुनेछन्।

(७) अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्ष हुनेछ।

(८) आफ्नो कार्यभार सम्हाल्नु अघि प्रदेश प्रमुखको उपस्थितिमा अध्यक्षले उच्च अदालतको मुख्य न्यायधीश समक्ष र सदस्यले अध्यक्ष समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा सपथ लिनुपर्नेछ।

(९) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायहको कुनै अवस्थामा प्रदेश लोक सेवा आयोगका अध्यक्ष वा सदस्यको पद रिक्त हुनेछ।

(क) निजले प्रदेश प्रमुख समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको उमेर पैंसठ्ठी वर्ष पूरा भएमा,

(ग) उपदफा (१४) बमोजिम पदमुक्त भएमा,

(घ) शारीरिक वा मानसिक अस्वस्थताको कारणले सेवामा रही कार्यसम्पादन गर्न असमर्थ रहेको भनी प्रदेश सरकारले गठन गरेको मेडिकल बोर्डले दिएको सिफारिसको आधारमा उपदफा (२) बमोजिमको समितिको सिफारिसमा प्रदेश प्रमुखले पदमुक्त गरेमा,

(ङ) निजको मृत्यू भएमा,

(च) अन्य प्रचलित कानून बमोजिम अयोग्य ठहरिएमा।

(१०) संविधान र प्रचलित कानूनको गम्भिर उल्लङ्घन गरेमा, कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमान्दारी पूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेको वा आचारसंहिताको गम्भीर उल्लङ्घन गरेको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेको भनी प्रदेश सभाका तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यले अध्यक्ष वा सदस्य विरुद्ध आरोपको प्रस्ताव पेश गर्न सक्नेछन्।

(११) उपदफा (१०) बमोजिम प्रस्ताव पेश भएमा प्रदेश सभाको सभामुखले कार्यव्यवस्था परामर्श समितिको परामर्शमा पाँच सदस्यीय छानविन सिफारिस समिति गठन गर्न सक्नेछ।

(१२) उपदफा (१०) बमोजिम अध्यक्ष वा सदस्यलाई जुन कारणका आधारमा पदमुक्त गर्न निज उपर प्रस्ताव पेश गरिएको हो सोही कारण र आधार खुलाई उपदफा (११) बमोजिमको समितिले आरोपपत्र तयार गरी अध्यक्ष वा सदस्यालई आफ्नो स्पष्टीकरण सहितको सफाई पेश गर्न मनासिव मौका दिई आरोपपत्र दिनु पर्नेछ।

(१३) उपदफा (१२) बमोजिमको समयावधि भित्र अध्यक्ष वा सदस्यले स्पष्टीकरण पेश नगरेमा वा पेश गरेको स्पष्टीकरण उपदफा (११) बमोजिमको समितिलाई मनासिव नलागेमा समितिले सोही बमोजिम मूल्याङ्कन गरी उपदफा (१०) बमोजिमको प्रस्ताव उपयुक्त भए वा नभएको निर्णय गर्नेछ।

(१४) उपदफा (११) बमोजिमको समितिले उपदफा (१३) बमोजिम पदमुक्त गर्ने भनी दिएमा सिफारिस सहितको प्रस्ताव प्रदेश सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतले प्रस्ताव पारित गरेमा अध्यक्ष वा सदस्य पदबाट मुक्त हुनेछ।

(१५) उपदफा (१४) बमोजिम पदमुक्त भएको व्यक्तिले त्यस्तो पदबाट पाउने कुनै सुविधा लिन र भविष्यमा कुनै सार्वजनिक पदमा नियुक्ति वा मनोनयन हुन सक्ने छैन।

दफा ६ प्रदेश लोक सेवा आयोगको काम, कर्तव्य र अधिकारः

(१) प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको पदमा नियुक्तिको लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुनेछ।

(२) विभिन्न सेवाको लागि उपयुक्त उम्मेदवार छनौटका लागि सञ्चालन गरिने परीक्षाको किसिम, पाठ्यक्रम तर्जुमा, परीक्षण विधि निर्धारण, विज्ञहरुको छनौट, प्रश्नपत्र निर्माण तथा परिमार्जन, परीक्षा सञ्चालन, उत्तर पुस्तिकामा सङ्केत नम्बरको प्रयोग, उत्तरपुस्तिका परीक्षण, अन्तर्वार्ता सञ्चलन, नतिजा प्रकाशन र सिफारिस लगायतका काम कारवाही सम्बन्धमा लोक सेवा आयोगले अपनाएको अभ्यास, विधि तथा मापदण्डका आधारमा कार्य गर्नेछ।

(३) प्रदेश प्रहरी सेवा, शिक्षक सेवा लगायत प्रदेश अन्य सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिको लागि लिइने लिखित परीक्षा आयोगले सञ्चालन गर्नेछ।

(४) प्रदेश प्रहरी सेवा, प्रदेश शिक्षक सेवा र प्रदेश अन्य सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको बिषयमा आयोगको परामर्श लिनु पर्नेछ।

(५) कुनै संगठित संस्थाका सेवाका कर्मचारीहरुको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाका पदमा बढुवा वा विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्नेछ।

(६) प्रदेश सरकारबाट निवृत्तिभरण पाउने पदमा आयोगको परामर्श विना स्थायी नियुक्ति गरिने छैन।


(७) आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष वा कुनै सदस्य वा प्रदेश सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालना गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(८) आयोगको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

# अनुसूची-२

## आयोगको मिति २०७६ फागुन २० को निर्णय अनुसारको प्रस्तावित संगठन संरचना

प्रदेश लोक सेवा आयोग
प्रदेश नं. १, विराटनगर, नेपाल
संगठन संरचना



# अनुसूची-२ (दोश्रो पाना)

## प्रस्तावित दरबन्दी तेरीज

प्रदेश लोक सेवा आयोग

प्रदेश नं. १, विराटनगर, नेपाल

दरबन्दी तेरीज

| क.स. | पदनाम | तह | सेवा समूह | प्रस्तावित दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|
| १ | सचिव | ११-१२ | प्रशासन | १ | |
| २ | अधिकृत | ९-१० | प्रशासन | ३ | |
| ३ | अधिकृत | ९-१० | शिक्षा | १ | |
| ४ | अधिकृत | ७-८ | प्रशासन | १२ | |
| ५ | लेखा अधिकृत | ७-८ | लेखा | १ | |
| ६ | अधिकृत | ७-८ | शिक्षा | १ | |
| ७ | कम्प्यूटर इन्जिनियर | ७-८ | विविध | १ | |
| ८ | अधिकृत छैटौं | ६ | प्रशासन | ९ | |
| ९ | लेखा अधिकृत छैटौं | ६ | लेखा | १ | |
| १० | कम्प्यूटर अधिकृत छैटौं | ६ | विविध | १ | |
| ११ | प्रशासन सहायक | ४-५ | प्रशासन | ११ | |
| १२ | शिक्षा सहायक | ४-५ | शिक्षा | २ | |
| १३ | कम्प्यूटर अपरेटर | ४-५ | विविध | २ | |
| १४ | कार्यालय सहयोगी | | | ८ | |
| १५ | पाले | | | २ | |
| १६ | हलुका सवारी चालक | | | ५ | |
| जम्मा | | | | ६१ | |

# अनुसूची-३

## प्रदेश लोक सेवा आयोग

## अस्थायी संगठन संरचना

**अध्यक्ष**
अध्यक्षज्युको सचिवालय
अधिकृत (प्रशासन) ६तह - १

**सदस्य**
सदस्यज्युको सचिवालय
सहायक (प्रशासन) ५ तह - १

**सदस्य**
सदस्यज्युको सचिवालय
सहायक (प्रशासन) ५ तह - १

**सचिव**
सचिवज्युको सचिवालय
सहायक (प्रशासन) ५ तह - १

**प्रशासन महाशाखा**
वरिष्ठ अधिकृत ९/१० तह-१

**प्रशासन, निरिक्षण तथा अनुगमन शाखा**
शाखा अधिकृत ७/८ तह-१
अधिकृत (प्रशासन) ६ तह -१
कार्यालय सहयोगी - ४
ह.स.चा. ४

**परिक्षा सञ्चालन तथा नतिजा प्रशासन शाखा**
शाखा अधिकृत ७/८ तह-१
अधिकृत (प्रशासन) ६ तह -१

**पाठ्यक्रम निर्माण, अन्तर्वाता तथा सिफारिस शाखा**
शाखा अधिकृत ७/८ तह-१
अधिकृत (प्रशासन) ६ तह -१

**नीति नियम, उजुरी तथा विभागीय सजाय परामर्श शाखा**
कानून अधिकृत ७/८ तह -१

**सूचना, सञ्चार प्रविधि तथा प्रकाशन शाखा**
अधिकृत (कम्प्युटर) ६ तह-१

**आर्थिक प्रशासन शाखा**
अधिकृत (लेखा) ६ तह -१

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. १ विराटनगर, नेपाल

मुकुन्द प्रसाद निरौला
सचिव

प्रमुख सचिव

# अनुसूची-३ (दोश्रो पाना)

## अस्थायी दरबन्दी तेरिज

## प्रदेश लोक सेवा आयोग

| क्रसं | पदनाम श्रेणी तह | तह | सेवा (समूह) | समूह | उपसमूह | मौजुदा संख्या | प्रस्तावित दरबन्दी | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा प प्रथम | प्रशासन | सामान्य प्रशासन | | ० | १ | सङ्घीय सेवा, संघीय सरकार समक्ष अनुरोध गर्ने |
| २ | वरिष्ठ अधिकृत | ९/१० | प्रशासन | सामान्य प्रशासन | | ० | १ | |
| ३ | शाखा अधिकृत | ७/८ | प्रशासन | सामान्य प्रशासन | | ० | ३ | |
| ४ | कानून अधिकृत | ७/८ | न्याय | कानून | | ० | १ | |
| ५ | अधिकृत (प्रशासन) | ६ | प्रशासन | सामान्य प्रशासन | | ० | ४ | |
| ६ | अधिकृत (लेखा) | ६ | प्रशासन | लेखा | | ० | १ | |
| ७ | अधिकृत (कम्प्युटर) | ६ | विविध | | | ० | १ | |
| ८ | सहायक | ५ | प्रशासन | सामान्य प्रशासन | | ० | ३ | |
| ९ | ह स चा | तहविहीन | | | | ० | ४ | |
| १० | कार्यालय सहयोगी | तहविहीन | | | | ० | ४ | |
| जम्मा | | | | | | ० | २३ | |

मुकुन्द प्रसाद निरौला
सचिव

प्रमुख सचिव

अनुसूची-४

मिति: २०७६.फागुन १५ गते बिहीबार, हेटौडा

# अन्तर प्रदेश लोक सेवा आयोग प्रथम कार्यशाला गोष्ठी हेटौडा
# साझा अवधारणा तथा प्रतिबद्धता पत्र, २०७६

नेपालको संविधानको भाग–२३ लोक सेवा आयोग, धारा २४४ अनुसार प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने संवैधानिक व्यवस्था भएको र संघीय संसदबाट कानून बनाई प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ जारी भइसकेको छ। यसै आधार र मापदण्ड अनुसार प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिलाई व्यवस्थित गर्न प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग ऐन जारी भएको छ। , प्रदेश नं. १, प्रदेश नं. २, बागमती प्रदेश र प्रदेश नं. ५ गरी हालसम्म चारवटा प्रदेशहरूमा प्रदेश लोक सेवा आयोग गठन समेत भई कार्य प्रारम्भ भएको छ।

संघीय निजामती सेवा विधेयक छलफलमा रहेको कारणले प्रदेश तथा स्थानीय तहको निजामती सेवा ऐन नियमहरूको हालसम्म व्यवस्था हुन नसकेको भएतापनि सबै आयोगको कार्य प्रकृति र गठन प्रक्रिया समान रहेको हुँदा आयोगहरूबाट सम्पादन हुने कार्यमा एकरूपता ल्याउन, अन्तर प्रदेश सहकार्य र अनुभव आदान प्रदान गर्ने तथा प्रदेश लोक सेवा आयोगको अन्य कानूनी तथा व्यवस्थापकीय पक्षमा साझा अवधारणा निर्माण गरी अगाडि बढनुपर्ने अवस्था महसुस गरिएको छ। यसै परिप्रेक्षमा हालसम्म गठन भइसकेका सबै प्रदेश लोक सेवा आयोगको अध्यक्ष, सदस्यहरू र जिम्मेवार राष्ट्रसेवक कर्मचारीहरू एवम् आयोग गठन भई नसकेका प्रदेशहरूका प्रतिनिधित्व गर्ने राष्ट्रसेवक कर्मचारीहरूको सहभागितामा बागमती प्रदेशका माननीय मुख्यमन्त्री श्री डोरमणि पौडेलको प्रमुख आतिथ्यता एवम् अन्य विशिष्ट व्यक्तित्वको गरिमामय उपस्थितिमा उद्‌घाटन सत्र सञ्चालन भएको र यस सत्रमा विषय विज्ञको रूपमा लोक सेवा आयोगका पूर्व माननीय सदस्य डा. गोविन्दप्रसाद कुसुमबाट **"आयोगको काम र भावीकार्य दिशा"** विषयमा कार्यपत्र प्रस्तुति गरिएको थियो। साथै बागमती प्रदेश, प्रदेश सभाका माननीय सभामुख श्री सानु कुमार श्रेष्ठको प्रमुख आतिथ्यतामा समापन भएको कार्यक्रम सहित मिति २०७६ साल फागुन १४ र १५ गते दुई दिने अन्तर प्रदेश लोक *सेवा आयोग प्रथम कार्यशाला गोष्ठी* बागमती प्रदेशको राजधानी हेटौडामा सम्पन्न गरी निम्नलिखित बुँदाहरूसहितको अन्तर प्रदेश लोक सेवा आयोग हेटौडा साझा अवधारणा तथा प्रतिबद्धता पत्र, २०७६ जारी गरिएको छः

**आयोगको मूल्य र मान्यताः**

१. संविधानको धारा ३०६ को उपधारा (१) (ठ) बमोजिम व्यवस्था भएको "संवैधानिक निकाय" भन्नाले यस संविधान बमोजिम गठन गरिएका आयोगहरूमध्ये लोक सेवा आयोग पनि उल्लेख

भएको र संविधानको भाग–२३ लोक सेवा आयोग, धारा २४४ अनुसार प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था भए बमोजिम गठित प्रदेश लोक सेवा आयोगको पहिचान र प्रतिष्ठालाई अक्षुण्ण राखी सम्मानित र मर्यादित बनाउन आयोगका पदाधिकारीहरू सदैव कटिबद्ध रहने,

२. आफ्नो कार्य क्षेत्रभित्रका विभिन्न निकायहरूको रिक्त पदहरूको पदपूर्तिको लागि उम्मेदवारको छनौट गर्ने कार्यलाई स्वच्छ, निष्पक्ष र विश्वसनीय बनाउन संघीय कानून बमोजिम अपनाइएको सिद्धान्त र मापदण्डहरूलाई प्रदेश लोक सेवा आयोगहरूले दृढताका साथ अवलम्बन गर्ने,

३. संघीय संसदबाट पारित भई जारी भएको प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन २०७५ लाई आत्मसात गर्दै आवश्यकता अनुसार लोक सेवा आयोगको सहयोग लिन सदैव अग्रसर रहने,

४. प्रदेश लोक सेवा आयोगहरूले तयार गर्ने पाठ्यक्रमहरूमा यथासम्भव एकरूपता कायम गर्ने गरी आपसी समन्वय गर्ने,

५. योग्यता प्रणालीको आधारमा स्वच्छता र निष्पक्षता कायम गरी प्रदेश सरकार र स्थानीय तहलाई आवश्यक संख्यामा उत्कृष्ट र दक्ष जनशक्ति उपलबध गराउन सदैव प्रयत्नशील रहने,

<u>नीतिगतः</u>

१. संघीय निजामती सेवा ऐन, प्रदेश निजामती सेवा ऐन तथा स्थानीय सरकारी सेवा ऐनको व्यवस्थाका लागि तिनै तहका सरकारहरूको ध्यानाकर्षण गराउने,

२. कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ मा भएको व्यवस्था बमोजिम प्रदेश र स्थानीय तहको सेवा सम्बन्धी कानून नबनेसम्म निजामती सेवा सम्बन्धी प्रचलित कानून बमोजिम पदपूर्तिको प्रक्रिया अगाडि बढाउने,

३. समायोजन पछि प्रदेश सरकारका निकायहरू र स्थानीय तहहरूमा रिक्त रहेका माथिल्ला पदहरूमा भर्नाको जटिलतालाई फुकाउन संघीय निजामती सेवा ऐनमा विशेष व्यवस्थाका लागि प्रदेश सरकार मार्फत् नेपाल सरकारलाई लिखित रूपमा जानकारी गराउने,

<u>कार्यगतः</u>

१. प्रदेश सरकारको कार्य सम्पादनलाई प्रभावकारी बनाई जनतालाई सर्वसुलभ सेवा प्रदान गर्न अहम् भूमिका खेल्ने सक्षम जनशक्तिको समयमा नै आपूर्ति गर्ने कार्य प्रदेश लोक सेवा आयोगको भएको कुरालाई गम्भीरतापूर्वक मनन् गर्ने,

२. प्रदेश सरकार तथा स्थानीय तहलाई आवश्यक योग्य जनशक्ति यथासमयमा नै पदपूर्ति गर्ने,

३. आयोगको कार्यतालिका निर्माण, शैक्षिक योग्यता र पाठ्यक्रम निर्माण, दरखास्त फाराम, माग सङ्कलन र पदपूर्तिको पदसंख्या निर्धारण, विज्ञापन, लिखित परीक्षा सञ्चालन, उत्तरपुस्तिका, सङ्केत नम्बर तथा परीक्षण, लिखित परीक्षा नतिजा प्रकाशन, प्रयोगात्मक परीक्षा, सामूहिक छलफल तथा अन्तर्वार्ता, अन्तिम नतिजा प्रकाशन तथा सिफारिस गर्ने तथा निरीक्षण, बढुवा उजुरी, परामर्श, दक्ष वा विशेषज्ञको सेवा, गोपनीयता कायम गर्ने, वार्षिक प्रतिवेदन, नियम बनाउने सम्बन्धी व्यवस्थाहरू

लगायतका आवश्यक कार्यहरू गरी प्रदेश लोक सेवा आयोगको दक्षता र प्रभावकारिताको अभिवृद्धि गर्ने,

४. प्रदेश लोक सेवा आयोगहरूले आ-आंफ्नो नियमावली, पाठ्यक्रम लगायतका नीतिगत व्यवस्थाहरू गरी २०७७ साल असार भित्र समायोजन ऐन, २०७५ बमोजिम परीक्षा सञ्चालन गर्ने गरी वार्षिक कार्यतालिका तयार गर्ने,
५. सबै आयोगहरूले परीक्षा सञ्चालन सम्बन्धी कार्यका लागि अनलाइन प्रणालीको विकास गर्ने,
६. रिक्त पद पदपूर्तिका लागि तोकिए बमोजिमको ढाँचामा माग आकृति फाराम भरी पठाउन प्रदेश सरकार र स्थानीय तहहरूलाई तत्काल पत्राचार गर्ने,
७. प्रदेश लोक सेवा अयोग ऐन तथा नियम बमोजिम अनुगमन तथा नियमनको कार्यलाई प्रभावकारी बनाउने,

<u>अन्यः</u>

१. आयोगहरूको काम कारवाहीमा एकरूपता ल्याउन प्रदेश लोक सेवा आयोगहरू बीच एक आपसमा अनुभवको आदान प्रदान, समन्वय र सहकार्यको संस्कृति विकास गर्ने,
२. प्रदेश लोक सेवा आयोगहरूले आ-आफ्नो (लोगो) प्रतीक चिन्ह तयार गर्ने,
३. सम्भव भए सम्म सबै आयोगहरुले साझा दक्ष विशेषज्ञको नामावली तयार गर्ने तथा कुनै एक प्रदेशको आयोगले अर्को प्रदेशको अयोगको दक्ष विशेषज्ञको नामावलीको सूचीबाट पनि सहयोग लिन सक्ने गरी आयोगहरू बीच समन्वय गर्ने,
४. स्वीकृत वार्षिक कार्यक्रम र उपलब्ध बजेटका आधारमा प्रदेश भित्रका जिल्लाहरूमा प्रदेश लोक सेवा आयोगको वार्षिक कार्यतालिका र आयोगले लिने परीक्षाको बारेमा स्थानीय तहमा समेत गई सचेतना कार्यक्रम सञ्चालन गर्ने,
५. स्वीकृत दरबन्दी अनुसार प्रदेश लोक सेवा आयोगलाई आवश्यक कर्मचारी उपलब्ध गराउन सम्बन्धित प्रदेश सरकारलाई अनुरोध गर्ने,
६. अन्तर प्रदेश लोक सेवा आयोग प्रथम कार्यशाला गोष्ठीको आयोजना गर्ने प्रदेश लोक सेवा आयोग वागमती प्रदेशलाई धन्यवाद दिने।
७. २०७७ सालमा अन्तर प्रदेश लोक सेवा आयोग दोश्रो कार्यशाला गोष्ठी प्रदेश लोक सेवा आयोग, प्रदेश नम्बर १ को आयोजनामा बिराटनगरमा गर्ने।
८. कार्यशाला गोष्ठीलाई सफलतापूर्वक सम्पन्न गर्न पुऱ्याउनु भएको सहयोगका लागि बागमती प्रदेशका माननीय मुख्यमन्त्री, माननीय सभामुख, श्रीमान् प्रमुख सचिव लगायत सबैप्रति हार्दिक आभार तथा धन्यवाद प्रकट गर्ने ।

# अनुसूची-५

## आयोगको आ.व. ०७६/०७७ को विनियोजित बजेट र खर्चको विवरण

प्रदेश लोक सेवा आयोग, प्रदेश नं.१ विराटनगर
कार्यालय कोड नं.: २१०००१३०११
खर्च शीर्षकगत बजेट र खर्चको वित्तीय विवरण
आ.व.२०७६/०७७

"रकम रू मा"

| बजेट उपशीर्षक | खर्च संकेत नं. | विवरण | स्रोतको | | | | शुरू बजेट / अख्तियारी | संशोधन /रकमान्तर/स्रोतान्तर | | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | गत वर्षको खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | तह | स्रोत व्यहोर्ने संस्था | प्रकार (नगद/ऋण /अनुदान) | भुक्तानी विधि | | थप | घट | | | | | |
| बजेट उपशीर्षक नं.-२१०००११-३ (चालु) | | | | | | | | | | | | | | |
| | २११११ | पारिश्रमिक कर्मचारी | प्रदेश | पदेश सरकार | नगद | नगद | ७४७००००.०० | ०.०० | ०.०० | ७४७००००.०० | ११५१८९१.४० | ११५१८९१.४० | ६३१८१०८.६० | ०.०० |
| | २११२१ | पोशाक | प्रदेश | पदेश सरकार | नगद | नगद | २०००००.०० | १०००००.०० | ०.०० | ३०००००.०० | ३००००.०० | ३००००.०० | २७००००.०० | ०.०० |
| | २११३२ | महंगी भत्ता | प्रदेश | पदेश सरकार | नगद | नगद | ४८००००.०० | ०.०० | ०.०० | ४८००००.०० | ४४०००.०० | ४४०००.०० | ४३६०००.०० | ०.०० |
| | २११३४ | कर्मचारी बैठक भत्ता | प्रदेश | पदेश सरकार | नगद | नगद | ३५००००.०० | ०.०० | ०.०० | ३५००००.०० | १५९४००.०० | १५९४००.०० | १९०६००.०० | ०.०० |
| | २११३९ | अन्य भत्ता | प्रदेश | पदेश सरकार | नगद | नगद | १३५०००.०० | ०.०० | ०.०० | १३५०००.०० | ०.०० | ०.०० | १३५०००.०० | ०.०० |
| | २१२११ | सामाजिक सुरक्षा कोष खर्च | प्रदेश | पदेश सरकार | नगद | नगद | २४००००.०० | ०.०० | ०.०० | २४००००.०० | ०.०० | ०.०० | २४००००.०० | ०.०० |
| | २१२१२ | योगदानमा आधारित निवृतभर | प्रदेश | पदेश सरकार | नगद | नगद | १०००.०० | ०.०० | ०.०० | १०००.०० | ०.०० | ०.०० | १०००.०० | ०.०० |
| | २१२१३ | योगदानमा आधारित बीमा को | प्रदेश | पदेश सरकार | नगद | नगद | १५००००.०० | ०.०० | ०.०० | १५००००.०० | ८८००.०० | ८८००.०० | १४१२००.०० | ०.०० |
| | २२१११ | पानी तथा बिजुली | प्रदेश | पदेश सरकार | नगद | नगद | ३५००००.०० | ०.०० | ०.०० | ३५००००.०० | १८४१०.०० | १८४१०.०० | ३३१५९०.०० | ०.०० |
| | २२११२ | संचार महशुल | प्रदेश | पदेश सरकार | नगद | नगद | १६५०००.०० | १३००००.०० | ०.०० | २९५०००.०० | १८१०७४.०० | १८१०७४.०० | ११३९२६.०० | ०.०० |
| | २२२१२ | इन्धन कार्यालय प्रयोजन | प्रदेश | पदेश सरकार | नगद | नगद | २०००००.०० | १०००००.०० | ०.०० | ३०००००.०० | २०८७८१.०० | २०८७८१.०० | ९१२१९.०० | ०.०० |
| | २२२१३ | सवारी साधन मर्मत खर्च | प्रदेश | पदेश सरकार | नगद | नगद | ६००००.०० | १४००००.०० | ०.०० | २०००००.०० | १३७७७८.०० | १३७७७८.०० | ६२२२२.०० | ०.०० |
| | २२२१४ | बिमा तथा नविकरण | प्रदेश | पदेश सरकार | नगद | नगद | ९००००.०० | ११००००.०० | ०.०० | २०००००.०० | १००८५.२५ | १००८५.२५ | १८९९१४.७५ | ०.०० |
| | २२२२१ | मेशीनरी तथा औजार मर्मत स | प्रदेश | पदेश सरकार | नगद | नगद | ४५०००.०० | ०.०० | ०.०० | ४५०००.०० | ०.०० | ०.०० | ४५०००.०० | ०.०० |
| | २२२३१ | निर्मित सार्वजनिक सम्पतिको | प्रदेश | पदेश सरकार | नगद | नगद | ०.०० | १२०००००.०० | ०.०० | १२०००००.०० | १७९५००.०० | १७९५००.०० | १०२०५००.०० | ०.०० |
| | २२३११ | मसलन्द तथा कार्यालय सामा | प्रदेश | पदेश सरकार | नगद | नगद | ७५००००.०० | ०.०० | ०.०० | ७५००००.०० | ७४८०५३.०० | ७४८०५३.०० | १९४७.०० | ०.०० |
| | २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना | प्रदेश | पदेश सरकार | नगद | नगद | १२८००००.०० | ०.०० | ०.०० | १२८००००.०० | १६७४०७.०० | १६७४०७.०० | १११२५९३.०० | ०.०० |
| | २२४११ | सेवा र परामर्श | प्रदेश | पदेश सरकार | नगद | नगद | १५००००.०० | ८५००००.०० | ०.०० | १००००००.०० | ०.०० | ०.०० | १००००००.०० | ०.०० |
| | २२४१३ | करार सेवा शुल्क | प्रदेश | पदेश सरकार | नगद | नगद | १५००००.०० | ८५००००.०० | ०.०० | १००००००.०० | ४६१२७५.०० | ४६१२७५.०० | ५३८७२५.०० | ०.०० |
| | २२५११ | कर्मचारी तालिम खर्च | प्रदेश | पदेश सरकार | नगद | नगद | ७३५०००.०० | ०.०० | ०.०० | ७३५०००.०० | ०.०० | ०.०० | ७३५०००.०० | ०.०० |
| | २२५१२ | सीप विकास तथा जनचेतना त | प्रदेश | पदेश सरकार | नगद | नगद | ०.०० | ९०००००.०० | ०.०० | ९०००००.०० | ०.०० | ०.०० | ९०००००.०० | ०.०० |
| | २२६११ | अनुगमन, मूल्यांकन | प्रदेश | पदेश सरकार | नगद | नगद | ३०००००.०० | ०.०० | ०.०० | ३०००००.०० | २५४६४०.०० | २५४६४०.०० | ४५३६०.०० | ०.०० |
| | २२७११ | विविध खर्च | प्रदेश | पदेश सरकार | नगद | नगद | ४५००००.०० | ३०००००.०० | ०.०० | ७५००००.०० | ७९९१०.०० | ७९९१०.०० | ६७००९०.०० | ०.०० |
| | २८१४२ | घरभाडा | प्रदेश | पदेश सरकार | नगद | नगद | ६०००००.०० | ५०००००.०० | ०.०० | ११०००००.०० | ७५५५००.०० | ७५५५००.०० | ३४४५००.०० | ०.०० |
| जम्मा | | | | | | | १४३५१०००.०० | ५१८००००.०० | ०.०० | १९५३१०००.०० | ४५९६५०४.६५ | ४५९६५०४.६५ | १४९३४४९५.३५ | ०.०० |
| बजेट उपशीर्षक नं.-२१०००११-४ (पुँजीगत) | | | | | | | | | | | | | | |
| | ३११२१ | सवारी साधन | प्रदेश | पदेश सरकार | नगद | नगद | ५००००००.०० | १८९२००००.०० | ०.०० | २३९२००००.०० | ५०८६४५०.०० | ५०८६४५०.०० | १८८३३५५०.०० | ०.०० |
| | ३११२२ | मेशिनरी तथा औजार | प्रदेश | पदेश सरकार | नगद | नगद | १५०००००.०० | १००००००.०० | ०.०० | २५०००००.०० | १६८९२१२.०० | १६८९२१२.०० | ८१०७८८.०० | ०.०० |
| | ३११२३ | फर्निचर तथा फिक्स्चर्स | प्रदेश | पदेश सरकार | नगद | नगद | १००००००.०० | २००००००.०० | ०.०० | ३००००००.०० | २४९७२३९.०० | २४९७२३९.०० | ५०२७६१.०० | ०.०० |
| जम्मा | | | | | | | ७५०००००.०० | २१९२००००.०० | ०.०० | २९४२००००.०० | ९२७२९०१.०० | ९२७२९०१.०० | २०१४७०९९.०० | ०.०० |

उप-सचिव

क्र.म.श.....

| बजेट उपशीर्षक | खर्च संकेत नं. | विवरण | स्रोतको | | | | शुरू बजेट / अख्तियारी | संशोधन /रकमान्तर/श्रोतान्तर | | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | गत वर्षको खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | तह | स्रोत व्यहोर्ने संस्था | प्रकार (नगद/ऋण /अनुदान) | भुक्तानी विधि | | थप | घट | | | | | |
| बजेट उपशीर्षक नं.-२१०००००१-३ (चालु) | | | | | | | | | | | | | | |
| | २१११२ | पारिश्रमिक पदाधिकारी | प्रदेश | पदेश सरकार | नगद | नगद | २५५६०००.०० | ०.०० | ०.०० | २५५६०००.०० | ८८०८२५.०० | ८८०८२५.०० | १६७५१७५.०० | ०.०० |
| | २११४१ | पदाधिकारी बैठक भत्ता | प्रदेश | पदेश सरकार | नगद | नगद | १४००००.०० | ०.०० | ०.०० | १४००००.०० | ०.०० | ०.०० | १४००००.०० | ०.०० |
| | २११४२ | पदाधिकारी अन्य सुविधा | प्रदेश | पदेश सरकार | नगद | नगद | ४५००००.०० | ०.०० | ०.०० | ४५००००.०० | १५७६५२.०० | १५७६५२.०० | २९२३४८.०० | ०.०० |
| जम्मा | | | | | | | ३१४६०००.०० | ०.०० | ०.०० | ३१४६०००.०० | १०३८४७७.०० | १०३८४७७.०० | २१०७५२३.०० | ०.०० |
| कूल जम्मा | | | | | | | २४९९७०००.०० | २७१०००००.०० | ०.०० | ५२०९७०००.०० | १४९०७८८२.६५ | १४९०७८८२.६५ | ३७१८९११७.३५ | ०.०० |
| | | | | | | | | | | | फछर्यौट हुन बाँकी पेश्की | ०.०० | | |
| | | | | | | | | | | | पेश्की कटाई खर्च | १४९०७८८२.६५ | | |

पेश गर्ने:
हस्ताक्षर:
नाम:
दर्जा:

प्रदेश लोक सेवा आयोग
प्रदेश नं. १

स्वीकृत गर्ने:
हस्ताक्षर:
नाम:
दर्जा:
उप-सचिव

## अनुसूची-६

प्रदेश नं. १ अन्तर्गत स्थानीय तहमा समायोजन पश्चात सेवा समूह अनुसार पदपूर्ति (खुला तथा समावेशी) भएका एवं बढुवा हुन बाँकी पदसंख्या विवरण

| क्र.सं. | सेवा | समूह/पद | तह | | | | | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ४ | | ५ | | ६ | | ९ | | सबै तह | |
| | | | पदपूर्ति | बढुवा बाँकी | पदपूर्ति | बढुवा बाँकी | पदपूर्ति | बढुवा बाँकी | पदपूर्ति | बढुवा बाँकी | पदपूर्ति | बढुवा बाँकी |
| १ | आर्थिक योजना तथा तथ्याङ्क (प्रा.) | सहायक/अधिकृत | ० | ० | २ | ० | २ | ० | ० | ० | ४ | ० |
| | | **जम्मा** | **०** | **०** | **२** | **०** | **२** | **०** | **०** | **०** | **४** | **०** |
| २ | इन्जिनियरिङ्ग (प्रा.) | सिभिल | ३६६ | १०४ | १८४ | २३२ | ९५ | ७ | ० | ३२ | ६४५ | ३७५ |
| | | सर्भे | ५१ | १२ | ० | ० | २ | ० | ० | ० | ५३ | १२ |
| | | वि.एण्ड.आ. | ० | ० | ० | ० | ११ | १ | ० | ० | ११ | १ |
| | | **इन्जिनियरिङ्ग जम्मा** | **४१७** | **११६** | **१८४** | **२३२** | **१०८** | **८** | **०** | **३२** | **७०९** | **३८८** |
| ३ | न्याय (अप्रा.) | कानून | ० | ० | १ | ० | १ | ० | ० | ० | २ | ० |
| | | **जम्मा** | **०** | **०** | **१** | **०** | **१** | **०** | **०** | **०** | **२** | **०** |
| ४ | प्रशासन (अप्रा.) | सामान्य प्रशासन | १९७ | ६० | २४२ | ३०९ | ११७ | ६७ | ० | १० | ५५६ | ४४६ |
| | | लेखा | ३ | ० | १४९ | २३ | ५६ | ० | ० | १ | २०८ | २४ |
| | | **प्रशासन जम्मा** | **२००** | **६०** | **३९१** | **३३२** | **१७३** | **६७** | **०** | **११** | **७६४** | **४७०** |
| ५ | शिक्षा (प्रा.) | शिक्षा प्रशासन | ० | ० | ९० | २ | ७५ | १ | ० | ६ | १६५ | ९ |
| | | **जम्मा** | **०** | **०** | **९०** | **२** | **७५** | **१** | **०** | **६** | **१६५** | **९** |
| ६ | विविध (प्रा.) | कम्प्यूटर इन्जिनियर | | ० | ० | ० | २ | ० | ० | ० | २ | ० |
| | | कम्प्यूटर अधिकृत | ० | ० | ० | ० | १ | ० | ० | ० | १ | ० |
| | | कम्प्यूटर अपरेटर | ० | ० | ६९ | ० | ० | ० | ० | ० | ६९ | ० |
| | | सहायक कम्प्यूटर अपरेटर | २ | ० | ० | ० | ० | ० | ० | ० | २ | ० |
| | | **कम्प्यूटर जम्मा** | **२** | **०** | **६९** | **०** | **३** | **०** | **०** | **०** | **७४** | **०** |
| | | महिला विकास अधिकृत | ० | ० | ० | ० | १ | १ | ० | ० | १ | १ |
| | | महिला विकास निरीक्षक | ० | ० | ९ | ० | ० | ० | ० | ० | ९ | ० |
| | | स. महिला विकास निरीक्षक | २७ | ० | ० | ० | ० | ० | ० | ० | २७ | ० |
| | | **जम्मा महिला विकास** | **२७** | **०** | **९** | **०** | **१** | **१** | **०** | **०** | **३७** | **१** |
| | | वातावरण इन्जिनियर | ० | ० | ० | ० | २ | ० | ० | ० | २ | ० |
| | | वातावरण निरीक्षक | ० | ० | ० | ० | २ | ० | ० | ० | २ | ० |
| | | **वातावरण जम्मा** | **०** | **०** | **०** | **०** | **4** | **०** | **०** | **०** | ४ | ० |
| | | **विधिध जम्मा** | **२९** | **०** | **७८** | **०** | **८** | **१** | **०** | **०** | **११५** | **१** |
| | | **कूल जम्मा** | **६४६** | **१७६** | **७४६** | **५६६** | **३६७** | **७७** | **०** | **४९** | **१७५९** | **८६८** |

[श्रोत: लोक सेवा आयोगको ६० औं वार्षिक प्रतिवेदन, २०७६]

अनुसूची-७

# प्रदेश लोक सेवा आयोग नियमावली, २०७७

प्रदेश लोक सेवा ऐन, २०७६ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. १, प्रदेश लोक सेवा आयोगले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "प्रदेश लोक सेवा आयोग नियमावली, २०७७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "**ऐन**" भन्नाले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ सम्झनु पर्छ ।

(ख) "**कार्यालय**" भन्नाले प्रदेश लोक सेवा आयोगको कार्यालय सम्झनु पर्छ ।

(ग) "**दक्ष वा विज्ञ वा विशेषज्ञ**" भन्नाले आयोगबाट सञ्चालन हुने परीक्षा सम्वन्धी काममा संलग्न हुने आयोगले तोकेको सम्वन्धित विषयको ज्ञान भएको व्यक्ति सम्झनु पर्छ । सो शब्दले त्यस्तो विषयको ज्ञान भएको आयोगको पदाधिकारी वा कर्मचारीलाई समेत जनाउँछ ।

(घ) "**नजिकको नातेदार**" भन्नाले बाबु, आमा, पति, पत्नी, छोरा-छोरी, दाजु-भाई, दिदी-बहिनी, भाउजू-बुहारी, आमाजू, नन्द, जेठाजु, देवर, जेठानी, देउरानी, काका-काकी, ठूलोबुबा-ठूलीआमा, सानाबा-सानीआमा, भतिजा-भतिजी, भाञ्जा-भाञ्जी, भिनाजु-ज्वाईं, मामा-माइजू, फुपू-फुपाजू, जेठी सासू, साढु दाइ/भाई, साला-साली, छोरी-ज्वाईं, छोरा-बुहारी, सम्धी-सम्धिनी, सासू-ससुरा, धर्मपुत्र, धर्मपुत्री, सौतेनी आमा, सौतेनी बाबु समेत सम्झनु पर्छ ।

(ङ) "**नियमावली**" भन्नाले प्रदेश लोक सेवा आयोग नियमावली, २०७७ लाई सम्झनुपर्छ ।

(च) "**सम्वन्धित निकाय**" भन्नाले सेवा, शर्त सम्वन्धी कानून बमोजिम पदपूर्तिको लागि माग गर्ने मन्त्रालय, सचिवालय, आयोग, कार्यालय, विभाग, निर्देशनालय, डिभिजन कार्यालय, स्थानीय तह, स्थानीय तहमा रहेको कार्यालय वा अन्य संगठित संस्थाको कार्यालय समेतलाई जनाउँछ ।

(छ) "**समूह वा उपसमूह**" भन्नाले प्रदेश निजामती सेवा अन्तर्गतका समूह वा उपसमूह र स्थानीय सरकारी सेवा अन्तरगतका समूह वा उपसमूह सम्झनु पर्छ।

## परिच्छेद-२

## प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाको पदपूर्तिको लागि माग र पदसंख्या निर्धारण सम्बन्धी व्यवस्था

३. **पदपूर्तिको लागि माग गर्ने तरिकाः** (१) सम्वन्धित निकायले प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा र अन्य सरकारी सेवाको रिक्त पदपूर्तिको लागि माग गर्दा अनुसूची-१ बमोजिमको फाराम भरी आयोगमा पठाउनु पर्नेछ ।

(२) अनुसूची-१ बमोजिमको फाराम भरी आयोगमा माग गरी पठाउँदा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत् पठाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम पदपूर्ति गर्न माग गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रत्येक दुई-दुई महिनामा रिक्त पदहरुको माग गरी पठाउनु पर्नेछ।

(४) उपनियम (२) बमोजिम पदपूर्तिको लागि माग गरी सकेपछि त्यस्तो पद सरुवाद्वारा पूर्ति गरिने छैन ।

४. **पदसंख्या निर्धारणः** (१) नियम ३ बमोजिम रिक्त पदको माग सङ्कलन भएपछि त्यस्तो पदको सेवा शर्त सम्बन्धी प्रचलित कानूनमा उल्लेख भएको प्रतिशत बमोजिम आयोगले पदसंख्या निर्धारण गर्नेछ ।

(२) उपनियम (१) बमोजिम पदसंख्या निर्धारण भएपछि सोसँग सम्बन्धित विज्ञापन रद्द भई वा अन्य कुनै कारणले पदपूर्ति हुन नसकेमा त्यसपछि माग हुने पद समेतलाई गणना गरी पदसंख्या निर्धारण गरिनेछ ।

(३) पदसंख्या निर्धारण सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

५. **प्रदेश प्रहरी सेवामा पदपूर्ति सम्बन्धी व्यवस्थाः** (१) प्रदेश प्रहरी सेवाको पदपूर्तिका लागि लिइने लिखित परीक्षा आयोगले सञ्चालन गर्नेछ।

(२) प्रदेश प्रहरी सेवामा पदपूर्ति गर्दा अपनाइने लिखित परीक्षा बाहेकको अन्य सम्पूर्ण प्रक्रिया प्रचलित प्रदेश प्रहरी कानून बमोजिम हुनेछ ।

६. **प्रदेश शिक्षक सेवा तथा संगठित संस्थाको पदपूर्तिको लागि माग गर्ने तरीकाः** (१) प्रदेश शिक्षक सेवा तथा संगठित संस्थाको रिक्त पदमा पदपूर्तिका लागि माग गर्दा सम्बन्धित निकाय वा संगठित संस्थाको पदपूर्ति समितिले रिक्त पद संख्या यकिन गरी सेवा शर्त सम्बन्धी कानून बमोजिम सहमतिको लागि आयोगमा पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पदपूर्तिका लागि माग गरेमा सम्बन्धित सेवा, शर्त सम्बन्धी कानूनमा तोकिए बमोजिम प्रतिशत निर्धारण गरी आयोगले पन्ध्र दिन भित्रमा सहमति दिनेछ।

(३) उपनियम (१) बमोजिम प्रतिशत निर्धारणको सहमति माग गर्दा सम्बन्धित सेवा, शर्त सम्बन्धी कानूनमा तोकिएको म्यादभित्र पठाउनु पर्नेछ।

## परिच्छेद-३

## पाठ्यक्रम र परीक्षण विधि सम्बन्धी व्यवस्था

७. **पाठ्यक्रम निर्माणः** (१) आयोगले प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा तथा अन्य सरकारी सेवा अन्तर्गतको प्रत्येक सेवा, समूह तथा उपसमूहको तहका पदहरुको लागि आवश्यकता अनुसार पाठ्यक्रम निर्माण गर्नेछ ।

(२) उपनियम (१) बमोजिम पाठ्यक्रम निर्माण गर्दा सेवा समूह र तहको सक्षमता मापन गरी सम्बन्धित पदको कार्य विवरण र कार्य विश्लेषण गरी शैक्षिक योग्यता समेतलाई आधार लिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम पाठ्यक्रम निर्माण गर्दा पाठ्यक्रम लागू हुने मिति, प्रत्येक विषयको पूर्णाङ्क, उत्तीर्णाङ्क, परीक्षा प्रणाली, परीक्षाको माध्यम (भाषा), प्रश्नको अङ्कभार र समय समेत समावेश गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम आयोगले पाठ्यक्रम निर्माण गर्दा सेवा, समूह, उपसमूह सञ्चालन गर्ने सम्बन्धित मन्त्रालय, सचिवालय, निकाय तथा सम्बन्धित विषयको विशेषज्ञको राय लिन सक्नेछ ।

(५) उपनियम (१) बमोजिम पाठ्यक्रम निर्माणका लागि आयोगले देहाय बमोजिम पाठ्यक्रम निर्माण समिति गठन गर्न सक्नेछः

(क) आयोगको अध्यक्ष वा आयोगले तोकेको आयोगको सदस्य -संयोजक

(ख) आयोगको सचिव -सदस्य

(ग) सम्वन्धित विषयको विज्ञ -सदस्य

(घ) सेवा, समूह सञ्चालन गर्ने मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुख -सदस्य

(ङ) आयोगको महाशाखा वा शाखा प्रमुख -सदस्य सचिव

(६) उपनियम (५) बमोजिम गठित पाठ्यक्रम निर्माण समितिमा आवश्यकता अनुसार पाठ्यक्रम विज्ञलाई आमन्त्रण गर्न सकिने छ ।

(७) प्रदेश लोक सेवा आयोगले निर्माण गरेको पाठ्यक्रम सार्वजनिक गर्नु पर्नेछ ।

(८) पाठ्यक्रम निर्माण सम्वन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **परीक्षण विधिः** प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको पदपूर्तिको लागि आयोगले लिने परीक्षाको उत्तरपुस्तिकाको परीक्षण गर्ने तरिका र मूल्याङ्कन विधि आयोगले निर्धारण गरेको आधार तथा मापदण्ड बमोजिम हुनेछ ।

## परिच्छेद-४

## विज्ञापन सम्बन्धी व्यवस्था

९. **विज्ञापन सम्बन्धी व्यवस्थाः** (१) आयोगले प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा र अन्य सरकारी सेवाको रिक्त पदपूर्ति गर्नको लागि कार्यतालिका बनाई विज्ञापन प्रकाशन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम विज्ञापन प्रकाशन गर्दा आयोगले बुलेटिन, राष्ट्रियस्तरका दैनिक पत्रिका, प्रदेशस्तरका दैनिक पत्रिका, आयोगको वेवसाइट वा आवश्यकता अनुसार सञ्चारका अन्य माध्यम मार्फत विज्ञापन प्रकाशन गर्ने वा गराउनेछ।

(३) उपनियम (१) बमोजिम दरखास्त फाराम बुझाउने म्याद दिँदा पहिलो पटक विज्ञापन प्रकाशन भएको मितिले कम्तिमा एक्काइस दिन दिनु पर्नेछ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दरखास्त फाराम बुझाउने म्याद समाप्त भएको मितिले सात दिनभित्र परीक्षा दस्तुरको दोब्बर दस्तुर तिरी दरखास्त फाराम बुझाउन सकिनेछ।

(५) उम्मेदवारले दरखास्त पेश गर्दा सिधै दरखास्त फाराम वा विद्युतीय माध्यमबाट पेश गर्न सक्ने गरी आयोगले विज्ञापन प्रकाशित गर्न सक्नेछ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दरखास्त फाराम बुझाउने म्याद थप गर्नुपर्ने पर्याप्त आधार र कारण देखिएमा आयोगले म्याद थप गर्न सक्नेछ।

(७) यस नियम बमोजिम प्रकाशन गरेको विज्ञापन बमोजिम पदपूर्ति गर्नु नपर्ने वा पद आवश्यक नभएको भनी परीक्षा सञ्चालन हुनु भन्दा कम्तिमा सात दिन अगाडि सम्बन्धित निकायले त्यस्तो विज्ञापन रद्द गर्न कारण सहित लिखित अनुरोध गरेमा आयोगले त्यस्तो विज्ञापन रद्द गर्न वा गराउन सक्नेछ ।

१०. **दरखास्त फाराम बुझाउनेः** ऐन र यस नियमावली बमोजिम प्रकाशित विज्ञापन बमोजिमको प्रतियोगितामा भाग लिन चाहने व्यक्तिले आयोगले निर्धारण गरे बमोजिमको दरखास्त फाराम भरी आवश्यक परीक्षा दस्तुर सहित विज्ञापनमा उल्लेख भएको म्यादभित्र आयोगबाट तोकिएको स्थानमा दरखास्त फाराम बुझाउनु पर्नेछ ।

११. **उम्मेदवारको उमेर र योग्यताको गणनाः** (१) नियम १० बमोजिम दरखास्त फाराम बुझाउने व्यक्ति उम्मेदवार हुनको लागि प्रचलित कानून बमोजिम पुग्नुपर्ने वा कायम हुनुपर्ने उमेर त्यस्तो दरखास्त फाराम बुझाउनको लागि ऐन र नियमावली बमोजिम दिइएको अन्तिम दिनसम्ममा पुरा भएको तथा उमेरको हद ननाघेको हुनु पर्नेछ ।

(२) उम्मेदवारको उमेरको गणना गर्दा निजले दरखास्त फाराम साथ पेश गरेको शिक्षण संस्थाको प्रमाणपत्र वा नागरिकताको प्रमाणपत्र वा निजले पेश गरेको उमेर खुलेको अन्य प्रमाणपत्रमा किटिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेरमध्ये जुन उमेरबाट निज पहिले जन्मिएको देखिन्छ सोही आधारमा निजको उमेरको गणना गरिनेछ ।

(३) ऐनको दफा २४ बमोजिम दिइएको अन्तिम म्याद पछि जारी हुने शैक्षिक योग्यता, तालिम, व्यवसायिक परिषद दर्ता, सम्वद्धता, समकक्षता, अनुभव वा सेवा अवधि गणना गरिनेछैन ।

१२. **दरखास्त फाराम छानविन गर्नेः** (१) नियम ११ बमोजिम आयोगमा प्राप्त दरखास्त फाराम विज्ञापनमा उल्लेख भएबमोजिम रीत पुगे नपुगेको छानविन गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त फाराम छानविन गर्दा उम्मेदवारको दरखास्त रीतपूर्वकको देखिएमा सम्बन्धित उम्मेदवारलाई नियम १३ को उपनियम (१) बमोजिमको परीक्षा प्रवेशपत्र उपलब्ध गराउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम दरखास्त फाराम रुजु गर्दा म्यादभित्र प्राप्त नभएको वा न्यूनतम योग्यता नपुगेको वा विज्ञापनमा उल्लिखित अन्य विवरण नखुलाएको वा नमिलेको, परीक्षा दस्तुर नबुझाएको वा अन्य रीत नपुगेको पाइएमा त्यस्तो दरखास्त आयोगले अस्वीकृत गरी सोको जानकारी आयोगको वेवसाइटमा राख्नु पर्नेछ ।

(४) आयोगले विद्युतीय माध्यमबाट दरखास्त पेश गर्ने गरी विज्ञापन प्रकाशन गरेमा त्यस्तो दरखास्त दिने उमेदवारलाई निश्चित समय दिई आवश्यक कागजातहरुको सक्कल प्रति आयोगमा वा आयोगले तोकेको कार्यालयमा पेश गर्नुपर्ने गरी तोक्न सक्नेछ ।

(५) कुनै पनि उम्मेदवारले शर्त राखि पेश गरेको दरखास्त फाराम स्वीकृत गरिनेछैन ।

(६) उपनियम (२) बमोजिम परीक्षा प्रवेशपत्र जारी भैसकेको भए तापनि कुनै उम्मेदवारको दरखास्त फाराम रीतपूर्वकको नदेखिएमा त्यस्तो दरखास्त फाराम जुनसुकै अवस्थामा पनि रद्द गर्न सकिनेछ र त्यस्तो रद्द गरेको विवरण आयोगको वेवसाइटमा राख्नु पर्नेछ ।

१३. **<u>परीक्षा प्रवेशपत्र सम्बन्धी व्यवस्थाः</u>** (१) परीक्षा प्रवेशपत्रको ढाँचा आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

(२) उम्मेदवारले प्रवेशपत्रमा उल्लेख भएका शर्तहरू पालना गर्नु पर्नेछ र त्यस्ता शर्तहरूको पालना नगर्ने उम्मेदवारलाई आयोगले ऐनको दफा २६ को उपदफा (२) बमोजिम कारबाही गर्न सक्नेछ।

(३) आयोगबाट जारी भएका परीक्षा प्रवेशपत्र हराएमा वा नासिएमा सम्बन्धित व्यक्तिको निवेदन मागका आधारमा आयोगले तोकेको दस्तुर लिई परीक्षा प्रवेशपत्रको प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ ।

१४. **<u>उम्मेदवारको नामावली प्रकाशनः</u>** (१) प्रत्येक विज्ञापनको लागि दरखास्त फाराम दिने ऐन र नियमावली बमोजिमको म्याद समेत समाप्त भएपछि आयोगले दरखास्त फाराम स्वीकृत भएका सबै उम्मेदवारहरूको नामावली आयोगको वेवसाइटमा राखि सार्वजनिक गर्नेछ र त्यस्तो नामावली आयोगको कार्यालयमा समेत सूचना टाँस गरिनेछ ।

(२) प्रदेश प्रहरी र संगठित संस्थाद्वारा स्वीकृत नामावली त्यस्तो प्रदेश प्रहरीको कार्यालय, र संगठित संस्थाको कार्यालयमा समेत सूचना प्रकाशित गरी छिटो साधनद्वारा आयोगमा पठाउनु पर्नेछ।

१५. **<u>परीक्षा केन्द्र, स्थान र समयः</u>** नियम १४ बमोजिम उम्मेदवारको नामावली प्रकाशन भएपछि आयोगले परीक्षा केन्द्र, स्थान र समय निर्धारण गरी त्यस्तो परीक्षा केन्द्र स्थान र समय सम्बन्धित सबैको जानकारीका लागि आयोगको सूचना पाटी, राष्ट्रिय तथा प्रदेश स्तरका दैनिक पत्रिका, आयोगको वेवसाइट वा आवश्यकता अनुसार अन्य सञ्चारका माध्यम मार्फत् सार्वजनिक गर्नु पर्नेछ ।

## परिच्छेद-५

## प्रश्नपत्रको निर्माण तथा परिमार्जन सम्बन्धी व्यवस्था

१६. **प्रश्नको निर्माणः** (१) आयोगले परीक्षाको लागि प्रश्न निर्माण गर्दा सम्बन्धित विषयका दक्ष वा विज्ञ वा विशेषज्ञबाट गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रश्न निर्माण गर्ने दक्ष वा विज्ञ वा विशेषज्ञलाई सम्बन्धित विषयको पाठ्यक्रम, प्रश्नपत्र निर्माण निर्देशिका र अन्य आवश्यक विवरण समेत गोप्य रुपले उपलब्ध गराउनु पर्नेछ।

(३) कुनै पदको पाठ्यक्रममा भौगोलिक, ऐतिहासिक, आर्थिक, सामाजिक, राजनैतिक, कानूनी, वैज्ञानिक, अन्तर्राष्ट्रिय घटनाक्रम गतिविधि आदि विभिन्न क्षेत्र समावेश भएकोमा त्यस्तो पाठ्यक्रम र त्यस्तो पदको आवश्यक न्यूनतम शैक्षिक योग्यता अनुसार प्रश्न निर्माण गर्दा सबै क्षेत्र समावेश हुने गरी सम्भव भएसम्म सम्बन्धित क्षेत्रका दक्ष वा विज्ञ वा विशेषज्ञद्वारा निर्माण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) कुनै एक विज्ञापन बमोजिम हुने परीक्षाको लागि सामान्यतया आयोगले प्रत्येक विषयको कच्चा प्रश्नपत्र निर्माण गर्दा अलग-अलग दक्ष वा विज्ञ वा विशेषज्ञवाट कम्तिमा पाँच सेट तयार गराउनु पर्नेछ ।

(५) आयोगले सामान्यतया प्रत्येक विषयको कम्तीमा तीन सेट परिमार्जित प्रश्नपत्र निर्माण गर्नु गराउनु पर्नेछ ।

(६) आयोगको कार्यतालिका अनुसार रिक्त पदको माग प्राप्त हुने समय र प्रश्नपत्र भण्डारमा मौज्दातको अवस्था समेतलाई दृष्टिगत गरी प्रश्नपत्र निर्माण गराउनु पर्नेछ ।

(७) प्रश्नपत्र निर्माण गर्दा सबै पाठ्यांश (खण्ड, समूह, उपसमूह) बाट समानुपातिक रुपमा प्रश्न समावेश गर्नु पर्नेछ ।

(८) प्रश्नपत्र सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

१७. **प्रश्नपत्रको परिमार्जनः** (१) नियम १६ बमोजिम निर्माण गरिएका प्रश्नपत्रको परिमार्जन (मोडरेशन) आवश्यकता अनुसार एक वा एक भन्दा बढी दक्ष वा विज्ञ वा विशेषज्ञद्वारा गराउनु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रश्नपत्र परिमार्जन गराउँदा दुई वा सो भन्दा बढी दक्ष वा विज्ञ वा विशेषज्ञको समूहबाट अलग-अलग रुपमा गराउन सकिनेछ ।

(३) उपनियम (१) बमोजिम प्रश्नपत्रको परिमार्जन गर्दा सकभर सबै पाठ्यांश (खण्ड, समूह, उपसमूह) बाट समानुपातिक रुपमा प्रश्न समावेश गर्नु पर्नेछ ।

(४) प्रश्नपत्रको चयन गर्दा पाठ्यक्रममा तोकिएको समयभित्र उम्मेदवारले उत्तर लेख्न सक्ने किसिमको हुनुपर्नेछ ।

(५) प्रश्नपत्र परिमार्जन गर्दा देहायका कुराहरूमा ध्यान दिनुपर्नेछः

(क) विवादास्पद तथा द्विविधायुक्त प्रश्न नराख्ने,

(ख) पाठ्यक्रमभन्दा बाहिरका प्रश्न नराख्ने,

(ग) सम्बन्धित पद (श्रेणी वा तह) को स्तरसँग मिल्ने किसिमका प्रश्न राख्ने,

(घ) प्रश्नपत्रको सेट तयार गर्दा एक सेटभित्र रहने प्रश्नहरू नदोहोरिने गरी तयार गर्ने,

(ङ) प्रश्नपत्रको परिमार्जन सम्बन्धमा आयोगले तोकेको अन्य कार्यविधिको पालना गर्ने,

(च) पाठ्यक्रमको अंकभार सन्तुलन हुने गरी प्रश्नहरु राख्ने ।

(६) प्रश्नपत्र परिमार्जन गर्दा प्रयोग नभएका वा प्रयोग गर्न अनुपयुक्त देखिएका प्रश्नहरू सम्बन्धित शाखाले धुल्याउनु पर्नेछ ।

(७) प्रश्नपत्रको परीमार्जन सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

१८. **<u>प्रश्नपत्रको भण्डारण तथा छपाईः</u>** (१) नियम १७ बमोजिम परिमार्जन गरिएका प्रश्नपत्रको भण्डारण गर्न आयोगमा प्रश्नपत्र भण्डार रहने छ।

(२) उपनियम (१) बमोजिमको प्रश्नपत्र भण्डारण कक्ष आयोगको सचिवको रेखदेख र नियन्त्रणमा रहनेछ ।

(३) प्रश्नपत्रको छपाइ सम्बन्धी काम आयोगको कार्यालयमा आयोगको सचिवले तोकेको कर्मचारीले सचिवको रोहवरमा गर्नु गराउनु पर्नेछ । उक्त प्रश्नपत्र तयार गर्ने कम्प्युटरमा इन्टरनेट लगायत अन्य कुनै प्रविधिको जडान गरिने छैन ।

(४) प्रश्नपत्र भण्डारबाट संकेतको आधारमा आयोगका अध्यक्षबाट प्रश्नपत्र सेटको छनौट गरी छपाइका लागि पठाइनेछ ।

## परिच्छेद-६

## परीक्षा सञ्चालन, उत्तर पुस्तिका परीक्षण तथा नतिजा प्रकाशन सम्बन्धी व्यवस्था

१९. **परीक्षा सञ्चालनः** (१) आयोगले पदपूर्तिको लागि प्रकाशन गरेको विज्ञापन बमोजिम उम्मेदवारको छनौट गर्न सोही विज्ञापनमा उल्लेख भए बमोजिम विभिन्न चरणमा परीक्षा सञ्चालन गर्न सक्नेछ ।

(२) परीक्षा संचालन सम्बन्धी अन्य व्यवस्था आयोगले स्वीकृत गरेको निर्देशिका बमोजिम हुनेछ।

२०. **उत्तरपुस्तिकामा संकेत (कोड) राख्नेः** (१) आयोगबाट लिइने लिखित परीक्षा सम्पन्न भएपछि उत्तर पुस्तिकामा पहिलो तथा दोस्रो कोड राख्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम उत्तर पुस्तिकामा पहिलो कोड राख्ने काम परीक्षा सञ्चालन शाखाको हुनेछ ।

(३) उपनियम (२) बमोजिम उत्तरपुस्तिका प्राप्त भएको सामान्यतया सात दिन भित्र प्रथम संकेत (कोड) कायम गरिसक्नु पर्नेछ ।

(४) उत्तरपुस्तिकामा उपनियम (३) बमोजिमको समयावधिमा पहिलो संकेत (कोड) राखेपछि दोस्रो संकेत आयोगको सचिवले तोकेको कुनै शाखाको शाखा प्रमुखको नेतृत्वमा राख्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम दोश्रो कोड राख्ने अधिकृत कर्मचारी तोक्दा पहिलो कोड राख्ने कर्मचारी वा निजको नाता सम्वन्धको कर्मचारीलाई तोक्नु हुँदैन ।

(६) उत्तरपुस्तिकामा राखिएको पहिलो संकेतको अर्धकट्टीको सिलबन्दी पोका आयोगको सचिव वा निजले तोकेको कर्मचारी र दोस्रो संकेतको अर्धकट्टीको सिलबन्दी पोका अध्यक्ष वा निजले तोकेको आयोगको कर्मचारीको जिम्मामा रहनेछ। तर त्यसरी कर्मचारी तोक्दा अलग अलग कर्मचारी तोक्नु पर्नेछ।

(७) लिखित परीक्षाको नतिजा प्रकाशन गर्न सम्बन्धित शाखाबाट अनुरोध भै आएपछि अभिलेख राखी अर्धकट्टीको सिलबन्दी पोका सम्बन्धित शाखामा उपलब्ध गराउनुपर्नेछ ।

(८) उपनियम (३) र (४) बमोजिम संकेत (कोड) कायम गरिएको अर्धकट्टीको आधारमा सम्वन्धित शाखाले नतिजा प्रकाशनका लागि आवश्यक उत्तरपुस्तिकाको डिकोडिङ्ग गर्नेछ ।

(९) नियम २१ को उपनियम (४) बमोजिम विद्युतीय माध्यमबाट परीक्षण हुने गरी तयार गरिएको उत्तरपुस्तिकामा संकेतको सट्टा बारकोडको प्रयोग गरिनेछ ।

२१. **उत्तरपुस्तिकाको परीक्षणः** (१) आयोगबाट लिइने लिखित परीक्षाको उत्तरपुस्तिकाको परीक्षण आयोगले तोकेको सम्बन्धित विषयको दक्ष वा विज्ञ वा विशेषज्ञबाट गराउनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम उत्तरपुस्तिका परीक्षणको लागि आयोगले आवश्यकता अनुसार परीक्षण गर्ने तरिका र मूल्याङ्कन गर्ने विधि लगायतका विषयमा निर्देशिका वनाई सम्बन्धित दक्ष वा विज्ञ वा विशेषज्ञलाई उपलब्ध गराउनुपर्नेछ ।

(३) उपनियम (१) बमोजिम उत्तरपुस्तिका प्राप्त भए पछि सम्बन्धित दक्ष वा विज्ञ वा विशेषज्ञले उपनियम (२) बमोजिम आयोगबाट उपलब्ध गराएको निर्देशिकाको अधिनमा रही आयोगले तोकेको समयभित्र त्यस्ता उत्तरपुस्तिका गोप्य रुपमा परीक्षण गरी आयोगलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) उपनियम (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले वस्तुगत विषय मात्र हुने परीक्षाको उत्तरपुस्तिका विद्युतीय माध्यमबाट परीक्षण गर्न सक्नेछ ।

(५) विद्युतीय माध्यमबाट उत्तरपुस्तिका परीक्षण गर्दा अपनाउनु पर्ने प्रक्रिया आयोगले स्वीकृत गरेको निर्देशिका बमोजिम हुनेछ ।

(६) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि आयोगले तोकेको पदको परीक्षाको उत्तरपुस्तिका एकभन्दा वढी विज्ञबाट दोहोरो परीक्षण गराउन वाधा पर्ने छैन ।

(७) उत्तरपुस्तिका परीक्षण सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

२२. **<u>उत्तरपुस्तिका रुजु गर्ने</u>:** (१) नियम २१ को उपनियम (३) बमोजिम दक्ष वा विज्ञ वा विशेषज्ञबाट परीक्षण भई प्राप्त भएका उत्तरपुस्तिका रुजु गरी राखिनेछ ।

(२) उत्तरपुस्तिका रुजु गर्दा देहायका विषयलाई ध्यान दिनुपर्नेछः

(क) उम्मेदवारले लेखेको सबै उत्तर परीक्षण गरी अंक दिइएको छ, छैन,

(ख) परीक्षकले दिएका सबै अंकहरू ठीकसँग जोडिएको छ, छैन,

(ग) आयोगले निर्धारण गरेका अन्य कुराहरू ।

२३. **<u>उत्तरपुस्तिकाको संपरीक्षण तथा पुनः परीक्षण</u>:** (१) आयोगले आवश्यक देखेमा सम्बन्धित विषयको दक्ष वा विज्ञ वा विशेषज्ञबाट परीक्षण भई प्राप्त भएका उत्तरपुस्तिका मध्ये सबै वा केही उत्तरपुस्तिका संपरीक्षण गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम उत्तरपुस्तिका संपरीक्षण गर्दा उत्तरपुस्तिका परीक्षण गर्नेले पालना गर्नु पर्ने शर्तहरु पालना गरेको नपाइएमा त्यस्तो उत्तर पुस्तिकाको पुनः परीक्षण गराइनेछ ।

(३) उपनियम (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि लिखित परीक्षाको नतिजा प्रकाशन भएपछि उत्तरपुस्तिकाको संपरीक्षण वा पुनः परीक्षण गरिने छैन ।

२४. **सीप परीक्षण र प्रयोगात्मक परीक्षाको मूल्याङ्कनः** (१) प्रदेश लोक सेवा आयोगको कार्यालयमा हुने सीप परीक्षण र प्रयोगात्मक परीक्षाको मूल्याङ्कनको लागि ऐनको दफा ३४ बमोजिम आयोगको अध्यक्ष वा आयोगले तोकेको सदस्यको अध्यक्षतामा मूल्याङ्कन समिति गठन गरिनेछ।

(२) सीप परीक्षण र प्रयोगात्मक परीक्षाको मूल्याङ्कन सम्बन्धी तरिका र विधि आयोगले बनाएको निर्देशिका बमोजिम हुनेछ।

२५. **लिखित वा प्रयोगात्मक परीक्षाको नतिजाः** (१) ऐनको दफा ३५ बमोजिम आयोगले लिखित वा प्रयोगात्मक परीक्षाको नतिजा प्रकाशन गर्दा रिक्त पदको अनुपातमा अनुसूची-२ मा उल्लेख भए बमोजिमको संख्यामा वर्णानुक्रमको आधारमा नतिजा प्रकाशन गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम नतिजा प्रकाशन गर्दा अस्थायी योग्यताक्रम सूचीमा समावेश गर्ने प्रयोजनको लागि उत्तीर्णाङ्क प्राप्त गरेका तर सो नतिजामा नाम समावेश हुन नसकेका उम्मेदवारहरू मध्येबाट पद संख्याको बीस प्रतिशतसम्म (घटीमा दुई जना) उम्मेदवारको नाम सिलबन्दी गरी पठाउनु पर्नेछ ।

तर,

(क) निर्धारित संख्याभन्दा कम उम्मेदवार उपलब्ध भएको अवस्थामा सोही अनुसार कम संख्यामा नाम पठाउन सकिनेछ ।

(ख) लिखित वा प्रयोगात्मक परीक्षाबाट छनौट भएकै उम्मेदवारबाट अस्थायी योग्यताक्रम सूचीमा समावेश हुने संख्या पुग्ने अवस्था भएमा सो प्रयोजनको लागि छुट्टै सूची पठाइने छैन ।

(ग) लिखित परीक्षा पछि प्रयोगात्मक परीक्षा हुने पदको हकमा लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा अस्थायी योग्यताक्रम सूची पठाइने छैन ।

२६. **पुनर्योगः** (१) आयोगले सञ्चालन गरेको लिखित परीक्षाको नतिजा प्रकाशन भएपछि कुनै उम्मेदवारले आफ्नो लिखित परीक्षाको कुनै एक वा सबै पत्रको पुनर्योग गरी पाउँ भनी पुनर्योग गर्नु पर्ने पत्र उल्लेख गरी सो पदका लागि तोकिएको परीक्षा दस्तुरको आधा दस्तुर संलग्न गरी लिखित परीक्षाको नतिजा प्रकाशन भएको मितिले सात दिनभित्र आयोगमा निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा लिखित परीक्षाको नतिजा प्रकाशनमा संलगन वाहेक अन्य कर्मचारीबाट लिखित परीक्षाको प्राप्ताङ्कको पुनर्योग गरी सो को नतिजा सार्वजनिक गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम पुनर्योग गर्दा निवेदकको नाम लिखित परीक्षाको नतिजामा समावेश गर्नु पर्ने देखिएमा नियम २५ को उपनियम (१) बमोजिमको नतिजामा समावेश गरिनेछ ।

## परिच्छेद-७

## अन्तर्वार्ता सम्बन्धी व्यवस्था

२७. **अन्तर्वार्ता र अन्य चरणको परीक्षामा समावेश गराइने:** (१) ऐन र यस नियम बमोजिम प्रकाशित नतिजामा नाम समावेश भएका उम्मेदवारहरूलाई मात्र अन्तर्वार्ता र आयोगले तोकेको अन्य विभिन्न चरणको परीक्षामा समावेश गराइनेछ ।

(२) लिखित परीक्षा र प्रयोगात्मक परीक्षा समेत हुनेमा लिखित परीक्षाबाट छनौट हुने उम्मेदवारलाई मात्र प्रयोगात्मक परीक्षा र अन्तर्वार्तामा समावेश गराइनेछ ।

(३) सीप परीक्षण सम्वन्धी व्यवस्था आयोगले स्वीकृत गरेको निर्देशिका बमोजिम हुनेछ ।

२८. **अन्तर्वार्ता समितिको गठन:** (१) आयोगको कार्यालयमा हुने अन्तर्वार्ता समितिमा ऐनको दफा ३७ बमोजिम अन्तर्वार्ता समितिको अध्यक्ष र दक्ष वा विज्ञ वा विशेषज्ञ समेत गरी कम्तिमा तीन जना सदस्य रहेको अन्तर्वार्ता समिति गठन हुनेछ ।

(२) उपनियम (१) बमोजिम समिति गठन गर्दा अन्तर्वार्ता हुने मिति भन्दा एक दिन अगाडि अन्तर्वार्ता समितिको गठन गरिनेछ ।

तर समितिमा रहने सदस्य वा विज्ञलाई अन्तर्वार्ता हुनु भन्दा केही समय अघि मात्र जानकारी दिने व्यवस्था गर्नुपर्ने छ ।

(३) यस नियम बमोजिम गठित अन्तर्वार्ता समितिका अध्यक्ष र सदस्यलाई गोप्य तरिकाले सूचना गर्नु पर्नेछ ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एकै समयमा एक भन्दा बढी अन्तर्वार्ता समिति गठन गर्नु परेमा आवश्यकता अनुसार अन्तर्वार्ता समिति गठन गरी गोलाप्रथाद्वारा अन्तर्वार्ता लिइने टोली तोकिने छ।

(५) अन्तर्वार्ता समिति गठन सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

२९. **अन्तरर्वार्ताको मूल्याङ्कन सम्बन्धी व्यवस्था:** (१) अन्तर्वार्तामा उम्मेदवारको मूल्याङ्कन गर्नको लागि अनुसूची-३ बमोजिमको फाराम प्रयोग गरिनेछ ।

(२) अन्तर्वार्ताको अङ्कभार अनुसूची-४ मा उल्लेख भएबमोजिम हुनेछ ।

(३) अन्तर्वार्ता समितिको अध्यक्ष वा सदस्यको अन्तर्वार्तामा भाग लिने कुनै उम्मेदवार नजिकको नातेदार पर्ने भएमा अध्यक्ष वा सदस्यले उक्त विज्ञापनको अन्तर्वार्तामा बस्न हुँदैन । सो नाताभित्र परेको कुरा

नतिजा प्रकाशन हुनु भन्दा अघि प्रमाणित भएमा त्यस्तो सदस्यले प्रदान गरेकोअङ्क सो विज्ञापनको हकमा गणना गरिने छैन ।

(४) अन्तर्वार्ता समितिको प्रत्येक सदस्यलाई अन्तर्वार्ता हुने पदको कार्य विवरण, पाठ्यक्रम र उम्मेदवारको व्यक्तिगत विवरण एक एक प्रति उपलब्ध गराउनुपर्नेछ ।

(५) अन्तर्वार्तामा पूर्णाङ्कको साठी प्रतिशतभन्दा बढी वा चालिस प्रतिशतभन्दा घटी अङ्क दिनु परेमा सोको कारण खुलाउनु पर्नेछ । यसरी कारण नखुलाई अधिकतम भन्दा बढी वा न्यूनतम भन्दा घटी अङ्क दिएकोमा बढीमा साठी प्रतिशत र घटीमा चालिस प्रतिशत अङ्क दिएको मानी गणना गरिनेछ ।

(६) अन्तर्वार्ता समितिको कुनै सदस्यले कारण खुलाई कुनै उम्मेदवारलाई उपनियम (५) बमोजिम साठी प्रतिशतभन्दा बढी वा चालिस प्रतिशतभन्दा घटी अङ्क प्रदान गरेको अवस्थामा पनि अन्तर्वार्ता समितिका पचास प्रतिशतभन्दा बढी सदस्यले त्यसरी कारण खुलाई अङ्क प्रदान गरेको अवस्थामा मात्र मान्य हुनेछ । अन्यथा बढीमा साठी प्रतिशत र घटीमा चालीस प्रतिशत नै अङ्क मानी गणना गरिनेछ ।

३०. **अग्रिम वा छुट अन्तर्वार्ता लिन सकिने:** (१) लिखित वा प्रयोगात्मक परीक्षाको प्रकाशित नतिजामा समावेश भएको कुनै उम्मेदवारले मनासिव कारण जनाई अन्तर्वार्ताको लागि तोकिएको मितिभन्दा अगाडि नै अन्तर्वार्ता लिइदिन सोको कारण उल्लेख गरी निवेदन दिएमा र निवेदनको व्यहोरा मनासिव देखिएमा आयोगले त्यस्तो व्यक्तिको लागि अग्रिम अन्तर्वार्ता लिने व्यवस्था गर्न सक्नेछ ।

(२) कुनै उम्मेदवारले देहायको अवस्था परी अन्तर्वार्ताको लागि आयोगबाट निर्धारण भएको मिति र समयमा उपस्थित हुन नसकेमा सोको प्रमाण सहित अन्तर्वार्ताका लागि तोकिएको मितिले किरिया बस्नु परेको तथा सुत्केरीको हकमा पन्ध्र दिन र अन्य अवस्थाको हकमा सात दिनभित्र निवेदन दिएमा आयोगले निवेदनको व्यहोरा मनासिव देखेमा छुट अन्तर्वार्ता लिने व्यवस्था गर्न सक्नेछः

(क) काबु बाहिरको परिस्थिति परेमा,

(ख) सरकारी कामको कारणबाट उपस्थित हुन नसकेमा,

(ग) किरिया बस्नु परेमा,

(घ) सुत्केरी भएमा,

(ङ) अन्तर्वार्तामा उपस्थित हुन नसक्ने गरी आकस्मिक बिरामी भएमा ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रयोगात्मक परीक्षा वा कम्प्युटर सीप परीक्षण वा अन्तर्वार्ता पूर्वका अन्य परीक्षामा अनुपस्थित रहेको उम्मेदवारलाई अन्तर्वार्तामा समावेश गराइने छैन ।

(४) अग्रिम तथा छुट अन्तर्वार्तामा समावेश हुने उम्मेदवारले आयोगले निर्धारण गरे बमोजिमको दस्तुर बुझाउनु पर्नेछ ।

३१. **अन्तर्वार्ता सम्बन्धी अन्य व्यवस्थाः** (१) अन्तर्वार्ता हुने दिन आयोगले खटाएको कर्मचारीले उम्मेदवारबाट पेश भएको प्रमाणित कागजातको सक्कल प्रतिसँग भिडाउने र प्रवेशपत्र जाँच गरी हाजिर समेत गराउनु पर्नेछ।

(२) प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा तथा अन्य सरकारी सेवामा प्रवेश पाउने उद्धेश्यले शैक्षिक योग्यता, उमेर, नागरिकता, अनुभव आदि ढाँटेको देखिएमा त्यस्तो उम्मेदवारलाई अन्तर्वार्तामा समावेश गराइने छैन र निजको दरखास्त रद्ध गरिने छ।

(३) आयोगले खटाएको कर्मचारीले उपनियम (१) बमोजिम दाखिला भएका प्रमाणपत्रहरु रुजु गरी भिडाई प्रमाणित गरी राख्नु पर्नेछ।

(४) अन्तर्वार्ता सम्बन्धी अन्य व्यवस्था आयोगले बनाएको निर्देशिका बमोजिम हुनेछ।

## परिच्छेद-८

## योग्यताक्रम तथा नियुक्तिको सिफारिश सम्बन्धी व्यवस्था

३२. **अन्तिम नतिजाको लागि योग्यताक्रमको सूची प्रकाशन गर्नेः** (१) ऐन र यस नियमावली बमोजिम अन्तिम नतिजा प्रकाशनको लागि आयोगबाट लिइएको विभिन्न चरणको परीक्षामा उम्मेदवारले प्राप्त गरेको कूल प्राप्ताङ्कको आधारमा योग्यताक्रमको सूची तयार गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम योग्यताक्रमको सूची तयार गर्दा उम्मेदवारहरूको कूल प्राप्ताङ्क बराबर भएमा देहायका आधारमा योग्यताक्रम कायम गरिनेछः

(क) लिखित परीक्षा हुनेमा लिखित परीक्षाको प्राप्ताङ्कका आधारमा,

(ख) लिखित परीक्षा र प्रयोगात्मक परीक्षा हुनेमा खण्ड (क) बमोजिम योग्यताक्रम नछुट्टिएमा प्रयोगात्मक परीक्षाको प्राप्ताङ्कका आधारमा,

(ग) खण्ड (ख) बमोजिम पनि उम्मेदवारको योग्यताक्रम नछुट्टिएमा अन्तर्वार्ताको प्राप्ताङ्कका आधारमा,

(घ) खण्ड (ग) बमोजिम पनि उम्मेदवारको योग्यताक्रम नछुट्टिएमा सम्बन्धित पदको सेवा प्रवेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्राप्त अङ्कको प्रतिशत वा ग्रेडिङ्ग स्तरको आधारमा,

(ङ) खण्ड (घ) बमोजिम पनि उम्मेदवारहरूको योग्यताक्रम नछुट्टिएमा विज्ञापन गरिएको पद भन्दा एक तह मुनिको पदमा बहाल रहेको व्यहोरा दरखास्त फाराममा उल्लेख गरेको भए त्यस्तो पदको जेष्ठताका आधारमा,

(च) खण्ड (ङ) बमोजिम पनि उम्मेदवारहरूको योग्यताक्रम नछुट्टिएमा वा खण्ड (घ) बमोजिम योग्यताक्रम नछुट्टीएका उम्मेदवारको हकमा उमेरको ज्येष्ठताका आधारमा

(३) उपनियम (२) मा उल्लिखित आधार बमोजिम पनि उम्मेदवारहरूको योग्यताक्रम नछुट्टिएमा आयोगले निर्धारण गरे बमोजिम योग्यताक्रम कायम गरी ऐनको दफा ३८ बमोजिम अन्तिम नतिजा प्रकाशन गरिनेछ ।

(४) उपनियम (३) बमोजिम अन्तिम नतिजा प्रकाशन गर्दा आयोगले लिएको समानस्तरको एकभन्दा बढी पदको परीक्षामा उत्तीर्ण हुने उम्मेदवारलाई दोहोरो नपर्ने गरी पहिले नतिजा प्रकाशन हुने एक पदमा मात्र समावेश गरिनेछ ।

(५) यस नियम बमोजिम आन्तरिक प्रतियोगिताको आधारमा हुने बढुवाको योग्यताक्रम सूची प्रकाशन गर्नु अगाडि कुनै उम्मेदवार उपर बढुवाको उम्मेदवार हुन नपाउने गरी विभागीय सजाय भएको आधिकारिक जानकारी हुन आएमा त्यस्तो उम्मेदवारको नाम हटाई योग्यताक्रम सूची प्रकाशन गर्नु पर्नेछ।

(६) योग्यताक्रमको सूची प्रकाशन सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

३३. <u>एकमुष्ट योग्यताक्रमको सूची प्रकाशन गर्ने:</u> ऐनको दफा ३८ बमोजिम योग्यताक्रमको सूची प्रकाशन गर्दा एउटै परीक्षाको माध्यमबाट सिफारिश हुने खुला तथा समावेशी समूहका उम्मेदवारले प्राप्त गरेको कुल अंकको आधारमा सेवा, समूह, उपसमूहका तहका पदहरुको एकमुष्ट योग्यताक्रम सूची समेत तयार गरी अनुसूची-५ को ढाँचामा प्रकाशन गर्नु पर्नेछ ।

३४. <u>वैकल्पिक उम्मेदवारको सूची:</u> ऐनको दफा ३८ र नियमावली बमोजिम उम्मेदवारको योग्यताक्रम अनुसार अन्तिम नतिजा प्रकाशन गर्दा अनुसूची-६ बमोजिमको संख्यामा बैकल्पिक उम्मेदवारको सूची समेत प्रकाशन गर्नुपर्नेछ ।

तर,

(क) वैकल्पिक उम्मेदवारको सूची प्रकाशन गर्दा पर्याप्त संख्यामा उम्मेदवार उपलब्ध हुन नसकेमा सो अनुसूचीमा उल्लेख भएको भन्दा कम संख्यामा पनि उम्मेदवारको वैकल्पिक सूची प्रकाशन गर्न सकिनेछ ।

(ख) खुला र समावेशी समूहको एकमुष्ठ योग्यताक्रम प्रकाशन हुने विज्ञापनमा एउटै सेवा, समूह, उपसमूह वा तहका पदहरुको पछिल्लो विज्ञापनबाट सिफारिश हुने उम्मेदवारको नाम अघिल्लो विज्ञापनको वैकल्पिक सूचीमा समावेश नगरी क्रमशः निज भन्दा पछिल्लो क्रमको उम्मेदवारको नाम समावेश गरी वैकल्पिक सूची प्रकाशन गर्न सकिनेछ ।

३५. **नियुक्तिको लागि सिफारिश गर्ने:** (१) ऐनको दफा ३९ को उपदफा (१) बमोजिम आयोगले नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिश पठाउँदा सम्बन्धित उम्मेदवारले बुझाएको एक प्रति दरखास्त फाराम र सो साथ पेश भएका प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरू समेत पठाउनु पर्नेछ ।

(२) आयोगले सहायकस्तर पदको नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिश गर्दा देहायका आधारमा गर्नेछः

(क) योग्यताक्रम अनुसार उम्मेदवारले रोजेको प्राथमिकताको कार्यालय,

तर, एकभन्दा बढी उम्मेदवारले एउटै कार्यालय रोजेको अवस्थामा पहिलो योग्यताक्रममा रहेको उम्मेदवारले प्राथमिकता पाउनेछ ।

(ख) उम्मेदवारले रोजेको कार्यालय बाँकी नरहे वा कुनै पनि कार्यालय रोजेको नभएमा त्यस्ता उम्मेदवारलाई योग्यताक्रमानुसार घर पायकको कार्यालय ।

३६. **वैकल्पिक उम्मेदवार नियुक्तिको लागि सिफारिश गर्ने:** (१) आयोगले ऐनको दफा ३९ को उपदफा (२) बमोजिम देहायको अवस्थामा वैकल्पिक उम्मेदवारको सूचीमा रहेका उम्मेदवारलाई योग्यताक्रम अनुसार नियुक्तिको लागि सिफारिश गर्नेछः

(क) नियुक्तिको लागि सिफारिश गरिएको उम्मेदवारले नियुक्तिको सूचना पाएको वा सूचना प्रकाशित भएको मितिले तीस दिनभित्र नियुक्ति पत्र नलिएमा,

(ख) नियुक्तिको लागि सिफारिश गरिएको उम्मेदवारले नियुक्ति बुझिलिएको मितिले प्रचलित कानून बमोजिमको अवधिभित्र सम्बन्धित कार्यालयमा बहाली नगरेको आधारमा अख्तियारवालाले निजको नियुक्ति बदर गरेमा,

(ग) आयोगबाट नियुक्तिको लागि सिफारिश गरिएको कुनै उम्मेदवार सिफारिश हुँदाका बखत प्रचलित कानून बमोजिम अयोग्य रहेको कुरा सिफारिश भई सके पश्चात मात्र जानकारी हुन आई आयोगबाट त्यस्तो उम्मेदवारको सिफारिश रद्द भई अख्तियारवालाले निजको नियुक्ति बदर गरेमा,

(घ) नियुक्तिको लागि सिफारिश गरिएको उम्मेदवारको सिफारिश भएको मितिले एक वर्षभित्र मृत्यु भई वा निजले नियुक्ति लिएको पदबाट राजिनामा दिई वा निजको अन्य पदमा नियुक्ति भई वा अन्य कुनै कारणले निजले नियुक्ति लिएको पद रिक्त हुन आएमा,

(ङ) नियुक्तिको लागि सिफारिश भएको उम्मेदवारले सम्बन्धित कार्यालयमा आफैं उपस्थित भई नियुक्ति नलिने व्यहोराको निवेदन पेश गरी सनाखत गरेमा खण्ड (क) बमोजिमको अवधि ननाघे पनि वैकल्पिक उम्मेदवारलाई नियुक्तिको लागि सिफारिश गर्न सकिनेछ ।

(२) उपनियम (१) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) बमोजिमको अवस्था परेमा अख्तियारवालाले पद रिक्त भएको मितिले सात दिनभित्र आयोगलाई जानकारी दिनुपर्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि पद रिक्त भएको सात दिन भित्र जानकारी दिन नसकेको मनासिव कारण सहित अख्तियारवालाबाट लेखी आएमा आयोगले वैकल्पिक सूचीमा रहेको उम्मेदवारलाई योग्यताक्रम अनुसार नियुक्तिको लागि सिफारिश गर्न सक्नेछ ।

तर आयोगले नियुक्तिको लागि सिफारिश गरेको एक वर्ष नाघेपछि लेखि आएमा वैकल्पिक उम्मेदवारलाई नियुक्तिको लागि सिफारिश गर्ने छैन ।

३७. <u>अस्थायी उम्मेदवारको सूची प्रकाशन गर्ने:</u> (१) ऐनको दफा ३८ को उपदफा (२) तथा नियमावली बमोजिम बैकल्पिक उम्मेदवारको सूची प्रकाशन गर्दा अस्थायी नियुक्तिको प्रयोजनको लागि समेत योग्यताक्रम अनुसारको सूची प्रकाशन गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम अस्थायी योग्यताक्रमको सूची प्रकाशन गर्दा खुला प्रतियोगिता तर्फ अन्तर्वार्तामा समावेश भएका तर वैकल्पिक उम्मेदवारको सूचीमा समावेश हुन नसकेका र लिखित परीक्षाबाट अन्तर्वार्ताको लागि छनौट हुन नसकेका तर उत्तीर्णाङ्क प्राप्त गरेका उम्मेदवारहरु मध्येबाट योग्यताक्रमको आधारमा माग गरिएको पदसंख्याको बीस प्रतिशतसम्म उम्मेदवारको नाम समावेश गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम बीस प्रतिशतसम्म उम्मेदवारहरूको नाम समावेश गर्दा एक जना मात्र उम्मेदवार हुने भएमा कम्तीमा दुई जना उम्मेदवारको नाम समावेश गर्नु पर्नेछ ।

(४) उपनियम (१) वा (२) वा (३) बमोजिम अस्थायी नियुक्तिको प्रयोजनको लागि सूची प्रकाशन गर्दा प्रयोगात्मक परीक्षा हुने पदको हकमा त्यस्तो परीक्षामा उत्तीर्णाङ्क हासिल नगर्ने उम्मेदवारको नाम समावेश गरिने छैन ।

(५) नियम ३८ को उपनियम (२) को अवस्थामा बाहेक उपनियम (२) बमोजिम प्रकाशन भएको सूची सोही पदको अर्को विज्ञापनको नतिजा प्रकाशन नभएसम्म कायम रहनेछ ।

३८. **अस्थायी नियुक्तिको लागि सिफारिश गर्ने:** (१) प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवा, समूह तथा उपसमूहका विभिन्न तहका पदहरुसंग सम्बन्धित प्रचलित कानून बमोजिम अस्थायी नियुक्तिको लागि आयोगमा माग भई आएमा आयोगले बैकल्पिक उम्मेदवारको सूचीमा नाम समावेश भई स्थायी नियुक्ति हुन नसकेका र अस्थायी उम्मेदवारको सूचीमा रहेका उम्मेदवारहरू मध्येबाट योग्यताक्रमको आधारमा सिफारिश गर्नेछ।

(२) बैकल्पिक तथा अस्थायी सूचीमा समावेश भएका उम्मेदवारको संख्याभन्दा अस्थायी नियुक्तिको लागि माग भएको संख्या बढी भएमा आयोगले सो भन्दा अघिल्लो विज्ञापनमा बैकल्पिक तथा अस्थायी सूचीमा रहेको उम्मेदवारलाई समेत अस्थायी नियुक्तिको लागि सिफारिश गर्न सक्नेछ ।

(३) यस नियम बमोजिम अस्थायी नियुक्तिको लागि सिफारिश गर्दा बढीमा छ महिनाको लागि सिफारिश गर्नु पर्नेछ ।

३९. **रद्द गर्न सक्ने:** (१) आयोगले लिएको परीक्षामा प्रश्नपत्र परिमार्जन, प्रश्नपत्र छपाई, उत्तरपुस्तिका परीक्षण वा प्रयोगात्मक, सामुहिक छलफल, अन्तर्वार्ता सम्बन्धी काममा संलग्न भएको दक्ष वा विज्ञ वा विशेषज्ञ वा कर्मचारीको नजिकको नातेदार त्यस्तो परीक्षामा उम्मेदवार भई सो परीक्षामा सफल भएको प्रमाणित भएमा आयोगले निजको परीक्षा वा अन्तर्वार्ता वा नियुक्तिको सिफारिश रद्द गर्न सक्नेछ र निजले नियुक्ति पाइसकेको भए प्रचलित कानून बमोजिम आवश्यक कारवाही चलाउन सम्बन्धित निकायमा सिफारिश गरी पठाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम नातेदार उम्मेदवार रहेको अवस्थामा प्रश्नपत्र परिमार्जन, प्रश्नपत्र छपाई, उत्तरपुस्तिका परीक्षण वा अन्तर्वार्ता सम्बन्धी काममा संलग्न हुने कर्मचारीलाई आयोगले आयोगको कर्मचारी भए विभागीय कारवाही गर्ने र अन्यत्रको भए सम्बन्धित निकायमा विभागीय कारवाहीको लागि लेखी पठाउनु पर्नेछ । कर्मचारी नरहेको दक्ष वा विज्ञ वा विशेषज्ञको हकमा त्यस्तो दक्षलाई आयोगको परीक्षा सम्बन्धी कुनै पनि काममा संलग्न हुन नपाउने गरी दक्ष वा विज्ञ वा विशेषज्ञको सूचीबाट हटाउनु पर्नेछ । त्यसरी हटाएको जानकारी सम्बन्धित दक्ष वा विज्ञ वा विशेषज्ञलाई दिनु पर्नेछ।

## परिच्छेद-९

## परामर्श सम्बन्धी व्यवस्था

४०. **विभागीय सजाय सम्वन्धमा आयोगको परामर्श लिँदा अपनाउनु पर्ने कार्यविधिः** (१) प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा र प्रदेश अन्य सरकारी सेवाको कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा ऐनको दफा १० को उपदफा (२) को देहाय खण्ड (छ) बमोजिम आयोगको परामर्श लिँदा सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिम सजाय गर्न देहायको प्रक्रिया पूरा गरी सजाय गर्ने अधिकारीको निर्णय सहित सक्कलै फाइल आयोगमा पठाउनु पर्नेछः

(क) विभागीय सजायको लागि सेवा, समूह, उपसमूह सम्बन्धी प्रचलित कानून बमोजिम सजाय गर्न अधिकार प्राप्त अधिकारीले कारवाही र सजाय प्रस्ताव गरेको,

(ख) सम्बन्धित कर्मचारीलाई लगाइएको अभियोग र सजाय कुन कानून अन्तर्गतको हो, सो कुरा स्पष्ट खुलाएको,

(ग) सजाय प्रस्ताव गर्नुपूर्व सम्बन्धित कर्मचारीलाई आफ्नो सफाइ पेश गर्न पर्याप्त मौका दिएको,

(घ) अधिकार प्राप्त अधिकारीले सम्बन्धित कर्मचारीले दिएको सफाइ वा स्पष्टीकरण उपर यथोचित मूल्यांकन गरी सो सफाई वा स्पष्टीकरणका वारेमा व्यक्त गरेको प्रतिक्रिया फाइल संलग्न रहेको,

(ङ) कुन कसुर वापत कुन सजाय गर्न खोजिएको हो कसुर खुलाई सजाय प्रस्ताव गरिएको, र

(च) सम्बन्धित अधिकृतको दस्तखत गरी कार्यालयको छाप समेत लगाई अनुसूची-७ बमोजिमको फाराम फाइलमा संलग्न गरेको ।

(२) उपनियम (१) बमोजिम कुनै कर्मचारीलाई एक प्रकारको विभागीय सजाय गर्न आयोगमा परामर्श माग गरिएकोमा आयोगबाट सो विषयमा परामर्श उपलब्ध नहुँदै वा परामर्श उपलब्ध भएपछि सो कर्मचारीलाई प्रस्ताव गरिएको सजायमा परिवर्तन गर्ने गरी पुनः परामर्श माग गर्न सकिने छैन ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित कर्मचारीले काबु बाहिरको परिस्थिति परी अघि स्पष्टीकरण दिन नसकेको कारण देखाई निवेदन दिएमा वा अघि पेश गर्न नसकेको महत्वपूर्ण सबूत प्रमाण पछि पेश हुन आएको कारणबाट सजाय गर्ने अधिकारीलाई सजाय परिवर्तन गर्नुपर्छ भन्ने लागेमा सोको कारण सहित आफ्नो राय उल्लेख गरी पहिले प्रस्ताव गरेको सजाय परिवर्तन गर्न आयोगको पुनःपरामर्श माग गर्न सकिनेछ ।

(४) यस नियम बमोजिम आयोगको परामर्श माग गरी फाइल पठाउँदा सम्बन्धित विभागीय कारवाही गर्ने अधिकार प्राप्त कर्मचारीले निर्णय गरी पठाउनु पर्नेछ ।

४१. **सेवाको शर्त सम्बन्धी कानूनको विषयमा परामर्श माग गर्ने तरिकाः** (१) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवाको पद, प्रदेश संगठित संस्थाको सेवाको पद, प्रदेश प्रहरी सेवा तथा स्थानीय सरकारी सेवाको कर्मचारीको सेवाको शर्त सम्बन्धी कानूनको विषयमा आयोगको परामर्श लिनु पर्नेछ। यसरी परामर्श लिँदा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय मार्फत् माग गर्नु पर्नेछ ।

(२) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा तथा स्थानीय सरकारी सेवाको कर्मचारीको सेवाको शर्त सम्बन्धी कुनै नयाँ कानून बनाउन वा भइरहेको कानूनमा संशोधन गर्नु परेमा सोको कारण र आवश्यक विवरण समेत खुलाई आयोगमा पठाउनु पर्नेछ ।

(३) सेवाको शर्त सम्बन्धी कानूनको विषयमा परामर्श माग गर्न सम्बन्धित अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

४२. **सेवा, समूह वा उपसमूह परिवर्तन गर्न परामर्श माग गर्ने तरिकाः** (१) कुनै एक प्रकारको प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाको पदमा वा प्रदेश अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा सरुवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा आयोगको परामर्श माग गर्दा देहाय बमोजिमको कागजात संलग्न भएको हुनु पर्नेछः

(क) सम्भाव्य उम्मेदवारको नाम, ठेगाना, शैक्षिक योग्यता, अनुभव र नियुक्ति सम्बन्धी अन्य विवरण खुलाई अनुसूची-८ मा तोकिए अनुसार भरेको फारम,

(ख) सेवा, समूह र उपसमूह परिवर्तन गर्न सम्बन्धित आयोग वा निकायको सहमति लिनुपर्ने पदका लागि सम्बन्धित आयोग वा निकायको र अन्य पदका हकमा सेवा समूह सञ्चालन गर्ने मन्त्रालयको सहमति,

(ग) सम्बन्धित सेवा, समूह सम्बन्धी प्रचलित कानूनले तोकेको आधार र औचित्यको पुष्टि हुने गरी अख्तियारवालाले सेवा, समूह परिवर्तन गर्नु पर्ने कारण खुलाएको कागजात,

(घ) सेवा, समूह परिवर्तन गर्ने बारेको प्रदेश सरकार मन्त्रिपरिषदको निर्णय, र

(ङ) पद वा दरबन्दी खारेज भई कर्मचारीको शैक्षिक योग्यता तथा तालिमसँग मिल्दो पदमा सेवा, समूह परिवर्तन गर्न सो विवरण सहित परिवर्तन हुने पदको लागि आवश्यक पर्ने योग्यताका प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(२) सेवा, समूह वा उपसमूह परिवर्तन गर्न परामर्श माग भई आएमा आयोगले लिखित तथा अन्तर्वार्ता र प्रयोगात्मक परीक्षा आवश्यक पर्ने पदका लागि प्रयोगात्मक परीक्षा समेतबाट त्यस्तो उम्मेदवारको उपयुक्तताको परीक्षण गरी परामर्श दिनु पर्नेछ ।

(३) सेवा, समूह वा उपसमूह परिवर्तन गर्न उम्मेदवारको उपयुक्तताको विषयमा लिइने लिखित परीक्षाको पाठ्यक्रम परिवर्तन हुने सम्बन्धित पदको लागि आयोगबाट निर्धारित पाठ्यक्रमको सेवा सम्बन्धी एउटा पत्रमा परीक्षा लिनु पर्नेछ । पाठ्यक्रम निर्माण हुन बाँकी पदमा सेवा समूह, उपसमूह परिवर्तन गर्नुपर्ने भएमा सोको लागि छुट्टै पाठ्यक्रम निर्माण गर्नु पर्नेछ ।

(४) सेवा, समूह वा उपसमूह परिवर्तन गर्न उम्मेदवारको उपयुक्तताको विषयमा लिइने लिखित परीक्षाको उत्तीर्णाङ्क पचास प्रतिशत हुनेछ ।

(५) आयोगबाट निर्धारित वार्षिक कार्यतालिका अनुसार विज्ञापन हुने सम्बन्धित पदको परीक्षासँगै सेवा, समूह, उपसमूह परिवर्तन हुने उम्मेदवारको उपयुक्तता परीक्षण गर्न लिखित परीक्षा लिनु पर्नेछ तर बार्षिक कार्यतालिकामा समावेश नभएका पदका हकमा आयोगले छुट्टै परीक्षा लिन सक्नेछ ।

(६) उम्मेदवारको उपयुक्तताको विषयमा लिइएको लिखित परीक्षामा उत्तीर्णाङ्क प्राप्त नगरेका उम्मेदवारलाई सेवा, समूह वा उपसमूह परिवर्तन गर्न सिफारिश गरिने छैन ।

४३. <u>सामान्य सिद्धान्तको विषयमा परामर्श सम्बन्धी व्यवस्थाः</u> (१) प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा र अन्य सरकारी सेवाको पदमा शुरु नियुक्ति वा बढुवा नियुक्ति गर्दा र त्यस्तो सेवाका कर्मचारीलाई विभागीय कारवाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श माग गर्दा सेवा, समूह सञ्चालन गर्ने मन्त्रालय वा सचिवालय मार्फत् माग गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम परामर्श माग गर्दा सेवा, समूह सञ्चालन गर्ने मन्त्रालय वा सचिवालयको राय सहितको सिफारिश र निर्णय समेत संलग्न गर्नु पर्नेछ ।

(३) प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा र अन्य सरकारी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श माग गर्दा सम्बन्धित मन्त्रालय मार्फत् माग गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम परामर्श माग गर्दा सम्बन्धित मन्त्रालय र सम्वन्धित निकायको राय समेत संलग्न गर्नु पर्नेछ ।

(५) संगठित संस्थाको सेवाका कर्मचारीहरूको सेवाका शर्त सम्बन्धी प्रचलित कानून र त्यस्तो सेवाका पदको नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा त्यस्तो संस्थाले सम्पर्क मन्त्रालय मार्फत् आयोगसँग परामर्श माग गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम आयोगको परामर्श माग गर्दा देहायका विवरण संलग्न गरी माग गर्नु पर्नेछ:

(क) सम्बन्धित सार्वजनिक संस्था स्थापना गर्ने कानूनी व्यवस्था,

(ख) सम्बन्धित संस्थाको स्वीकृत नियमावली वा विनियमावली,

(ग) परामर्श माग गर्नुपर्ने कारण र सोको पुष्ट्याइँ,

(घ) परामर्श माग गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि,

(ङ) सम्बन्धित मन्त्रालयको राय सहितको सिफारिश, र

(च) अन्य प्रासंगिक कुराहरू ।

(७) सामान्य सिद्धान्त सम्वन्धी परामर्श माग गर्ने तथा आयोगले परामर्श प्रदान गर्ने कार्यविधि आयोगको कार्यसञ्चालन निर्देशिका बमोजिम हुनेछ ।

४४. **सामान्य सिद्धान्त निर्धारण:** (१) यस नियमावलीमा जुनसुकै कुरा लेखिएको भएतापनि अन्य सरकारी सेवाको पदमा वढुवा गर्दा वा संगठित संस्थाको सेवाका कर्मचारीको सेवा शर्त सम्बन्धी कानून वनाउँदा, त्यस्तो सेवाको पदमा वढुवा गर्दा र कर्मचारीलाई विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा आयोगले सामान्य सिद्धान्त निर्धारण गरी लागू गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सामान्य सिद्धान्त निर्धारण गर्दा संगठित संस्थाको हकमा आयोगले समान वा पृथक-पृथक रुपमा लागू हुने गरी निर्धारण गर्न सक्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम आयोगले निर्धारण गरेको सामान्य सिद्धान्त सार्वजनिक गर्नु पर्नेछ ।

(४) सामान्य सिद्धान्त सम्वन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

४५. **आयोगले परामर्श दिने:** आयोगले ऐन तथा नियमावली बमोजिम परामर्श दिंदा यस परिच्छेदमा उल्लेखित प्रक्रिया पूरा नभएको अवस्थामा आयोग परामर्श दिन वाध्य हुने छैन ।

## परिच्छेद-१०

### बढुवा सम्बन्धी व्यवस्था

४६. **बढुवाको विज्ञापनः** (१) आयोगले प्रचलित कानून बमोजिम प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा वा समूहमा बढुवाको लागि आयोगको कार्यतालिका बमोजिम बढुवाको विज्ञापन प्रकाशन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम विज्ञापन प्रकाशन गर्दा बढुवा गरिने पद, तह, संख्या, सेवा, समूह, उपसमूह, उम्मेदवार हुन आवश्यक पर्ने सेवा अवधि, न्यूनतम शैक्षिक योग्यता, दरखास्त बुझाउने म्याद र स्थान तथा आयोगले तोकेको अन्य आवश्यक विवरण समेत खुलाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम प्रकाशित विज्ञापनमा उल्लेख भए बमोजिमको विवरण संलग्न गरी सम्भाव्य उम्मेदवारहरूले दरखास्त फाराम बुझाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम आयोगमा प्राप्त हुन आएका दरखास्त फारामहरु आयोगले सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउनु पर्नेछ ।

(५) बढुवा सम्बन्धी दरखास्त फारामको ढाँचा र दरखास्त दस्तुर आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

४७. **आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवाको विज्ञापनः** (१) प्रचलित कानून बमोजिम आन्तरिक प्रतियोगितात्मक परीक्षाको आधारमा हुने बढुवाको लागि आयोगले कार्यतालिका वनाई विज्ञापन प्रकाशन गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको विज्ञापनमा बढुवा गरिने पद, तह, संख्या, सेवा, समूह, उपसमूह, उम्मेदवार हुन आवश्यक पर्ने सेवा अवधि, न्यूनतम शैक्षिक योग्यता, दरखास्त बुझाउने म्याद र स्थान लगायत वढुवाका लागि सम्भाव्य उम्मेदवार हुन आवश्यक पर्ने सम्बन्धित सेवा शर्त सम्बन्धी कानूनले तोकेका विवरणहरु तथा आयोगले निर्धारण गरेका अन्य विवरण समेत खुलाउनु पर्नेछ ।

(३) सम्भाव्य उम्मेदवारले उपनियम (१) बमोजिम प्रकाशित विज्ञापनमा उल्लेख भए बमोजिमको विवरण संलग्न गरी दरखास्त फारम बुझाउनु पर्नेछ ।

(४) बढुवा सम्बन्धी दरखास्त फारमको ढाँचा, दरखास्त दस्तुर र परीक्षा दस्तुर आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

# परिच्छेद-११

## विविध

४८. **दक्ष वा विज्ञ वा विशेषज्ञको सूची राख्ने:** (१) आयोगबाट लिइने परीक्षा सम्बन्धी कामको लागि आयोगले विभिन्न दक्ष वा विज्ञ वा विशेषज्ञको सूची तयार गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको दक्ष वा विज्ञ वा विशेषज्ञको सूची तयार गर्दा आयोगबाट सञ्चालन गरिने परीक्षाको पाठ्यक्रमलाई केन्द्रित गरी बाहिर सञ्चालन गरिने तयारी कक्षामा अध्यापन गर्ने गराउने वा आयोगको पाठ्यक्रममा आधारित परीक्षा सामाग्री प्रकाशन गर्ने व्यक्तिलाई सो सूचीमा समावेश गरिने छैन ।

(३) उपनियम (१) बमोजिमको सूची आयोगले प्रत्येक आर्थिक वर्षमा अद्यावधिक गर्नेछ ।

(४) यस नियम बमोजिम आयोगले तयार गरेको दक्ष वा विज्ञ वा विशेषज्ञको सूची गोप्य रहने छ र त्यस्तो सूची प्रकाशन गर्न वा कसैलाई दिन आयोग बाध्य हुने छैन ।

४९. **कार्यतालिका बनाउने:** (१) आयोगले आफ्नो काम कारबाहीलाई व्यवस्थित र नियमित गर्न वार्षिक कार्यतालिका बनाई लागू गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको कार्यतालिकामा आयोगले आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ

(३) आयोगले आफूले सम्पादन गर्ने कार्यहरुलाई नतिजामूलक बनाउन वार्षिक रुपमा नतिजामूलक कार्यतालिका वनाई कार्यान्वयन गर्न, गराउन सक्नेछ ।

५०. **नक्कल दिनेसम्बन्धी कार्यविधि:** (१) आयोगको निर्णयको नक्कल लिन चाहने सरोकारवालाले आयोगमा निवेदन दिनु पर्नेछ र यसरी निवेदन दिएमा आयोगले तोके बमोजिमको दस्तुर लिई नक्कल दिन सक्नेछ।

तर सरकारी कार्यालयलाई नक्कल उपलब्ध गराउँदा कुनै दस्तुर लाग्ने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि ऐनको दफा ५७ बमोजिम आयोगले गोप्य राख्नु पर्ने ठहऱ्याएको परीक्षा सम्बन्धी कागजातको नक्कल उपलव्ध गराउने छैन ।

५१. **अनुगमन तथा निरिक्षण सम्बन्धी व्यवस्था:** ऐनको दफा ४४ बमोजिम आयोगले देहायका विषयमा अनुगमन तथा निरिक्षण गर्नेछ ।

(क) आयोगबाट सिफारिस गरिएका कर्मचारीलाई सम्बन्धित कार्यालयले सेवा समूह र तहका पदमा खटाए नखटाएको सम्बन्धमा,

(ख) प्रदेश प्रहरी सेवा, स्थानीय सरकारी सेवा र अन्य सरकारी सेवाको लागि ऐन, नियम निर्माण गर्दा आयोगले दिएको परामर्श पालना भए नभएको सम्बन्धमा,

(ग) स्थानीय सरकारी सेवा सम्बन्धी ऐन र कानूनमा रहेका कर्मचारी प्रशासन सम्बन्धी प्रावधानको पालना भए नभएको सम्बन्धमा,

(घ) संगठित संस्थाको कर्मचारीको सेवा शर्त सम्बन्धी कानून बनाउँदा त्यस्तो संगठित संस्थाको कानून पालना भए नभएको सम्बन्धमा।

**५२.** <u>**जानकारी दिनु पर्नेः**</u> (१) सरकारी कार्यालय र संगठित संस्थाले आफ्नो कार्यालयमा स्थायी वा अस्थायी नियुक्ति भएका र बढुवा तथा कायम मुकायम मुकरर भएका कर्मचारीको जानकारी प्रत्येक आर्थिक वर्ष समाप्त भएको पन्ध्र दिन भित्र आयोगलाई दिनुपर्नेछ ।

(२) यो नियमावली प्रारम्भ भए पछि पहिलो पटक उपनियम (१) बमोजिमको विवरण पठाउनु पर्नेछ

**५३.** <u>**कागजात धुल्याउने व्यवस्थाः**</u> संरक्षणका लागि आवश्यक नरहेका भनी आयोगले निर्धारण गरेका कागजातहरु प्रचलित कानून बमोजिम नष्ट गरिने छ ।

**५४.** <u>**अन्य कार्यहरुः**</u> (१) आयोगले आफ्नो काम कारवाही नियमित, व्यवस्थित र गुणस्तरीय बनाउन तथा प्रदेश सरकार र स्थानीय तहहरुलाई प्रभावकारी सेवा प्रवाहका साथै कर्मचारीको मनोवल बढाउनका लागि विभिन्न प्रवर्द्धनात्मक तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यहरु सञ्चालन गर्न गराउन सक्नेछ ।

(२) अनुगमन तथा निरीक्षण बाट प्राप्त निष्कर्षलाई आयोगले सूझाव सहित आयोगको वार्षिक प्रतिवेदनमा समावेश गर्नुपर्नेछ ।

**५५.** <u>**अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेः**</u> आयोगले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार हेरफेर वा थपघट गर्न सक्नेछ ।

प्रदेश लोक सेवा आयोग नियमावली, अनुसूची-१

(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

## रिक्त पदपूर्तिको लागि माग गर्दा भर्नुपर्ने फाराम

माग गर्ने कार्यालयको नाम र ठेगानाः

| १ | २ | ३ | ४ | ५ | ६ | | ७ | ८ | | | | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **माग पदको नाम** | **पदको श्रेणी, तह** | **सेवा/समूह/उपसमूह** | **स्थायी/अस्थायी** | **आवश्यक न्यूनतम शैक्षिक योग्यता** | | **संक्षिप्त कार्यविवरण र उम्मेदवारले शुरुमा काम गर्नुपर्ने जिल्ला** | **अघिल्लो दुई आ.व.मा माग भई पूर्ति हुने बाँकी पदसंख्या** | | **यस आ.व.को माग नयाँ पद सृजना वा रिक्त भई माग गरिएको संख्या** | | **कूल माग पद संख्या** | **कैफियत** |
| | | | | | **खुलाको लागि** | **बढुवाको लागि** | | **आ.व. ....को** | **आ.व. ....को** | **नयाँ पद सृजना** | **रिक्त** | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

**द्रष्टव्यः**

(१) महल ८ अन्तर्गतको पहिलो कोलममा दुइ आ.व.को विवरण खुलाउने ।

(२) महल ८ अन्तर्गतको दोस्रो कोलममा नयाँ पद सृजना भएको भए कुन मितिमा भएको हो खुलाउने र रिक्त भएको भए कसरी रिक्त भएको हो कैफियत महलमा अनिवार्य रुपमा खुलाउनु पर्नेछ।

(३) अन्य आवश्यक कुराहरु भएमा उल्लेख गर्नेः .................

कार्यालय प्रमुखको,–

नाम, थरः पदः

दस्तखतः मितिः

प्रदेश लोक सेवा आयोग नियमावली, अनुसूची-२

(नियम २५ को उपनियम (१) सँग सम्बन्धित)

**लिखित तथा प्रयोगात्मक परीक्षाको नतिजा प्रकाशन गर्दाको संख्या**

१. लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा माग भएको रिक्त पदसंख्यामा देहाय बमोजिम उत्तीर्ण उम्मेदवारहरू थप गर्नु पर्नेछ:

| क.सं. | माग भएको रिक्त पद संख्या | थप हुने संख्या | कायम हुने उम्मेदवार संख्या |
|---|---|---|---|
| (१) | १ देखि ५ सम्म भएमा | २ | ३ देखि ७ सम्म |
| (२) | ६ देखि १० सम्म भएमा | ३ | ९ देखि १३ सम्म |
| (३) | ११ देखि १५ सम्म भएमा | ४ | १५ देखि १९ सम्म |
| (४) | १६ देखि २० सम्म भएमा | ५ | २१ देखि २५ सम्म |
| (५) | २१ देखि २५ सम्म भएमा | ६ | २७ देखि ३१ सम्म |
| (६) | २६ देखि ३० सम्म भएमा | ७ | ३३ देखि ३७ सम्म |
| (७) | ३१ देखि ३५ सम्म भएमा | ८ | ३९ देखि ४३ सम्म |
| (८) | ३६ देखि ४० सम्म भएमा | ९ | ४५ देखि ४९ सम्म |
| (९) | ४१ र सो माथि जतिसुकै भएमा | २० प्रतिशत | |

२. एकीकृत परीक्षा प्रणाली अन्तर्गतको विज्ञापनमध्ये समान शैक्षिक योग्यता भएको परीक्षाको हकमा खण्ड (१) बमोजिम कायम हुने उम्मेदवारको संख्यामा दश प्रतिशत थप गरी उम्मेदवार संख्या कायम गरिनेछ भने न्यूनतम शैक्षिक योग्यता छुट्टाछुट्टै तोकिएको परीक्षाको हकमा खण्ड (१) बमोजिम कायम हुने उम्मेदवार संख्या त्यसरी छुट्टाछुट्टै न्यूनतम शैक्षिक योग्यता भएका सेवा वा समूह वा उपसमूहका लागि समेत पुगे नपुगेको हिसाव गरी सो संख्या नपुगुञ्जेल सम्मको प्राप्ताङ्क ल्याउने सबै उम्मेदवारको नाम समेत समावेश गरी नतिजा प्रकाशन गर्नु पर्नेछ ।

स्पष्टीकरणः “एकिकृत परीक्षा प्रणाली” भन्नाले एउटै श्रेणी वा तहका विभिन्न सेवा वा समूह वा उप समूहमा रहेका विभिन्न पदहरुका लागि सञ्चालन हुने परीक्षा मध्ये सवै वा केही बिषयमा एउटै परीक्षाको माध्यमबाट सञ्चालन गर्ने परीक्षा प्रणाली सम्झनु पर्छ ।

३. प्रयोगात्मक परीक्षा हुने प्राविधिक पदमा लिखित परीक्षाबाट प्रयोगात्मक परीक्षाको लागि छनौट गर्दा रिक्त माग पद संख्या १ देखि ५ सम्म भएमा थप ५ जना उम्मेदवारको नाम समावेश गर्नु पर्नेछ । माग भएको रिक्त पद संख्या ६ वा सो भन्दा बढी भएमा माग भएको पद संख्याको दोब्बर संख्यामा उम्मेदवारको नाम समावेश गरी नतिजा प्रकाशन गर्नु पर्नेछ ।

४. समान स्तरका विभिन्न पदको लागि एउटै समयमा भएको भिन्दा भिन्दै विज्ञापन बमोजिमको लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा अन्य पदको नतिजामा नाम समावेश भएका मध्ये जतिजना उम्मेदवारको नाम त्यसपछि प्रकाशन हुने पदको नतिजामा समावेश भएको छ त्यतिकै संख्यामा थप उम्मेदवारहरूको नाम समावेश गरी नतिजा प्रकाशन गर्नु पर्नेछ ।

५. खण्ड (२) र (३) बमोजिम नतिजा प्रकाशन गर्दा अन्तिम प्राप्ताङ्क समान भएका उम्मेदवार एकभन्दा बढी भएमा त्यस्ता सबै उम्मेदवारको नाम लिखित परीक्षाको नतिजामा समावेश गर्नु पर्नेछ ।

६. खण्ड (२) र (३) बमोजिम नतिजाको लागि संख्या निर्धारण गर्दा ०.५ (शून्य दशमलव पाँच) वा सो भन्दा बढी हुन आएमा मात्र पूर्ण अङ्क एक मान्नु पर्नेछ ।

७. खण्ड (१) वा (२) वा (३) बमोजिम नतिजा प्रकाशन गर्दा कुनै कठिनाई आइपरेमा आयोगले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

८. माथिल्लो श्रेणी वा तह वा पदमा पहिले नै नियुक्तिको लागि सिफारिश भैसकेको उम्मेदवारको नाम अर्को पदको विज्ञापनको लिखित परीक्षाको नतिजामा समावेश गरिने छैन र समावेश नभएको संख्या बराबर अन्य उम्मेदवारहरूको नाम समावेश गरी नतिजा प्रकाशन गर्नु पर्नेछ ।

प्रदेश लोक सेवा आयोग नियमावली, अनुसूची-३

(नियम २८ को उपनियम (१) सँग सम्बन्धित)

## अन्तर्वार्ताको मूल्याङ्कन फाराम

**विज्ञापन नं.:** **पदः** **श्रेणी/तहः**

**सेवाः** **समूहः** **उपसमूहः**

**पदसंख्याः** **उम्मेदवार संख्याः** **सम्बन्धित मन्त्रालय/निकायः**

**अन्तर्वार्ता मितिः** **पूर्णाङ्कः**

| क.सं. | रोल नं. | उम्मेदवारको नाम, थर | सामान्य ज्ञान, विषयसम्बन्धी ज्ञान र व्यक्तित्व | | कैफियत |
|---|---|---|---|---|---|
| | | | प्राप्ताङ्क | | |
| | | | अङ्कमा | अक्षरमा | |
| | | | | | |

माथि उल्लिखित विज्ञापनमा सहभागी कुनै पनि उम्मेदवार मेरो बाबु, आमा,पति, पत्नी, छोरा-छोरी, दाजु-भाई, दिदी-बहिनी, भाउजू-बुहारी, आमाजू, नन्द, जेठाजु, देवर, जेठानी, देउरानी, काका-काकी, ठूलोबुबा-ठूलीआमा, सानाबा-सानीआमा, भतिजा-भतिजी, भाञ्जा-भाञ्जी, भिनाजु-ज्वाइँ, मामा-माइजू, फुपु-फुपाजू, जेठी सासू, साढु दाइ/भाई, साला-साली, छोरी-ज्वाइँ, छोरा-बुहारी, सम्धी-सम्धिनी, सासू-ससुरा, धर्मपुत्र, धर्मपुत्री, सौतेनी आमा, सौतेनी बाबु नाता पर्दैनन्।

अन्तर्वार्ता समितिको अध्यक्ष/सदस्यको

दस्तखतः

नाम, थरः

पदः

मितिः

**द्रष्टव्य:**

(१) अन्तर्वार्ता लिइन लागेको पदको विज्ञापनमा अन्तर्वार्ता समितिका अध्यक्ष तथा सदस्यहरूको माथि उल्लिखित विज्ञापनमा सहभागी कुनै नाता पर्ने भएमा त्यस्तो अन्तर्वार्ताकर्ताले उक्त समूहको सो दिनको अन्तर्वार्तामा भाग लिनु हुँदैन ।

(२) अन्तर्वार्तामा अधिकतम ६० प्रतिशत भन्दा बढी र न्यूनतम ४० प्रतिशतभन्दा कम अङ्क दिँदा पुष्ट्याई दिनु पर्नेछ।

**अन्तर्वार्ता गर्दा अन्तर्वार्ताकर्ताले ध्यान दिनु पर्ने कुरा**

१. **पदको कार्य विवरण:** यस अन्तर्गत सर्वप्रथम काम तथा पदको कार्यविवरण हेर्नु पर्नेछ ।

२. **दरखास्त विवरण अध्ययन:** दरखास्त विवरण अध्ययन गरी उम्मेदवारको शैक्षिक उपलब्धि, अनुभव, अभिरुची आदि उल्लिखित वायोडाटालाई ध्यान दिनुपर्नेछ ।

३. **(क) सेवा, समूह सम्बन्धी ज्ञान:** उम्मेदवारको सेवा, समूह सम्बन्धी कामको ज्ञान, अनुभव सम्बन्धित क्षेत्रको अध्ययन एवं प्रकाशित कृति, तालिम आदि कुराहरू पदका लागि कति उपयोगी छन, निजले कुनै पदमा रही काम गरी सकेको भए त्यस बारे निजको ज्ञान र हालको पदसँग निजले प्राप्त गरेको ज्ञानको सम्बन्ध आदि कुरालाई ध्यान दिनुपर्नेछ ।

**(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषय सम्बन्धी ज्ञान:** देशको सामाजिक, आर्थिक, राजनैतिक र अन्तर्राष्ट्रिय विषय सम्बन्धी जानकारी लिनुपर्नेछ ।

**(ग) कामको अनुभव:** यस सन्दर्भमा विज्ञापित पदसंग सम्बन्धित काममा कुन तहमा कति वर्ष रही अनुभव प्राप्त गरेको छ, पदको काममा विशेष योगदान एवं अनुभव भएमा सो सम्बन्धी विषयमा दक्ष वा विज्ञ वा विशेषज्ञले ध्यान दिनु पर्नेछ ।

**(घ) रुचि (Aptitude):** सम्बन्धित पद सम्बन्धी शिक्षा प्राप्त गरे तापनि त्यस पदका निम्ति व्यक्तित्व र वास्तविक अभिरुची छ कि छैन, सो बारे ध्यान दिनुपर्नेछ ।

४. **अतिरिक्त क्रियाकलाप:** सामाजिक, पारिवारिक, व्यावसायिक, खेलकुद, मनोरञ्जन, शौख (Hobby) आदि क्रियाकलापमा संलग्नताको जानकारी लिने ।

५. **व्यक्तित्व परीक्षण:** यस परीक्षणबाट उम्मेदवारको गुण अवगुण केलाउन सकिन्छ, जसका आधार मुख्य दुई प्रकारका छन्:

**(क) संगठनात्मक व्यवहार प्रदर्शन:** यस अन्तर्गत उम्मेदवारको अभिव्यक्ति मनोबृत्ति, अभिरुचि, चिन्तन-शक्ति, बौद्धिक स्थिति, महत्वाकांक्षा, सहयोगी भावना आदि विषयहरू संगठित देखिएमा एक गुणी उम्मेदवारको रुपमा मूल्यांकन गर्न सकिन्छ ।

**(ख) असंगठनात्मक व्यवहार प्रदर्शन:** अस्पस्ट बोल्ने, अपरिपक्वता, असन्तुष्टि, असामाजिकता आदि व्यवहारबाट उम्मेदवारलाई असन्तुलित व्यक्तित्वको रुपमा लिन सकिन्छ ।

प्रदेश लोक सेवा आयोग नियमावली, अनुसूची-४

(नियम २८ को उपनियम (२) सँग सम्बन्धित)

# अन्तर्वार्ताको अङ्कभार

१. लिखित परीक्षाको पूर्णाङ्क १०० भएमा त्यसको अन्तर्वार्ताको अङ्कभार २० (बीस) कायम गरिनेछ । यसपछि लिखित परीक्षाको पूर्णाङ्कमा थप हुने प्रत्येक १०० पूर्णाङ्कभित्र अन्तर्वार्ताको अङ्कभारमा १० अङ्कका दरले थप गर्नु पर्नेछ ।

**उदाहरणार्थः**

| लिखित परीक्षाको पूर्णाङ्क | अन्तर्वार्ताको अङ्कभार | कैफियत |
|---|---|---|
| १०० सम्म | २०+०=२० | |
| २०० सम्म | २०+१०=३० | |
| ३०० सम्म | २०+१०+१०=४० | |
| ४०० सम्म | २०+१०+१०+१०=५० | |

२. एकीकृत परीक्षा प्रणाली लागू भएको सेवा, समूह वा उपसमूहका तहहरुका पदको अन्तर्वार्ताको अङ्कभार कायम गर्दा देहायको पत्र बाहेकको लिखित परीक्षाको पूर्णाङ्कको आधारमा कायम गर्नु पर्नेछ।

(क) कुनै सेवा, समूह वा उपसमूहका तहका पदको लागि मात्र उम्मेदवार हुन आवश्यक पर्ने थप पत्र,

(ख) अन्तिम चरणमा अङ्क गणना गर्दा पुरा प्राप्ताङ्क गणना नभई निश्चित प्रतिशत मात्र गणना हुने पत्र ।

३. प्रतिशतको हिसाबले लिखित परीक्षाको पूर्णाङ्कको तुलनामा अन्तर्वार्ता अङ्कभार २० प्रतिशतभन्दा बढी र १० प्रतिशतभन्दा कम हुने छैन ।

४. अन्तर्वार्ताद्वारा मात्र पदपूर्ति हुने पदको लागि अन्तर्वार्ताको पूर्णाङ्क १०० हुनेछ ।

प्रदेश लोक सेवा आयोग नियमावली, अनुसूची-५

(नियम ३३ सँग सम्बन्धित)

प्रदेश लोक सेवा आयोग

## एकमुष्ट योग्यताक्रम सूची

सूचना नं.: ............ मितिः

आयोगको विज्ञापन नं. ................, ................ र ..............., ........... सेवा, .............. समूह ............. उपसमूह ........................तह......................पदमा नियुक्तिको लागि सिफारिश भएका उम्मेदवारहरुले प्राप्त गरेको कूल अंकको आधारमा मितिः .............. को निर्णयानुसार देहाय बमोजिमको एकमुष्ट योग्यताक्रम सूची सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गरिएकोछ ।

| योग्यताक्रम | रोल नं. | उम्मेदवारको नाम, थर | सिफारिश गरिएको वि.नं. | समावेशी/खुला | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

| ............... | .................... | ................. |
|---|---|---|
| तयार गर्ने | रुजु गर्ने | प्रमाणित गर्ने |

प्रदेश लोक सेवा आयोग नियमावली, अनुसूची-६

(नियम ३२ सँग सम्बन्धित)

## वैकल्पिक उम्मेदवारको संख्या

१. उम्मेदवारको नियुक्तिको लागि योग्यताक्रम सूची प्रकाशन गर्दा देहाय बमोजिमको संख्यामा वैकल्पिक उम्मेदवार समावेश गरी सूची प्रकाशन गर्नु पर्नेछ ।

| क्र.सं. | माग भएको रिक्त पदसंख्या | वैकल्पिक उम्मेदवारको संख्या |
|---|---|---|
| (१) | १ देखि ५ सम्म भएमा | २ |
| (२) | ६ देखि १०सम्म भएमा | ३ |
| (३) | ११ देखि १५ सम्म भएमा | ४ |
| (४) | १६ देखि २५ सम्म भएमा | ५ |
| (५) | २६ र सो भन्दा माथि जतिसुकै भएपनि- २० प्रतिशत | |

२. खण्ड (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि माग पद संख्या भन्दा बढी हुने गरी वैकल्पिक उम्मेदवार समावेश गरिने छैन ।

३. खण्ड (१) बमोजिम बैकल्पिक उम्मेदवारको संख्या निर्धारण गर्दा ०.५ (शून्य दशमलव पाँच) वा सो भन्दा बढी हुन आएमा मात्र पूर्ण अङ्क एक मान्नु पर्नेछ ।

४. एकीकृत परीक्षा प्रणाली अन्तर्गतको विज्ञापनको हकमा उम्मेदवारले उल्लेख गरेको प्राथमिकताक्रमको आधारमा सिफारिशको योग्यताक्रममा नपरेका सबै उम्मेदवार समावेश हुने गरी वैकल्पिक उम्मेदवारको सूची प्रकाशन गर्नु पर्नेछ ।

५. खण्ड (१) बमोजिम वैकल्पिक उम्मेदवारको सूची तयार गर्दा एकभन्दा बढी उम्मेदवारको अन्तिम प्राप्ताङ्क समान भएमा नियम ३० को उपनियम (२) बमोजिम योग्यताक्रम कायम गरी नतिजा प्रकाशन गर्नु पर्नेछ।

प्रदेश लोक सेवा आयोग नियमावली, अनुसूची-७

(नियम ३८ को उपनियम (१) को खण्ड (च) सँग सम्बन्धित)

**विभागीय सजायको परामर्श माग गर्दा भर्नु पर्ने फाराम**

१. **सजायको लागि प्रस्तावित कर्मचारीको,**

नाम थरः

कर्मचारी सङ्केत नं .:

बाबुको नामः

बाजेको नामः

आमाको नामः

बजैको नामः

पति वा पत्नीको नामः

श्रेणी/तहः

पदः

सेवा/समूह/उपसमूहः

स्थायी नियुक्ति मितिः

खाइपाई आएको तलब र वृद्धि (ग्रेड संख्या):

पाउन सक्ने अधिकतम तलब वृद्धि संख्याः

हालको पदमा बढुवा मितिः

खाइपाई आएको तलव रकमः

२. **विभागीय सजाय सम्बन्धी विवरण**

(क) प्रस्तावित सजायको विवरणः

(१) कर्मचारीले गरेको कसूरको छोटकरी विवरण र निज उपर लगाइएको अभियोगः

(सम्बन्धित ऐनको दफा र नियमावलीको नियम समेत उल्लेख गर्ने)

(२) प्रस्तावित सजायको विवरणः

(सेवा सम्बन्धी ऐनको दफा र नियमको नियम समेत उल्लेख गर्ने)

(ख) यसअघि विभागीय सजाय भए नभएकोः

(भएको भए )

(१) कुन कसूरमा सजाय भएको हो, कसूरको प्रकृति र मिति समेत छोटकरीमा उल्लेख गर्नेः

(२) प्रचलित कानूनको कुन दफासँग सम्बन्धित अभियोग लगाइएको हो, सो खुलाउनेः

(३) आयोगबाट परामर्श लिएको भए कुन मितिमा परामर्श प्राप्त भएको हो, सो समेत खुलाउनेः

३. <u>यसै प्रकृतिको कसूरमा यस अघि त्यस निकाय अन्तर्गतका अन्य कर्मचारीलाई विभागीय सजाय गरिएको भए सो खुलाउनेः</u>

४. <u>यसै कसूरमा संलग्न अन्य कर्मचारी भए सो को विवरण र निजहरु उपर लगाएको अभियोग वा सजायको विवरणः</u>

५. <u>सजाय गर्ने अधिकारीकोः</u>

नाम थरः .................................... सेवा/समूह/उपसमूहः .......................

पदः .......................................... श्रेणी/तहः......................................

कार्यालयः ...................................

६. <u>फाइल पठाउने अधिकृतकोः</u>

नाम थरः ........................................... दस्तखतः .........................................

पदः .................................................. मितिः ....................................

कार्यालयः ..........................................

प्रदेश लोक सेवा आयोग नियमावली, अनुसूची-८

(नियम ४० को उपनियम (१) को खण्ड (क) सँग सम्बन्धित)

**सेवा, समूह वा उपसमूह परिवर्तनका लागि भर्नुपर्ने फाराम**

(क) सेवा, समूह वा उपसमूह परिवर्तन गर्दा सम्बन्धित कर्मचारीले भर्नुपर्ने विवरण फाराम

(१) कर्मचारीको नाम, थर (संकेत नं.):

(२) हालको

(३) स्थायी ठेगानाः

(क) पद/तहः

(४) हालको उमेरः

(ख) सेवाः

(५) हाल कार्यरत कार्यालयको नामः

(ग) समूह/उपसमूहः

(६) ठेगानाः

(७) माथिल्लो शैक्षिक योग्यताः

(८) विशेष शैक्षिक योग्यताः

(९) शैक्षिक योग्यता सम्बन्धी विवरण (प्रमापत्रको प्रमाणित प्रति साथै पेश गर्नुपर्ने छ):

| सि.नं. | विद्यालय, महाविद्यालय, विश्वविद्यालयका नाम र ठेगाना | हासिल गरेको शैक्षिक योग्यता | उत्तीर्ण गरेको | | मुख्य विषयहरू | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | श्रेणी | वर्ष | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(१०) सेवा सम्बन्धी विवरण (अनुभव प्रयोजनार्थ कुनै विशेष अनुभव हासिल गरेको भए सो पनि विवरणमा स्पष्ट खुलाउने) नियुक्ति पत्रको प्रमाणित प्रति साथै पेश गर्नु पर्ने छ ।

| सि.नं. | कार्यालय | दर्जा/ श्रेणी | सेवा, समूह, उपसमूह | तह | नियुक्ति मिति | स्थायी/अस्थायी | प्रत्येक पदमा हासिल गरेको अनुभव | सरुवा, बढुवा वा छाडेको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

(११) तालिम (दक्षता/सीप प्रयोजनार्थ): (कुन विषयमा के कस्तो दक्षता वा तालिम हासिल गरेको हो सो विवरणमा स्पष्ट खुलाउने) प्रमाणपत्रको प्रमाणित प्रति साथै पेश गर्नुपर्ने छ ।

| सि.नं. | तालिम दिने संस्थाको नाम र ठेगाना | तालिम अवधि | | तालिमको | | उत्तीर्ण भएको | | तालिमको मुख्य विषयहरू | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | किसिम | विषय | श्रेणी | वर्ष | | |
| | | | | | | | | | |

(१२) सेवा, समूह वा उपसमूह, पद परिवर्तन हुन चाहेको मुख्य कारणः

(१३) सेवा परिवर्तन गर्न खोजेको:

(क) पदः

(ख) सेवाः

(ग) समूह, उपसमूहः

(घ) तह

कर्मचारीको दस्तखतः

नाम, थरः

कार्यालय :

मिति:

दायाँ औठाको छापः

(ख) अधिकृतस्तर कर्मचारीको हकमा सरुवा गरी लिने सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालयले र सहायकस्तरको हकमा सरुवा गरी लिने विभागीय प्रमुखले भर्ने फाराम:

(१) सरुवा गरिनेः

(क) कार्यालयको नामः

(ख) ठेगानाः

(२) सरुवाद्वारा पूर्ति गर्नुपर्ने पदको विवरणः

(क) पदको नामः

(ख) तहः

(ग) सेवाः

(घ) समूह, उपसमूहः

(३) हाल सरुवा गरिने सेवा, समूह वा उपसमूह अन्तरगत सम्बन्धित तहको दरबन्दी विवरणः

(क) हाल कायम दरबन्दी संख्याः

(ख) पदपूर्ति संख्याः

(ग) रिक्त पद संख्याः

(घ) सो मध्ये स्थायी पदपूर्ति गर्न आयोगमा माग भैसकेको भए सो संख्याः

(४) सो सेवा,समूहमा कर्मचारी अपर्याप्त भएको भन्ने कारण सहितको पुष्ट्याईः

(५) हाल सेवा,समूह वा उपसमूह परिवर्तन गरी ल्याउनु पर्ने कर्मचारीको दक्षता र विशेषज्ञता प्रमाणित गर्नेआधारहरूः

(६) सो पदको लागि चाहिने न्यूनतम शैक्षिक योग्यताः

(७) सो पदमा रही गर्नु पर्ने कार्य विवरणः

(८) सेवा, समूह वा उपसमूह परिवर्तन गर्न अनुमति दिने मन्त्रालय वा विभागको नामः

(९) अनुमति पत्रको संख्या र मितिः

(१०) सरुवा गरी ल्याउनु पर्ने कारण सहितको पुष्टयाईः

सरुवा गरी लिने सचिव/विभागीय प्रमुखको दस्तखतः

कार्यालयको छाप

नाम,थरः

दर्जाः

कार्यालयः

मितिः

## अनुसूची-८
## विभिन्न क्रियाकलाप झल्कने फोटोहरु



माननीय मुख्यन्यायाधीशज्यू बाट माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, माननीय प्रदेश सभा सभामुखज्यू लगायत विशिष्ट महानुभावहरुको उपस्थितिमा माननीय अध्यक्षज्यूलाई शपथ ग्रहण गराउँदै।



माननीय अध्यक्षज्यू बाट माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, माननीय मुख्यन्यायाधीशज्यू, माननीय प्रदेश सभा सभामुखज्यू लगायत विशिष्ट महानुभावहरुको उपस्थितिमा माननीय सदस्यज्यूहरुलाई शपथ ग्रहण गराउँदै।



प्रदेश लोक सेवा आयोगका माननीय अध्यक्षज्यू पद बहाली गर्नु हुँदै।




प्रदेश लोक सेवा आयोग को कार्यालय भवन।




पहिलो अन्तर प्रदेश लोक सेवा आयोग कार्याशाला गोष्ठीमा सहभागी प्रदेश नं. १, २, वागमती प्रदेश र प्रदेश नं. ५ का पदाधिकारी र कर्मचारीहरु वागमती प्रदेशका सभामुख मा. सानुकुमार श्रेष्ठज्यू लगायतका विशिष्ट महानुभावहरुको साथमा




अन्तरप्रदेश लोक सेवा आयोग प्रथम कार्यशाला गोष्ठिमा सम्बोधन गर्नुहुँदै माननीय अध्यक्षज्यू



प्रदेश सभा, सुशासन तथा योजना समितिको बैठकमा समितिका सभापति माननीय श्री अर्जुन राईज्यू, समितिका माननीय सदस्यज्यूहरु एवं आयोगका पदाधिकारी तथा कर्मचारीहरु सहभागी हुँदै



प्रदेश सभा, सुशासन तथा योजना समितिको बैठकमा समितिका माननीय सभापतिज्यू, माननीय सांसदज्यूहरु तथा आयोगका पदाधिकारीहरु सहभागी हुँदै

**प्रदेश लोक सेवा आयोग, प्रदेश नं.१, नेपाल**
विराटनगर-३, मोरङ, नेपाल,
फोनः ०२१-४६१४९२ (कार्यालय)
इमेलः *province1psc@gmail.com*
वेवसाईटः *http://www.psc.p1.gov.np*